# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १५ अंक ३० शनिबार, ७ चैत २०८२ SOURYA NATIONAL DAILY Saturday, 21 March 2026 पृष्ठ : ८ मूल्य रू. ५



नयाँ बसपार्कभित्र छिर्नै मान्दैनन् कतिपय सार्वजनिक बस



पृष्ठ २

कर्णाली सरकारको बजेट खर्च निराशाजनक



पृष्ठ ३

नयाँ सरकार सिंहदरबारमा, सरोकार घरघरमा



पृष्ठ ४

रेजिनले फेर्दै छ नेपाली कला र इन्जिनियरिङको स्वरूप



पृष्ठ ५


# के हुनुपर्छ नयाँ सरकारको प्राथमिकता ?

● **गोपीनाथ मैनाली**, *पूर्वसचिव*



सेवा प्रवाहको सहजीकरण, सरलीकरण गर्न सरकारले अभिभावकत्व लिनुपर्छ। एउटा आधिकारिक ट्रेड युनियन राखेर अरू सबै कर्मचारी युनियन खारेज गर्नुपर्छ। सरकारी बजेट विनियोजनका न्यायिक आधारहरू बनाएर काम सुरु गर्नुपर्छ। रोजगारीका क्षेत्र पहिचान गरेर स्वरोजगारी सिर्जना गर्ने स्पष्ट कार्यक्रम चाहिन्छ। बजेट र नीति कार्यक्रममा बोलेका कुराहरू कार्यान्वयन हुने गरी आउनुपर्‍यो। आयोजनाको प्राथमिकीकरण गर्नुपर्‍यो। संवैधानिक निकायमा राजनीतिक भागबन्डा अन्त्य गर्न सुरुआत गर्नुपर्छ।

● **डा. रूपक सापकोटा**, *परराष्ट्र मामिला विज्ञ*



नेपालले स्वतन्त्र, सन्तुलित र असलंग्न परराष्ट्र नीतिका आधारमा आफ्नो अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन गर्दै आएको दृष्टान्त छ। गत ७ दशकदेखि जुन प्रकारको अन्तर्राष्ट्रिय सम्बन्ध र विदेश नीति सञ्चालन गरिरहेको छ, त्यसभन्दा बाहिर जान सक्ने स्थिति छैन र जानु पनि हुँदैन। भूराजनीतिक अवस्थिति र अन्तर्राष्ट्रिय सम्बन्धको सिद्धान्तका आधारमा हेर्दा असंलग्न परराष्ट्र नीति, स्वतन्त्र र सन्तुलित विदेश नीतिलाई नै अंगिकार गर्नुपर्ने आवश्यकता छ। सैन्य, सामरिक प्रकारको गठबन्धन हिजो पनि नेपालले अस्वीकार गर्दै आएको छ।

● **नरबहादुर थापा**, *अर्थविद्*



बजेटको न्यायोचित कार्यान्वयन पहिलो प्राथमिकता हुनुपर्छ। जुन बजेट पारित भएको छ, त्यसको अक्षरशः कार्यान्वयन हुनुपर्‍यो। पुँजीगत खर्च बढ्नुपर्‍यो। पूर्वाधारमा जे-जति बजेट विनियोजन भएको छ, निकासा हुनुपर्छ। आयोजना रोकिनुहुँदैन। वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन संशोधन गरेर कृषिमा वैदेशिक लगानी भित्र्याउने नीति अवलम्बन गर्नुपर्‍यो। सेवा क्षेत्र पनि वैदेशिक लगानीका लागि खुला गर्नुपर्‍यो। त्यसो गर्न सके रोजगारी सिर्जना हुन्छ।

● **रामचन्द्र कार्की**, *अवकाशप्राप्त सहायक रथी, नेपाली सेना*



भदौ २३ र २४ को जेनजी आन्दोलनको मर्म र भावनाअनुरुप सरकार चल्न नसके पुनः शान्ति, सुरक्षा खल्बलिन सक्छ। पुराना दलले गरेको भ्रष्टाचार, विकृति र विसंगतिलाई सरकारले कुन रूपमा लिन्छ ? त्यसलाई चिरफार गर्नुपर्नेछ। चिरफार राम्रो हुन सकेन भने आन्तरिक सुरक्षा खल्बलिन्छ। जेनजी आन्दोलनपछि प्रहरीको मनोबल गिरेको छ। मनोबल उठाउनुपर्नेछ। नेपाली सेनाबारे मान्छेपिच्छे फरक-फरक विचार छन्। विचारलाई सकारात्मक ढंगले मोड्न सके सुरक्षा सुदृढ हुँदै जान्छ।

● **राम गुरुङ**, *राजनीतिक विश्लेषक*



सत्तापक्ष-प्रतिपक्षले समन्वय र सहकार्य पनि सँगसँगै गर्नुपर्छ। विगतमा सत्तापक्ष सत्तापक्ष जस्तो मात्रै हुने, प्रतिपक्ष प्रतिपक्ष जस्तो मात्रै हुँदा, राष्ट्रिय मुद्दामा एकठाउँमा नआउँदा कुरा बिग्रिएको हो। अबको संसद्लाई सहकार्य गर्ने थलोका रूपमा विकास गर्न पहिलो प्राथमिकता दिनुपर्छ। विगतका सरकारले ल्याएका राम्रो काम पनि बेवास्ता र खारेज गर्ने प्रचलन पनि छ। विगतका कामहरू, योजनाहरू खारेज गर्नुहुँदैन। त्यसलाई पनि अपनत्व लिएर अगाडि बढ्नुपर्छ।



■ **विक्रम रत्न**

काठमाडौं। २१ फागुनमा भएको प्रतिनिधिसभा चुनावको सम्पूर्ण नतिजा आइसकेको छ। निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणालीतर्फबाट निर्वाचित ११० जना सांसदहरूलाई प्रमाणपत्र दिएसँगै बिहीबार राष्ट्रपतिसमक्ष प्रतिवेदन पेस गरेको छ। यससँगै नयाँ सरकार गठन प्रक्रिया सुरु भएको छ। १२ चैतमा सांसदहरूको शपथ हुनेछ भने त्यसको भोलिपल्ट रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) ले प्रधानमन्त्रीको शपथ लिने तय भएको छ। यस चुनावबाट रास्वपा १८२ सिटसहित पहिलो दल बनेको छ। करिब दुईतिहाइ जनमत पाएको शक्तिशाली सरकारको नेतृत्व बालेनले गर्दै छन्।

२०१५ सालपछि पहिलो पटक यो स्तरमा सर्वाधिक मत ल्याएर रास्वपा बलियो शक्ति बनेको छ र शक्तिशाली सरकार बन्ने भएको छ। विगतका राजनीतिक अस्थिरतालाई चिर्दै यस पटक एकल बहुमतको स्थिर सरकार बन्ने भएको छ। कांग्रेसले ३८, एमालेले २५, नेकपाले १७, श्रम संस्कृति पार्टीले ७ र राप्रपाले ५ सिट जितेका छन्। १ जना स्वतन्त्र उम्मेदवार पनि निर्वाचित भएका छन्। रास्वपाको बलियो अंकगणितका कारण सरकार नबन्दै यसले लिने नीति, कार्यक्रम र गर्ने कामबारेको चासो व्याप्त छ।

गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनले तत्कालीन संसद्को पहिलो र दोस्रो ठुला दल कांगेस-एमालेको गठबन्धन सरकार ढाल्यो। जेनजी आन्दोलनको माग तत्कालीन सरकारले सामाजिक सञ्जालमा लगाएको प्रतिबन्ध फुकुवा गर्नुपर्ने, भ्रष्टाचारको अन्त्य गर्दै सुशासन कायम गर्नुपर्ने, नातावाद कृपावादको अन्त्य र रोजगारी सिर्जना थियो। आन्दोलनकै बलमा भएको चुनावबाट पुराना दल र पाका नेताहरूलाई पाखा लगाउँदै नयाँ दल र युवा नेताहरू उदाए। ▸▸▸ **बाँकी पृष्ठ ६**

## सुरक्षाकर्मीको मनोबल नफर्काई सरकार सफल हुँदैन

जेनजी आन्दोलनमा देशभरका प्रहरी चौकीहरूमा आगजनी भयो। प्रहरीमाथि आक्रमण भयो। त्यसयता प्रहरी संगठनको मनोबल गिर्दो अवस्थामा छ। नयाँ सरकारले सुरक्षा संयन्त्रलाई बलियो र प्रभावकारी बनाउन सर्वप्रथम प्रहरीको मनोबल बढाउनुपर्ने अवस्था छ। त्यस्तै, नेपाली सेनाप्रति पनि व्यक्तिपिच्छेका फरक-फरक धारणा रहेको भन्दै सुरक्षा मामिलाका जानकारहरूले त्यस विषयलाई पनि उचित ढंगले सम्बोधन गर्नुपर्ने बताएका छन्। नेपाली सेनाका अवकाशप्राप्त सहायक रथी रामचन्द्र कार्कीले जेनजी आन्दोलनको मर्म र भावनाअनुरूप आगामी सरकार नचले शान्ति सुरक्षा खल्बलिन सक्ने बताए। त्यस्तै, भ्रष्टाचार अन्त्यका लागि कदम नचाले पनि असन्तुष्टि पैदा हुन सक्ने भएकाले सरकारले त्यसतर्फ ध्यान दिनुपर्ने उल्लेख गरे। प्रहरीको गिरेको मनोबल उकास्ने र नेपाली सेनाप्रतिको नकारात्मक धारणालाई सकारात्मक बनाउनुपर्ने उनको भनाइ छ।

## आर्थिक सुधारका लागि ठोस योजना आवश्यक

सरकार गठनको १ महिनाभित्रै आर्थिक सुधार र दोस्रो पुस्ता सुधारका कार्यक्रम ल्याउनुपर्नेमा अर्थविद्हरूले जोड दिएका छन्। अर्थविद् नरबहादुर थापाले नयाँ सरकारको प्राथमिकता बजेटको कार्यान्वयन हुनुपर्ने बताए। पारित भएको बजेटको अक्षरशः कार्यान्वयन गर्दै पुँजीगत खर्च बढाउने र पूर्वाधार क्षेत्रमा विनियोजित बजेट निकासा हुनुपर्नेमा उनले जोड दिए। कुनै पनि आयोजना रोकिनु नहुने उनको भनाइ छ। वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन संशोधन गरेर कृषिमा वैदेशिक लगानी भित्र्याउने नीति अवलम्बन गर्ने, सेवा क्षेत्र पनि वैदेशिक लगानीका लागि खुला गर्नुपर्ने लगायत काम सरकारले गरेमा अपेक्षित रोजगारी सिर्जना गर्न सकिने उनको धारणा छ। वित्तीय क्षेत्रका कानुन सुधार गर्नुपर्नेमा पनि सरकारको ध्यान सुरुआती चरणमै पुग्नुपर्ने उनले बताए।

## सुशासन पहिलो प्राथमिकता : रास्वपा



राष्ट्रिय स्वतन्त्र पार्टीले आगामी सरकारको पहिलो प्राथमिकता सुशासन स्थापना नै भएको बताएको छ। रास्वपा सांसद गणेश पराजुलीले आगामी सरकारको पहिलो प्राथमिकता भ्रष्टाचार अन्त्य गर्दै देशमा सुशासन कायम गर्ने भएको स्पष्ट पारे। उनले पार्टीले गरेको नागरिक करार र बाचापत्र अनुरूप सुशासन स्थापनार्थ काम गर्ने दाबी गरे। सुशासन स्थापनाका लागि प्रविधिको प्रयोग गरिने उनको भनाइ छ। 'मुख्यगरी सरकारले सुशासनकै लागि काम गर्छ। सामाजिक न्यायका लागि, विकासका लागि, समृद्धिको यात्रा गर्न पनि सुशासन आवश्यक छ,' उनले भने, 'सुशासन कायम गर्नु सरकारको पहिलो प्राथमिकता र दायित्व हो।'

## जसरी हुन्छ, सेवा प्रवाह सहज हुनुपर्छ

रास्वपाले आफ्नो बाचापत्रमा सार्वजनिक निकायहरूमा हुने सेवा प्रवाहलाई सरलीकृत गर्ने, डिजिटाइजेसन गर्ने उल्लेख गरेको छ। आमनागरिकको कुरा पनि सेवा प्रवाह चुस्त, दुरुस्त होस् भन्ने चाहना छ। पूर्वसचिव गोपीनाथ मैनाली सरकारको पहिलो काम नै सेवा प्रवाहमा सहजीकरण र सरलीकरण हुनुपर्ने बताए। नयाँ सरकारले एउटा आधिकारिक ट्रेड युनियन राखेर अरू सबै कर्मचारी युनियन खारेज गर्नुपर्ने उनले बताए। आगामी आवको बजेट तयारी सुरु भइसकेको भन्दै उनले विगतमा नेताकेन्द्रित भएर बजेट जाने प्रणालीको अन्त्य गर्दै विनियोजनका न्यायिक आधारहरू बनाएर काम सुरु गर्नुपर्ने बताए। रोजगारीका क्षेत्र पहिचान गर्न विलम्ब गर्नु नहुने बताउँदै उनले आयोजनाहरूको प्राथमिकीकरण गर्ने, संवैधानिक निकायहरूमा मेरिटका आधारमा नियुक्त हुने गरी मापदण्ड बनाउने, प्रशासनिक नेतृत्व चयन गर्दा प्रशासन चलाउन सक्ने र राजनीतिक नेतृत्वलाई समेत सचेत गराउन सक्ने व्यक्तिलाई गर्नुपर्ने बताए।

## प्रतिपक्षसँग सहकार्य आवश्यक

राजनीतिक विश्लेषकहरूले प्रतिपक्षी दलहरूलाई सत्तारुढले केवल प्रतिपक्षीको जस्तो व्यवहार नगरेर राष्ट्रिय मुद्दाहरूमा सहमति र सहकार्य गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिएका छन्। संसद्लाई सहकार्य गर्ने थलोका रूपमा विकास गर्नुपर्नेमा उनीहरूको जोड छ। विगतका सरकारले ल्याएका राम्रा कामहरूलाई बेवास्ता र खारेज नगरी निरन्तरता दिनुपर्ने विश्लेषक राम गुरुङ बताउँछन्। विगतका सरकारले ल्याएका राम्रा कामहरूको अपनत्व लिएर अघि बढ्नुपर्नेमा उनले जोड दिँदै उनले स्थानीय तहमा राजनीतिक प्रभावमा भइरहेको बजेट विनियोजन पनि रोक्न सक्नुपर्ने बताए।

## परराष्ट्र नीतिमा सजगतासहित सम्बन्ध विस्तार आवश्यक

परराष्ट्रविज्ञहरूले स्वतन्त्र, सन्तुलित र असलंग्न परराष्ट्र नीतिका आधारमा आफ्नो अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन गर्दै आएको दृष्टान्त दिँदै सो नीतिलाई नयाँ सरकारले कायम राख्नुपर्ने बताएका छन्। भूराजनीतिक अवस्थिति र अन्तर्राष्ट्रिय सम्बन्धको सिद्धान्तका आधारमा पनि हालको नीतिलाई कायम राख्दै जानुपर्ने उनीहरूको धारणा छ। परराष्ट्रविज्ञ डा. रूपक सापकोटाले नयाँ सरकारले असंलग्न परराष्ट्र नीति, स्वतन्त्र र सन्तुलित विदेश नीति अंगीकार गर्नुपर्ने आवश्यकता रहेकाले सोहीअनुरूप अघि बढ्नुपर्ने बताए। यद्यपि विकास र समृद्धिको आकांक्षा पूरा गर्न भने वैदेशिक सम्बन्धमा अझ बढी सक्रियता बढाउनुपर्ने उनको भनाइ छ। सरकार वैदेशिक पुँजी प्राप्त गर्न र लगानीमैत्री वातावरण बनाउन केन्द्रित हुनुपर्नेमा जोड दिँदै उनले नेपालले सैन्य र सामरिक प्रकारको गठबन्धन अस्वीकार गर्दै आएको पनि स्मरण गराए।

**कांग्रेसको चुनावी समीक्षा**

# 'चरम गुटबन्दी र वितृष्णाले लज्जास्पद हार, एमालेसँगको गठबन्धन सबैभन्दा घातक'



■ **सौर्य समाचार**

काठमाडौं। शुक्रबार बसेको केन्द्रीय कार्यसमिति बैठकमा कांग्रेसले प्रतिनिधिसभा निर्वाचनमा भोगेको पराजयको प्रारम्भिक समीक्षा गरेको छ। उपसभापति विश्वप्रकाश शर्माले प्रारम्भिक समीक्षा प्रतिवेदन पेस गर्दै पार्टी पराजय हुनुमा चरम गुटबन्दी र वितृष्णा भएको उल्लेख गरेका छन्। शर्माको २७ बुँदे चुनावी समीक्षासम्बन्धी राजनीतिक प्रतिवेदनमा कांग्रेस-एमालेको गठबन्धनबाट सरकार बनाउनु कांग्रेसको अर्को ठुलो गल्ती भएको समेत उल्लेख छ।

'हामीले जायज प्रश्नहरूलाई पनि नजरअन्दाज गर्‍यौं। कतिपय बेला फरक मतका नाममा गुटबन्दीको अभ्यास चर्कैसँग गर्‍यौं। विचार समूहलाई समर्थन गरिरहँदा विचारलाई होइन, व्यक्तिलाई केन्द्रमा राख्यौं। विमति पनि हामीले तर्कसँग होइन, व्यक्तिसँग राख्यौं,' शर्माको प्रतिवेदनमा भनिएको छ, 'गुटबन्दीको यो चित्र प्रायः सबै दलभित्र उस्तैउस्तै चरित्रका रूपमा विद्यमान थिए। जसबाट पार्टीका इमानदार सदस्यहरू आजित थिए, अनि नागरिक पंक्तिमा गुटबन्दीको स्वरप्रति वितृष्णा थियो।' ▸▸▸ **बाँकी पृष्ठ ६**

### गगन थापाको राजीनामा अस्वीकृत गर्ने प्रस्ताव पेस

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पदबाट दिएको राजीनामा केन्द्रीय कार्यसमिति बैठकले अस्वीकार गर्ने भएको छ। शुक्रबार बसेको केन्द्रीय कार्यसमिति बैठकमा सभापति थापाले दिएको राजीनामा अस्वीकृत गर्ने प्रस्ताव पेस भएको हो। सभापति थापाले बुधबार मात्रै उपसभापति विश्वप्रकाश शर्मासमक्ष आफ्नो राजीनामा पेस गरेका थिए। तर, शुक्रबारको केन्द्रीय समितिको बैठकमा उपसभापति शर्माले थापाको राजीनामा र त्यसलाई अस्वीकार गर्ने विभिन्न कारणसहित प्रस्ताव पेस गरेका थिए। उक्त प्रस्तावलाई आइतबार बस्ने केन्द्रीय कार्यसमितिको अर्को बैठकले पारित गर्ने कांग्रेसको तयारी छ। विशेष महाधिवेशनबाट पार्टीको नयाँ नेतृत्व आएको ५० दिनको छोटो अवधिमा कसैले पनि दिग्विजयको परिणाम खोज्नु उपयुक्त नहुने भन्दै शर्माले आफ्नो प्रस्तावमा भनेका छन्, 'विशेष महाधिवेशनबाट पार्टीको नयाँ नेतृत्व आएको ५० दिनको छोटो अवधिमा कसैले पनि दिग्विजयको परिणाम खोज्नु युक्तिसंगत र व्यक्तिप्रति न्याय हुन्न, प्रतिकूलता चिरेर पार्टीलाई अनुकूलतामा पुर्‍याउने कमान्ड छाडेर सभापतिले पदत्याग गर्नु संगठनप्रति न्याय हुन्न। नैतिक जिम्मेवारी अनुभूत गर्ने सभापतिको भावनालाई उच्च कदर गर्दै राजीनामा अस्वीकृत गर्ने निर्णय बैठकले गर्नुपर्छ।'

### थापाको राजीनामा अस्वीकृत गर्न शर्माले राखेका ७ तर्क

- कांग्रेस निर्वाचनमा पहिलो दल बन्न सकेन, तर कांग्रेसको मूल नीतिको विजय भएको छ
- दोस्रो दल बनिरहँदा कांग्रेसले संसद्मा जिम्मेवार प्रतिपक्षको भूमिका पाएको छ
- पराजय हुँदा पनि दृढ ढंगले अघि बढेर सकारात्मक गर्न सकिन्छ भन्ने ऊर्जा देखिएको छ
- विशेष महाधिवेशन नगरी चुनावमा गएको भए योभन्दा खराब अवस्था आउने थियो
- परिवर्तनको सन्देशसहित चुनावमा जाँदा शून्य परिणामको दुर्दशाबाट जोगियो
- विशेष महाधिवेशनसँग असहमति राख्नेहरू पनि अहिले एकमत भएका छन्
- नयाँ ढंगबाट अघि बढेर, विगतमा गरेका राम्रा काम नागरिकसम्म पुर्‍याउन समय मिलेको छ

# होर्मुज स्ट्रेटबाट पक्राउ परेका एक नेपाली इरानी सेनाको कब्जामा

■ **सौर्य समाचार**



काठमाडौं। इरान र इजरायलबीच बढ्दो तनावका बीच खाडी क्षेत्रको रणनीतिक जलमार्ग 'स्ट्रेट अफ होर्मुज' क्षेत्रबाट १ जना नेपाली पक्राउ परेका छन्। परराष्ट्र मन्त्रालयले शुक्रबार पत्रकार सम्मेलन गर्दै होर्मुज क्षेत्रबाट १ नेपाली पक्राउ परेको र पक्राउ परेका व्यक्ति धनुषाका अमृत झा रहेको जानकारी दिएको हो। झा हाल इरानी सेनाको कब्जामा छन्। होर्मुज क्षेत्रमा इरानले एउटा व्यापारिक जहाज नियन्त्रणमा लिएको थियो। परराष्ट्र मन्त्रालयका पश्चिम एसिया महाशाखा प्रमुख रामकाजी खड्काले त्यसबारे पुष्टि गर्दै उक्त जहाजमा कार्यरत झासहित सबै 'क्रू मेम्बर'लाई इरानी सेनाले नियन्त्रणमा लिएको जनाए। अमृत उक्त जहाजमा प्राविधिक कर्मचारीका रूपमा कार्यरत थिए। इरानी रिभोलुसनरी गार्ड्सले इजरायलसँग सम्बन्ध रहेको दाबी गर्दै उक्त जहाज होर्मुज जलमार्गबाट आफ्नो नियन्त्रणमा लिएको थियो। झाको परिवारले उनी सम्पर्कविहीन भएपछि परराष्ट्र मन्त्रालयमा खोजीका लागि निवेदन दिएका थिए। त्यसपछि मन्त्रालयले तेहरानस्थित नेपाली दूतावासमार्फत् उनको अवस्था बुझेको र उनको रिहाइका लागि पहल गरिरहेको खड्काले बताए।

### उद्धारका लागि ८२ हजार नेपालीले दर्ता गराए विवरण

परराष्ट्र मन्त्रालयले कन्सुलर सेवा विभागको अनलाइन दर्ता प्रणालीमा हालसम्म मध्यपूर्वबाट ८२ हजार १०० जना नेपाली नागरिकले उद्धार तथा सहजीकरणका लागि आफ्नो विवरण दर्ता गराएका छन्। मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्रीका अनुसार अनलाइन दर्ता प्रणालीमा दर्ता भएकामध्ये करिब ६ हजार जनाले सुरुमा आफूहरू असुरक्षित रहेको जानकारी गराएका थिए। तर, पछिल्ला दिनमा असुरक्षित महसुस गर्नेको संख्या उल्लेख्य रूपमा घटेको उनले बताए। प्रवक्ता क्षेत्रीले हाल कुनै पनि नेपाली नागरिक विदेशका ट्रान्जिटमा नरहेको बताउँदै जेद्दामा रहेका ५२ जना हजयात्रीसमेत स्वदेश फर्किसकेको र मध्यपूर्वमा रहेका नेपाली नागरिकको सुरक्षामा गम्भीर रहेर आवश्यक परेको खण्डमा उद्धारका लागि समेत तयार रहेको बताए। मन्त्रालयले आफ्ना १० वटै नियोगमार्फत् समस्यामा परेका नेपालीको अवस्थाबारे निरन्तर जानकारी लिने र आवश्यक समन्वय गर्ने काम भइरहेको उनले जनाए।

# बालेनसहित झापाबाट १२ सांसद, न लामो राजनीतिक अनुभव न विरासत !

## लामो राजनीतिक इतिहास बोकेको जिल्लाबाट सांसद बनेकाहरु न कुनै राजनीतिक विरासत र पृष्ठभूमिका हुन्, न त आफैंले लामो अनुभव संगालेका छन्

■ **राजेन्द्र गौतम**

झापा। कुनै राजनीतिक उलटफेर नभए संघीय संसद्मा यस पटक प्रधानमन्त्रीसहित १२ जना सांसदले झापाको प्रतिनिधित्व गर्ने पक्का भएको छ। त्यसमा ८ जना महिला र ४ जना पुरुष छन्। राजनीतिमा महिलाको प्रतिनिधित्व न्यून रहेको यथार्थलाई उल्टाउँदै झापाले नयाँ रेकर्ड कायम गरेको छ। झापाबाट संघीय संसद्मा पुरुषभन्दा दोब्बर महिलाको प्रतिनिधित्व भएको छ। प्रतिनिधित्वको दृष्टिले यो उत्साहप्रद हो। तर, बाह्रै जना सांसदको राजनीतिक अनुभव भने न्यून छ।

प्रधानमन्त्री र दर्जन संख्यामा झापाले सांसद पाए पनि राजनीतिक अनुभवको भने खडेरीजस्तै देखिएको छ। प्रधानमन्त्री बन्न लागेका बालेन्द्र शाह (बालेन) खासै अनुभवी राजनीतिकर्मी होइनन्। र्‍यापरका रूपमा चर्चित बालेन २०७९ मा जनप्रतिनिधि बनेका हुन्। उनको राजनीतिक पृष्ठभूमि छैन। उनी काठमाडौं महानगरको प्रमुख निर्वाचित हुँदा लौरो चिह्नवाहक स्वतन्त्र उम्मेदवार थिए। मुलुकको संघीय राजधानी रहेको सहर काठमाडौंको मेयर निर्वाचित भएपछि मात्रै नेपाली राजनीतिमा उनको चर्चा सुरु भएको हो, त्यो पनि निर्दलीय। यद्यपि, २१ फागुनमा भएको प्रतिनिधिसभा चुनावमा करिब ६ दशक लामो राजनीतिक अनुभव भएका एमाले अध्यक्ष केपी शर्मा ओलीलाई नराम्ररी पाखा लगाएपछि बालेनको चर्चा ह्वात्तै चुलियो। प्रस्तावित प्रधानमन्त्रीका रूपमा रास्वपाले बालेनलाई ओलीसँग चुनाव लडाएपछि झापा-५ स्वदेशमा मात्रै होइन, विदेशमा पनि चर्चित बन्यो। बालेन प्रधानमन्त्री बन्ने भएपछि त उनको चर्चा झनै चुलिएको छ।

बालेनपछि नेपाली राजनीतिमा थोरै छाएकी पात्र हुन्– इन्दिरा रानामगर। कैदीबन्दी बालबालिकाको उद्धार र पुनर्स्थापनाको क्षेत्रमा लामो अनुभव भएकी रानाको राजनीतिक यात्रा पनि २०७९ को चुनावपछि रास्वपाले समानुपातिक सांसद बनाएपछि मात्रै सुरु भएको हो। उनी रास्वपामा कसरी र कहिलेबाट आबद्ध भइन्, त्यो पनि अहिलेसम्म गुमनाम नै छ। उनी पार्टीको केन्द्रीय सदस्यको जिम्मेवारीमा छिन्, त्यसमा पनि निरन्तरता छैन। उपसभामुखले राजनीतिक आबद्धता त्याग्नुपर्ने नियमअनुसार केन्द्रीय सदस्यको जिम्मेवारी त्यागेको र उपसभामुखबाट हटेपछि पार्टीको साविक जिम्मेवारीमा फर्किएको रास्वपा झापाका एक नेताले बताए। उनले भने, 'राजनीतिक जिम्मेवारीभन्दा पनि संघर्ष र कामलाई हेर्ने हो। उहाँको योगदानले नै स्पष्ट हुन्छ, उहाँ मुलुककै अग्रणी महिला हो।'

करिब ३ वर्ष उपसभामुख हुँदा पनि उनी विवादमुक्त हुन भने सकिनन्। भिजिट भिसा प्रकरणमा उनको नाम मुछियो। उपसभामुख हुँदा उनले आफूसँगै अमेरिका जान नेपालस्थित अमेरिकी दूतावासमा असम्बन्धित ५ जनाको अन्तर्वार्ता मिलाइदिन पत्र लेखेर पदीय दुरुपयोग गरेको आरोप खेप्नुपरेको थियो। इन्दिरालाई त्यसबेला कांग्रेस-एमालेले महाअभियोग लगाउने कसरत पनि गरेका थिए। ▸▸▸ **बाँकी पृष्ठ ६**



निशा डाँगी



इन्दिरा रानामगर



प्रकाश पाठक



शम्भु सुस्केरा



बालेन शाह



रमेश प्रसाई



ज्वाला संग्रौला



खुश्बु ओली



मनमाया विश्वकर्मा



सुशीला ढकाल



नीता घतानी



अम्बिकादेवी संग्रौला

## महानगरको निर्णय कार्यान्वयनमा बेवास्ता

# नयाँ बसपार्कभित्र छिर्नै मान्दैनन् कतिपय सार्वजनिक बस



अच्युत रेग्मी

काठमाडौँ । सरकारले देशभरबाट यात्रु बोकेर काठमाडौँ आएका सार्वजनिक सवारीसाधनलाई पार्किङ गर्न केन्द्रीय बसपार्क (नयाँ बसपार्क) निर्माण गरेको छ । ठुलो लगानीमा बसपार्क बनाइए पनि सार्वजनिक सवारीसाधन भने बसपार्क बाहिरबाटै सञ्चालन हुँदै आएका छन् । सार्वजनिक यातायात व्यवस्थापन तथा सुधारका लागि काठमाडौँ महानगरपालिकाको पहलमा २०५० सालमा नयाँबसपार्क स्थापना भए पनि कतिपय सवारीसाधन भने हाल पनि नयाँबसपार्क बाहिरै पार्किङ बनाएर सञ्चालन हुँदै आएका हुन् ।

काठमाडौँ महानगरले २०८० जेठ १९ मा एक सूचना प्रकाशित गरी काठमाडौँको ट्राफिक व्यवस्थापनलाई सहज बनाउनका लागि सोही वर्षको १ असारदेखि नयाँबसपार्क बाहिरबाट सञ्चालन हुँदै आएका सम्पूर्ण यात्रुवाहक सवारीसाधनलाई बसपार्कभित्रबाट सञ्चालन गर्ने निर्णय गरेको थियो । उक्त निर्णयसँगै केही सवारीसाधन नयाँ बसपार्कभित्रबाट सञ्चालन हुन थाले पनि केही सार्वजनिक सवारीसाधन भने हालसम्म पनि नयाँबसपार्क बाहिरबाटै सञ्चालन हुँदै आएका छन् । मधेस-प्रदेश, बागमती प्रदेशको दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रामेछाप, नुवाकोट, रसुवा, धादिङ, मकवानपुरलगायत स्थानमा सञ्चालन हुने सार्वजनिक सवारीसाधन नयाँबसपार्कभित्रबाट सञ्चालन हुँदैनन् ।

मधेस प्रदेशका अधिकांश जिल्लामा जाने सवारीसाधन पशुपति, गौशाला, चाबहिल र धोविखोला करिडोरबाट सञ्चालन हुन्छन् । दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र रामेछाप सञ्चालन हुने सवारीसाधन कोटेश्वरमा अस्थायी बसपार्क बनाएर सञ्चालन हुँदै आएको छ । यस्तै, रसुवा, नुवाकोट, धादिङ चल्ने सवारीसाधन माछापोखरी सडक र मकवानपुर चल्ने सवारीसाधन बल्खुबाट सञ्चालन हुँदै आएको छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका महासचिव डेकनाथ गौतम नारायणी पश्चिमका सबै सार्वजनिक बस नयाँबसपार्कबाट सञ्चालन हुँदै आए पनि नारायणी पूर्व र छोटो दुरीका सवारीसाधनले भने निर्णय पालना गर्न नसकेको बताउँछन् । 'काठमाडौँ महानगरका तत्कालीन प्रमुख बालेन शाहसहित यातायात व्यवसायी, ट्राफिक प्रहरी, लोत्से बहुउदेश्यीय प्रालिका प्रतिनिधि बसेर सबै सार्वजनिक सवारीसाधन नयाँबसपार्कबाट सञ्चालन गर्ने निर्णय भएको थियो, उक्त निर्णय कार्यान्वयनमा समस्या भएको छ,' उनी भन्छन् । गौतम यातायात व्यवसायीको अस्वस्थ प्रतिस्पर्धाका कारण निर्णय कार्यान्वयनमा समस्या परेकाले ट्राफिक प्रहरी र महानगरले ट्राफिक व्यवस्थापनका लागि निर्णय कार्यान्वयन गराउनुपर्ने र व्यवसायीले पनि सहयोग गर्नुपर्ने उनले बताए ।

महासचिव गौतमले भने, 'सर्वपक्षीय बैठकले गरेको निर्णय कार्यान्वयन गर्न आफूहरूलाई कुनै समस्या छैन । सार्वजनिक सवारीसाधन नयाँबसपार्कबाट सञ्चालन नहुँदा स्थानीय सवारीसाधनलाई समेत असर परेको छ । यस विषयमा सबै गम्भीर बन्नुपर्छ ।' ट्राफिक प्रहरीले गत मंसिर १८ गते काठमाडौँ उपत्यकामा हुने जाम व्यवस्थापन गर्न लामो दुरीका दिवा तथा रात्रिकालीन सार्वजनिक सवारीसाधनलाई नयाँबसपार्कबाट सञ्चालन गर्ने व्यवस्था लागू गरेको थियो ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक (एसपी) नरेशराज सुवेदी नयाँबसपार्कभित्र जान नमान्ने सवारीसाधनलाई ट्राफिक प्रहरीले कारबाही गर्दै आएको बताउँछन् । 'लामो दुरीका दिवा तथा रात्रिबस नयाँबसपार्कभित्र नजाँदा काठमाडौँ उपत्यकाको ट्राफिक व्यवस्थापनमा समस्या हुँदै आएको छ । ट्राफिक जामलगायत समस्या समाधान गर्न उक्त व्यवस्था गरेका हौँ,' उनी भन्छन् । प्रवक्ता सुवेदीले लामो दुरीका दिवा तथा रात्रिकालीन सवारीसाधनलाई गन्तव्यस्थलसम्म पुगे नपुगेका विषयमा आफूहरूले काठमाडौँ भित्रिने नाकाबाटै निगरानी बढाउँदै आएको र गन्तव्यस्थलसम्म नपुग्ने सवारीसाधनलाई कारबाही गर्ने गरिएको बताए ।

'बाटो इजाजतअनुसारको गन्तव्यमा नगई जथाभावी पार्किङ गरी ट्राफिक व्यवस्थापनमा असर पुर्‍याउने सवारीसाधनलाई ट्राफिक प्रहरीले यातायात व्यवस्था ऐन, २०४९ को दफा ७५ अनुसारको कसुर अनुसार कारबाही गरिरहेको छ । उक्त कसुरविपरीत गर्ने सवारीसाधनलाई १ हजारदेखि ५ हजार रुपैयाँसम्म कारबाही गर्दै आएको छ,' उनको भनाइ छ । काठमाडौँ महानगरका प्रवक्ता नवीन मानन्धर काठमाडौँभित्रको सार्वजनिक यातायातलाई व्यवस्थित बनाउन महानगर लागिरहेको बताउँछन् । 'काठमाडौँ महानगरभित्रको यातायातलाई व्यवस्थित ढंगले सञ्चालन गर्नका लागि महानगरपालिकाले ट्राफिक प्रहरी, यातायात व्यवसायी तथा मजदुरसँग सहकार्य गरिरहेका छौँ,' उनी भन्छन् ।

प्रवक्ता मानन्धरले चक्रपथ वरपर राखिएका धेरैजसो टिकट काउन्टर हटाइसकिएको र बाँकी काउन्टरलाई पनि चाँडो हटाएर व्यवस्थित महानगर बनाउने लक्ष्य रहेको बताए । काठमाडौँ उपत्यकाभित्र प्रवेश गर्ने सार्वजनिक सवारीसाधनलाई व्यवस्थित तथा पार्किङ गर्न महानगरपालिकाले २०५६ सालमा लोत्से बहुउद्देश्यीय प्रालिसँग सम्झौता गरी नयाँ बसपार्क सञ्चालनमा ल्याएको थियो । १६१ रोपनी क्षेत्रफलमा फैलिएको उक्त बसपार्कमा ८०० भन्दा बढी सार्वजनिक सवारीसाधन राख्न मिल्ने क्षमता छ ।

ट्राफिक प्रहरी कार्यालयका अनुसार हाल काठमाडौँ उपत्यकामा झन्डै १८ लाख हाराहारीमा सवारीसाधन सञ्चालनमा छन् भने झण्डै २ हजार ट्राफिक जनशक्ति कार्यरत छन् । पछिल्लो समय मुलुकको राजधानी काठमाडौँलगायत देशभर निजी तथा सार्वजनिक सवारीसाधनको संख्या वृद्धि हुँदा र बाटो साँघुरो हुँदा ट्राफिक व्यवस्थापनमा चुनौती थपिँदै गएको छ ।

# इलामको पाथीभरामा ३ वर्षमा ४ करोड ६४ लाखभन्दा बढी भेटी संकलन

राम योङहाङ



इलाम । इलामको रोङ गाउँपालिका-३ कुटीडाँडास्थित पाथीभरामा ३ वर्षमा ४ करोड ६४ लाख २५ हजार ७८२ रुपैयाँ भेटी संकलन भएको छ । सानो पाथीभरा मन्दिरले परिचित यहाँ आर्थिक वर्ष २०७९/०८० को फागुन १ देखि आव २०८२/०८३ फागुन मसान्तसम्म सो परिमाणमा भेटी संकलन भएको रोङ गाउँपालिका अध्यक्ष मनिकुमार स्याङ्बोले जानकारी दिए । उनका अनुसार आव २०७९/०८० मा ८५ लाख २८ हजार १८७, आव २०८०/०८१ मा १ करोड ५६ लाख ६१ हजार ४८८, आव २०८१/०८२ मा १ करोड ३८ लाख ११ हजार ५६० र चालु आव २०८२/०८३ को फागुन मसान्तसम्म ८४ लाख २४ हजार ५४७ रुपैयाँ भेटी संकलन भएको छ ।

स्वदेश तथा विदेशबाट पाथीभरा मन्दिर दर्शनका लागि आउने भक्तजनले भेटीका रूपमा चढाएको रकम संकलन गरिएको उनले बताए । यस्तै सो अवधिमा लाखौँ मुल्यको धातुहरूसमेत संकलन भएको छ । सो अवधिमा ८ तोला १२ आना १ लाख सुन र ३०७ तोला चाँदी (शुद्धीकरण पछि) संकलन भएको अध्यक्ष स्याङ्बोले जानकारी दिए । शुद्धीकरण गर्न बाँकी रहेका काँसको घण्टी १३६७ किलोग्राम, तामाको त्रिशूल ५३२ किलोग्राम, तामाको लोटी १०६ किलो, दियो २९१ किलो, मानापाथी १११ किलो, पित्तलको थाली/प्लेट/बत्ती २२ किलो र झर्के थाल/लोटाहा २८ किलो संकलन भएको छ ।

### प्राप्त आम्दानी पाथीभराकै विकासमा खर्च

रोङ गाउँपालिकाले पाथीभरा मन्दिरबाट प्राप्त आम्दानी पाथीभराकै विकास, संरक्षण एवं व्यवस्थापनमा खर्च गर्दै आएको छ । पाथीभरबाट प्राप्त आम्दानीमा रोङ गाउँपालिकाको बजेटबाट थप गरेर गाउँपालिकाबाट वार्षिक बजेट तथा कार्यक्रममार्फत पूर्वाधार विकास र संरक्षणमा लगानी गर्दै आएको अध्यक्ष स्याङ्बोले बताए । 'पाथीभरामा स्वदेश तथा विदेशबाट आउनुभएका भक्तजनहरूले दिनुभएको सहयोग यही क्षेत्रको विकास, संरक्षण एवम् व्यवस्थापनमा खर्च गर्दै आएका छौँ,' उनले भने, 'यहाँबाट संकलित रकमबाहेक गाउँपालिकाको बजेटबाट समेत रकम थपेर यसको पूर्वाधार विकार र संरक्षणको काम गर्दै आएका छौँ ।'

अध्यक्ष स्याङ्बोका अनुसार मन्दिरमा रिटर्निङ वाल, पूजा सामग्री बिक्री केन्द्र निर्माण, पुजारी किचन, कार्यालय एवं भण्डारकक्षसहितको भवन निर्माण, नजिकै हाँसपोखरीको ब्युटीफिकेसन, हाँसपोखरीमा पूजा सामग्री विक्री केन्द्र निर्माण, सिंहदेवी मन्दिर प्रांगण व्यवस्थापन, कुँटीडाँडाको ब्युटिफिकेसन, सार्वजनिक शौचालय निर्माण, पाथीभरा भवन रङरोकन, मर्मतसम्भार र व्यवस्थापन, मन्दिर जाने सिँढी निर्माणलगायतको काम गरिएको छ ।

रोङ गाउँपालिकाले २०७९ फागुन १ देखि पाथीभरा संरक्षण तथा व्यवस्थापन ऐन, २०७९ लागू गरी पाथीभरा मन्दिरको सञ्चालन तथा व्यवस्थापन गर्दै आएको छ । पालिकाले दिलीपकुमार राईको अध्यक्षतामा पाथीभरा संरक्षण तथा व्यवस्थापन समिति गठन गरी पाथीभराको संरक्षण एवं प्राप्त भेटी र जिन्सीको व्यवस्थापन गर्दै आएको छ । सो मन्दिरबाट संकलन भएको भेटी गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा हुँदै आएको अध्यक्ष राईले बताए । त्यसअघि एक गैरसरकारी संस्थाको नाममा सञ्चालन हुँदै आएको थियो ।

उक्त समयमा मन्दिरबाट संकलन भएको भेटी अनियमितता भएको भन्दै रोङ गाउँपालिकाले प्रश्न उठाएको थियो । रोङ गाउँपालिकाले ताकेता गरेपछि त्यस समयमा जिल्ला प्रशासन कार्यालय इलामले छानबिन समिति गठन गरेको थियो । छानबिनको क्रममा ८८ लाख हिनामिना भएको प्रतिवेदन सार्वजनिक भएको थियो । उक्त प्रतिवेदनमा चित्त नबुझेको भन्दै पुरानो समितिले उच्च अदालत विराटनगर, इलाम इजालसमा रिट दायर गर्‍यो । उच्च अदालतले उक्त समितिलाई सफाइको मौका नदिई असुल उपरको ताकेता गरेको भन्दै रिट जारी गर्‍यो । त्यसपछि सफाइको प्रमाणको आधारमा पुनः प्रमाणलाई अध्ययन गरी हुन आउने रकम असुल गर्न अदालतले २७ साउनमा आदेश दिएको थियो । उक्त आदेशपछि जिल्ला प्रशासन कार्यालय इलामले छानबिन समिति गठन गरी काम गरिरहेको छ । पाथीभरा मन्दिर मेची राजमार्गअन्तर्गत कुटीडाँडा बजारबाट १ किलोमिटर माथिको डाँडामा पर्दछ ।

# आँधीबेहरी र वर्षाले आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडान प्रभावित

सौर्य समाचार

काठमाडौँ । प्रतिकूल मौसमका कारण देशभरका आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान प्रभावित भएका छन् । शुक्रबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भारतको नयाँ दिल्ली उडान गर्ने क्रममा रहेको नेपाल वायुसेवा निगमको जहाज धावनमार्गबाट पुनः एप्रोनमा फर्काइएको छ । उक्त उडानमा करिब १४० यात्रु थिए र निर्धारित उडान समय पौने २ बजे तोकिएको थियो । खराब मौसमका कारण जहाज साँझ करिब ५ बजे मात्र उड्ने तयारीमा थियो, तर चालक दलले सुरक्षा प्राथमिकतामा राख्दै जहाजलाई एप्रोनमा फर्काउने निर्णय गरेका थिए ।

विमानस्थलका प्रवक्ता सन्तुष्टकुमार बस्नेतका अनुसार काठमाडौँ प्रवेश गर्ने हवाई रुटमा दृश्यता करिब ४ हजार मिटर भए पनि गर्जन चट्याङसहितको आँधीबेहरी ल्याउने क्युमुलोनिम्बस बादल अत्यधिक सक्रिय रहँदा उडान जोखिमपूर्ण बनेको छ । यस कारण कम्तीमा १ दर्जन आन्तरिक उडान डाइभर्ट भएका छन् । भैरहवाबाट काठमाडौँ आउँदै गरेको बुद्ध एयरको एटिआर विमान जनकपुर फर्किएको छ भने झापाको चन्द्रगढीबाट आएको विमान चन्द्रगढीमै फर्किएको छ । विराटनगरबाट उडेको बुद्ध एयरको अर्को विमान पनि विराटनगरमै फर्काइएको छ भने यति एयरलायन्सको विराटनगर-काठमाडौँ उडान समेत त्यहीँ फर्काइयो । अन्तर्राष्ट्रिय उडानतर्फ, चाइना इस्टर्न एयरलाइन्सको कुन्मिङ-काठमाडौँ उडान कुन्मिङमै फर्काइएको छ भने दिल्ली-काठमाडौँ उडान गर्ने इन्डिगो एयरको जहाज लखनऊ डाइभर्ट गरिएको छ । यसैगरी, श्री एयरलाइन्सको धनगढी-काठमाडौँ उडान खराब मौसमका कारण धनगढीमै फर्काइएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले मौसम सुधार भएपछि मात्र प्रभावित उडानको पुनः सञ्चालन गरिने जनाएको छ । विमानस्थलका अधिकारीहरूले यात्रु तथा चालक दलको सुरक्षा प्राथमिकतामा राखेर उडान व्यवस्थापन गरिरहेको बताउँदै आगामी दिनमा मौसम अनुकूल भएमा सामान्य उडान सञ्चालनमा फर्किने जानकारी दिएका छन् ।

# राष्ट्रिय किताबखानामा अब एकीकृत डिजिटल निवृत्तभरण सेवा

सौर्य समाचार

ललितपुर । राष्ट्रिय किताबखानाले एकीकृत 'डिजिटल' निवृत्तभरण (पेन्सन) सेवा सुरु गरेको छ । राष्ट्रिय किताबखानाले शुक्रबार औपचारिक कार्यक्रम आयोजना गरी निवृत्तभरणका सबै काम डिजिटल प्रणालीबाट हुने गरी सेवाको शुभारम्भ गरेको हो । राष्ट्रिय किताबखानाका महानिर्देशक श्रवणकुमार पोखरेलका अनुसार अबदेखि राजीनामा वा अनिवार्य अवकाशमा जाने कर्मचारीले आफूले पाउने निवृत्तभरण, उपदानलगायतका सेवाका लागि राष्ट्रिय किताबखाना धाइरहनु पर्दैन । 'राष्ट्रिय किताबखानाले आफ्नो मुख्य सेवालाई डिजिटल रूपान्तरणको माध्यमवाट विद्युतीय तहमा स्तरोन्नति गरेको छ, हाम्रो सबै सेवा सेवाग्राहीको भौतिक उपस्थितिविना नै हुन्छ,' महानिर्देशक पोखरेलले भने ।

उनका अनुसार प्रारम्भमा ७७ वटै जिल्लामा एकीकृत डिजिटल निवृत्तभरण सेवाका लागि सहजकर्ता निकायको भूमिका कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्नेछ । यसका लागि राष्ट्रिय किताबखानाले सञ्चालन गरिरहेको एकीकृत डिजिटल निवृत्तभरण प्रणालीको पहुँच जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयलाई प्रदान गरिएको उनले जानकारी दिए । सेवाको गुणस्तरीयता र दिगोपना सुनिश्चित भएपछि कर्मचारी निवृत्त हुने सम्बन्धित सबै कार्यालयलाई उपलब्ध गराइने महानिर्देशक पोखरेलले जानकारी दिए ।

'राष्ट्रिय किताबखानाले प्रयोगमा ल्याएको यस प्रणालीमार्फत सम्बन्धित जिल्लावाट आवेदन दिन सकिने व्यवस्था छ, आवेदन दिने कर्मचारीको सम्बन्धित विवरण राष्ट्रिय किताबखानाको प्रणालीमा सिधै देखिने व्यवस्था मिलाइएको छ । किताबखानाले 'अनलाइन' प्रणालीमार्फत प्राप्त विवरण आफ्नो विवरणसँग प्रमाणीकरण गरी माग गरिएको सेवा स्वीकृत गर्दछ । स्वीकृत भएका सेवा अनलाइन प्रमाणीकरणमार्फत सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र निवृत्तभरण व्यवस्थापन कार्यालयमा अनलाइन प्रणालीबाटै गएपछि सरोकारवाला कर्मचारीले जिल्लाबाटै सेवा पाउने अवस्था सुनिश्चित हुन्छ,' उनले भने । कुनै कार्यालय प्रमुखले आफ्नो कार्यालयबाट अवकाश वा राजीनामा स्वीकृत गराई निवृत्त हुन लागेका कर्मचारीलाइ कार्यालयवाटै डिजिटल माध्यमबाट निवृत्तभरण सेवा दिने सकारात्मक सोच राखी विभागलाई अनुरोध गरेमा मागमा आधारित रहेर प्रणालीको पहुँच उपलब्ध गराउन सकिने सुविधा रहेको उनले जानकारी दिए ।

राष्ट्रिय किताबखानाले शुत्र ञ्बारदेखि सुरु गरेको यस प्रणालीमा निवृत्तभरण अधिकारपत्र, उपदान रकम निर्धारणको किटानीपत्र, सञ्चित घर बिदा तथा बिरामी बिदाबापत पाउने सुविधाको किटानीपत्र, औषधि उपचार सुविधाको किटानीपत्र, रोजेको बैंकमा सोझै निवृत्तभरण खाता खुल्ने सुविधा समावेश गरिएको जानकारी दिइएको छ । राष्ट्रिय किताबखानाले निकट भविष्यमा नै निवृत्तभरण अधिकारपत्र र निवृत्त कर्मचारी परिचयपत्रलाई नागरिक 'एप'मार्फत देख्न र 'प्रिन्ट' सकिने सुविधा विस्तार गर्ने महानिर्देशक पोखरेलले जानकारी दिए ।

# वन तथा वातावरण क्षेत्रमा समावेशीकरण कार्यान्वयन अधुरो

सौर्य समाचार

काठमाडौँ । वन क्षेत्रमा सरकारी, सहकारी, सामुदायिक, निजी र विकास साझेदार संस्थामा काम गर्ने महिला, अपांगता भएका व्यक्ति, सीमान्तकृत समुदायको प्रतिनिधित्व बढ्दै गएको भए पनि आन्तरिकीकरण तथा मूलप्रवाहीकरण हुन नसकेको पाइएको छ । वन तथा वातावरण क्षेत्रको लैंगिक समानता, अपांगतामैत्री तथा सामाजिक समावेशीकरण रणनीतिक कार्यान्वयन योजना सार्वजनिक गर्दै वन तथा वातावरण मन्त्रालयले विद्यमान ऐन, नियम, संरचना, कार्यक्रमले मूलप्रवाहीकरण हुन नसकेको उल्लेख गरेको छ । वन, वातावरण जैविक विविधता र जलाधार क्षेत्रमा काम गर्ने सरकारी, सहकारी, सामुदायिक निजी र विकास साझेदार संस्थामा लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरणसम्बन्धी खण्डीकृत तथ्यांकको संकलन, विश्लेषण तथा व्यवस्थापन प्रणाली संस्थागत हुन नसकेको उल्लेख गरिएको छ ।

सो रणनीतिक योजनामा चुनौतीका रूपमा वन तथा वातावरण क्षेत्रमा काम गर्ने विभिन्न निकाय वा संस्थामा वार्षिक बजेट, कार्यक्रम, अवसरमा महिला, सीमान्तकृत समुदाय र अपांगता भएका व्यक्तिको सक्रिय र सार्थक सहभागिताको पर्याप्त सुनिश्चितता हालसम्म हुन नसकेको उल्लेख छ । स्पष्ट रूपमा छुट्याइएको लैंगिक उत्तरदायी बजेट अपर्याप्त हुनुका साथै कार्यान्वयमा पारदर्शिताको अभावलाई चुनौतीका रूपमा स्पष्ट पारिएको छ । वन क्षेत्रबाट प्राप्त हुने आर्थिक लाभको बाँडफाँटमा महिला, सीमान्तकृत समुदाय र अपांगता भएका व्यक्तिहरूको समतामूलक पहुँचमा कमी रहेको, पर्याप्त ज्ञान र तालिमको कमी, लैंगिक विषयवस्तुको ज्ञान एवं तालिमको अभाव रहेको छ । वन क्षेत्रसँग जोडिएका क्षेत्रमा २४सै घण्टा काम गर्नुपर्ने भएकाले लैंगिक हिंसा र यौनजन्य दुर्व्यवहारका दृष्टिकोणले चुनौतीपूर्ण रहेको कार्ययोजनामा भनिएको छ ।

यस्तै, कार्ययोजनामा चुनौतीका रूपमा ५ वटा विषयलाई अगाडि सारिएको छ । त्यसमा नीतिगत एवं कानुनी, संरचनागत तथा संस्थागत चुनौती रहेको उल्लेख गरिएको छ । त्यस्तै, सामाजिक तथा सांस्कृतिक एवं आर्थिक स्रोतसाधनमा आधारित चुनौती पनि चित्रित गरिएको छ । अन्य चुनौतीका रूपमा जलवायु तथा वातावरणजन्य चुनौतीका रूपमा रहेको छ । कार्ययोजनामा समस्या र चुनौतीको समाधानका लागि केही नीतिगत सुधार तथा व्यवहारिक कार्यान्वयनमा जोड दिइएको छ । वन, जैविक विविधता, जलाधार र वातावरण क्षेत्रसँग सम्बन्धित तीनै तहका सरकारी निकाय, सहकारी, सामुदायिक, निजी क्षेत्र र विकास साझेदारले साझा रूपमा नीतिगत र संस्थागत प्रयास गर्नुपर्नेमा जोड दिइएको छ ।

## महानगर र परोपकार अस्पतालबीच सहकार्य

# अस्पतालजन्य हानिकारक फोहोर व्यवस्थापन गर्न २ करोड अनुदान

सौर्य समाचार

काठमाडौँ । काठमाडौँ महानगरपालिकाले परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा हानिकारक अस्पतालजन्य फोहोर व्यवस्थापन प्लान्ट स्थापना गर्न २ करोड रुपैयाँ अनुदान प्रदान गर्ने भएको छ । यसका लागि महानगरले प्रसूति तथा स्त्रीरोग अस्पतालबीच सहकार्य सम्झौता गरेको छ । शुक्रबार कार्यवाहक प्रमुख सुनिता डङ्गोल र प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंको रोहवरमा कापमा स्वास्थ्य विभागका प्रमुख दीपककुमार केसी र अस्पतालका निर्देशक डा.श्रीप्रसाद अधिकारीबीच अनुदान सहयोगसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

सम्झौताबमोजिम अस्पतालबाट उत्पादित हानिकारक फोहोरसँगै महानगरपालिकाले सञ्चालन गरेका स्वास्थ्य प्रवर्द्धन केन्द्रबाट उत्पादित हानिकारक फोहोरको पनि यही प्लान्टबाट व्यवस्थापन हुनेछ । सम्झौताअनुसार कामपाले प्रदान गर्ने अनुदान रकम अस्पतालले उपकरण खरिद र फोहर व्यवस्थापनस्थलमा ट्रस निर्माणकार्यका लागि खर्च गर्न पाउने बताइएको छ । उक्त सम्झौता चालु आर्थिक वर्षको असार १५ गतेसम्म मान्य हुनेछ ।

सम्झौतापछि कार्यवाहक प्रमुख डंगोलले, काठमाडौँमा हानिकारक फोहर व्यवस्थापन प्लान्ट सञ्चालन गर्ने स्थान अभाव रहेको उल्लेख गर्दै उपलब्ध स्थानमा



मापदण्डबमोजिमका प्रशोधन प्लान्ट सञ्चालन गरेर समस्यामा निकास दिनुपर्ने अवस्था रहेको बताइन् । यो सम्झौताबाट अस्पताल र महानगर दुवैलाई लाभ उनको भनाइ थियो ।

### २० हजार विद्यार्थीको नेत्र परीक्षण गरिँदै

यस्तै काठमाडौँ महानगर र नेपाल आँखा अस्पतालबीच काठमाडौँ उपत्यकाका २० हजार विद्यार्थीको आँखा परीक्षण गर्नेसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । महानगर स्वास्थ्य विभागका प्रमुख दीपककुमार केसी र अस्पतालका प्रमुख कार्यकारी अधिकृत धर्मराज गोसाईंले सम्झौतापत्रमा बिहीबार यहाँ आयोजित एक कार्यक्रममा सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार महानगरले अस्पताललाई ३० लाख रुपैयाँ प्रदान गर्नेछ । विशेषज्ञ चिकित्सकबाट कम्तीमा ३० वटा विद्यालयका २० हजार विद्यार्थीको आँखा जाँच तथा आवश्यकताअनुसार औषधि र चस्मा पनि प्रदान गर्नुपर्नेछ ।

## सिरहा बारमा बम विस्फोट प्रकरण

# लेखापढी व्यवसायी पक्राउ

सौर्य समाचार

सिरहा । सिरहा जिल्ला अदालत अगाडि रहेको बार एसोसिएसनको कार्यालयमा भएको कुकर बम विस्फोट घटनाको अनुसन्धानका क्रममा प्रहरीले १ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सुखिपुर नगरपालिका-३ का गुमस्ता यादव रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जिल्ला अदालत सिरहा अगाडि नै उनले कार्यालय खोलेर लेखापढी व्यवसाय गर्दै आएका थिए । उनलाई शंकाका आधारमा नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले घटनाबारे विस्तृत अनुसन्धान भइरहेको जानकारी दिए । 'हामीले शंकाका आधारमा १ जनालाई पक्राउ गरी ४ दिनदेखि अनुसन्धान गरिरहेका छौँ,' उनले भने, 'अनुसन्धान निष्कर्षमा पुगेपछि मात्र थप विवरण सार्वजनिक गरिनेछ ।' गएको फागुन २७ गते बार एसोसिएसनको कार्यालयमा कुकर बम विस्फोट भएको थियो । उक्त विस्फोटमा परी सिरहा नगरपालिका-१ का कर्मचारी सौरभ यादव घाइते भएका थिए । उनको खुट्टामा चोट लागेको थियो । विस्फोटबाट कार्यालयका कम्प्युटरलगायतका सामग्रीको समेत क्षति पुगेको थियो ।

# जेनजी आन्दोलनका घाइतेको २० चैतमा अन्तिम वर्गीकरण गरिने

सौर्य समाचार

काठमाडौँ । जिल्ला प्रशासन कार्यालय काठमाडौँले जेनजी आन्दोलनका घाइते व्यक्तिको वर्गीकरणका लागि अन्तिमपटक आग्रह गरेको छ । जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी मुक्तिराम रिजालका अनुसार जेनजी प्रदर्शनका घाइतेको वर्गीकरणसम्बन्धी कार्यविधि, २०८२ बमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको वर्गीकरण सहजीकरण समितिले गत मंसिर ५ र १२ र १८ गते अधिकांश घाइतेको वर्गीकरण भइसकेको छ ।

जिल्ला प्रशासन कार्यालयले ती दिनमा विविध कारणले वर्गीकरण लागि उपस्थित हुन नसकनी छुट भएका घाइतेको अन्तिम वर्गीकरण यही चैत २० गते शुक्रबार हुने सूचनामा उल्लेख छ । त्यस दिन जिल्ला प्रशासन कार्यालय काठमाडौँको सभाहलमा आफूले उपचार एवं परीक्षण गरेका कागजात र जेनजी घाइते परिचयपत्रसहित उपस्थित हुन सो आन्दोलनका घाइतेलाई आग्रह गरिएको छ ।

# कर्णाली सरकारको बजेट खर्च निराशाजनक

## ८ महिनामा २० प्रतिशत पनि खर्च गर्न सकेन



■ खगेन्द्र भट्टराई

सुर्खेत । चालु आर्थिक वर्षको ८ महिना बितिसक्दा पनि कर्णाली प्रदेश सरकारले बजेट कार्यान्वयनको गति बढाउन सकेको छैन । दोस्रो चौमासिक सकिँदासम्म कर्णालीको विकास बजेट खर्च निराशाजनक छ । चालु आर्थिक वर्षको फागुन मसान्तसम्म १९.६४ प्रतिशत अर्थात् ६ अर्ब ४८ करोड १६ लाख ४८ हजार ५६५ रुपैयाँ मात्र विकास बजेट खर्च भएको छ । कर्णाली सरकारले चालु आर्थिक वर्षको ८ महिनामा जम्मा ३०.८९ प्रतिशत अर्थात् ३ अर्ब ८२ करोड ९८ लाख ८६ हजार १८८ रुपैयाँ खर्च गरेको छ । फागुन मसान्तसम्म २ अर्ब ५९ करोड १४ लाख १२ हजार ३७७ रुपैयाँ पुँजीगत खर्च गरेको हो । चालु आर्थिक वर्षमा ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजारको वार्षिक बजेट ल्याएकामा अझै सरकारसँग २६ अर्ब ५१ करोड ५ लाख ६ हजार ४३४ रुपैयाँ बजेट मौज्दात छ ।

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले कर्णालीको बजेट कार्यान्वयनमा परिणाममुखी नतिजा ल्याउने भन्दै आर्थिक वर्षको सुरुमै मन्त्री र सचिवहरूबीच कार्यसम्पादन सम्झौता गरेका थिए । तर, आर्थिक वर्ष सकिन ४ महिनामात्र बाँकी रहँदा पनि सम्झौताबमोजिम नतिजा आउन नसकेको स्वयं मन्त्रीहरूले नै बताउने गरेका छन् । 'कतिपय कानुनी जटिलता र बीचमा भएको जेनजी आन्दोलनका कारण बजेट कार्यान्वयनमा अपेक्षाकृत नतिजा ल्याउन सकिएन,' प्रदेश सरकारका एक सचिवले भने, 'कतिपय योजना कार्यान्वयनमा प्रक्रियामा भन्दा पनि राजनीतिक दबाब भएपछि बजेट कार्यान्वयन अपेक्षाअनुसार हुन सक्दैन ।'

प्रदेश सरकारका कामकारबाही थप जबाफदेही र नतिजामुखी बनाउने अपेक्षासहित सरकारका मन्त्री र प्रमुख सचिवसँग कार्यसम्पादन सम्झौता गरेका मुख्यमन्त्री कँडेल पनि बजेट कार्यान्वयनको अवस्थाप्रति सन्तुष्ट छैनन् । उनले समय-समयमा मन्त्रीहरूको कार्यसम्पादनप्रति प्रश्न उठाउने गरेका छन् । तर, एमाले-कांग्रेसको गठबन्धन भएका कारण सरकार टिकाउन मन्त्रीहरूलाई पनि केही भन्न सक्दैनन् । प्रदेशको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित योजनाहरू निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने प्रतिबद्धतासहित कार्यसम्पादन सम्झौता गरेका मन्त्री र प्रमुख सचिवसमेत सम्झौताप्रति जिम्मेवार बन्न नसकेको मुख्यमन्त्रीको गुनासो छ । चालु आर्थिक वर्षमा प्रत्येक मन्त्रालयले समग्र वार्षिक प्रगति खर्च ७५ देखि ८० प्रतिशत पुऱ्याउनुपर्ने उल्लेख भए पनि २ चौमासिक सकिइसक्दा पनि कर्णालीको कुल बजेट खर्च २० प्रतिशत पुगेको छैन ।

### कुन मन्त्रालयको कति ?

प्रदेश लेखा नियन्त्रकको कार्यालयका अनुसार फागुन मसान्तसम्म सबैभन्दा बढी मुख्य न्यायाधिवक्ताको कार्यालयले ५४.११ प्रतिशत बजेट कार्यान्वयन गरेको छ । सबैभन्दा कमजोर बजेट कार्यान्वयन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको १२.८१ प्रतिशत छ । १ करोड ७७ लाख बजेट रहेको मुख्य न्यायाधिवक्ताको कार्यालयले फागुन मसान्तसम्म ९५ लाख ७८ हजार २५८ रुपैयाँ खर्च गरी ८१ लाख २१ हजार ७४१ रुपैयाँ मौज्दात छ । भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ४.२७ प्रतिशत पुँजीगत र १५.६४ चालु खर्च गरी कुल १२.८१ प्रतिशत बजेट कार्यान्वयन गरेको छ ।

११ अर्ब १२ करोड १० लाखभन्दा बढी वार्षिक बजेट रहेको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले ८ महिनामा १५.६८ प्रतिशत मात्रै बजेट कार्यान्वयन गरेको छ । त्यसमध्ये पुँजीगत बजेट १४.८९ प्रतिशत मात्रै कार्यान्वयनमा आएको प्रदेश लेखा नियन्त्रकको कार्यालयले जनाएको छ । भौतिक मन्त्रालयमा वार्षिक पुँजीगत बजेट १० अर्ब ७३ करोडभन्दा बढी छ । विकास बजेट धेरै रहेको अर्को सामाजिक विकास मन्त्रालयले ८ महिनामा एक चौथाइ बजेट कार्यान्वयन गरेको छ । फागुन मसान्तसम्म उक्त मन्त्रालयको २५.१८ प्रतिशत बजेट खर्च भएको छ । यो मन्त्रालयले ११.९६ प्रतिशत पुँजीगत र ३७.४९ प्रतिशत चालु बजेट कार्यान्वयन गरेको प्रदेश लेखा नियन्त्रण कार्यालयको तथ्यांकले देखाउँछ । सामाजिक विकास मन्त्रालयको चालु वर्षको बजेट ५ अर्ब ७७ करोड ५६ लाख ८९ हजार रुपैयाँ छ ।

३ अर्ब ८३ करोड ३ लाख ५८ हजार वार्षिक बजेट रहेको जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयले फागुन मसान्तसम्म १७.१६ प्रतिशत बजेट कार्यान्वयन गरेको छ । यो मन्त्रालयले पुँजीगततर्फ १४.८८ र चालुतर्फ ४६.६९ प्रतिशत बजेट खर्च गरेको छ । सबैभन्दा कम बजेट १२ करोड ९४ लाख ७४ हजार १६६ मात्र रहेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ३२.४५ प्रतिशत बजेट खर्च गरेको छ । यो मन्त्रालयमा ३४ लाख ७७ हजारभन्दा धेरै बजेट पुँजीगत र १२ करोड ५९ लाखभन्दा बढी चालु बजेट छ । फागुन मसान्तसम्म आर्थिक मामिला तथा योजना मन्त्रालयले पुँजीगत ५४.५१ र चालुतर्फ ३७.६९ प्रतिशत बजेट कार्यान्वयन गरेको छ ।

कुल बजेटको २०.२२ प्रतिशत कार्यान्वयन गरेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले पुँजीगततर्फ ५.३२ र चालुतर्फ ४१.५८ प्रतिशत बजेट खर्च गरेको छ । यो मन्त्रालयको वार्षिक बजेट २ अर्ब ४२ करोड ७९ लाख ९८ हजार हो । कर्णाली प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दोस्रो चौमासिकसम्म झन्डै २२ प्रतिशत बजेट कार्यान्वयन गरेको छ । ५५ करोडभन्दा बढी बजेट रहेको मुख्यमन्त्री कार्यालयले ११.८९ प्रतिशत पुँजीगत र २४.५४ प्रतिशत चालु खर्च गरेको छ । त्यसैगरी प्रदेश लोकसेवा आयोगले ३६ प्रतिशत, प्रदेश व्यवस्थापिकाले ३९.९७ प्रतिशत, कर्णाली प्रदेश योजना आयोगले फागुन मसान्तसम्म झन्डै १० प्रतिशत बजेट कार्यान्वयन गरी निकासा भएको प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयका लेखा अधिकृत दीपेन्द्र मगरातीले बताए ।

# लुम्बिनी प्रादेशिक अस्पतालमा एमआरआई सेवा सुरु




■ सौर्य समाचार

रूपन्देही । लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा शुक्रबारदेखि 'एमआरआई'सेवा सुरु भएको छ । पश्चिम नेपालकै सबैभन्दा धेरै बिरामीलाई स्वास्थ्य सेवा प्रदान गर्दै आएको यस अस्पतालको ११६औँ स्थापना दिवसमा एमआरआई सेवा सुरुआत गरिएको हो । लुम्बिनी प्रदेश सरकारको आर्थिक लगानीमा एमआरआई मेसिन जडानपछि सेवा सञ्चालनमा ल्याइएको हो । सेवाग्राहीको बढ्दो चाप र जनअपेक्षालाई ध्यानमा राख्दै सीमित स्रोत र साधनको अधिकतम प्रयोग गरी सेवा प्रवाहलाई गुणस्तरीय बनाउँदै लगिएको छ । एमआरआई सेवाको शुक्रबार लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले उद्घाटन गरे । उनले लुम्बिनी प्रादेशिक अस्पतालका सेवा थप प्रभावकारी बनाउन प्रतिष्ठानका रूपमा विकास गर्ने गरी पहल भइरहेको बताए ।

विशिष्ट र विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच थप सुनिश्चित गर्न प्रतिष्ठानको अवधारणा अघि सारिएको उनले स्पष्ट पारे । मुख्यमन्त्री आचार्यले प्रदेशभित्रै सबै प्रकारका रोगको उपचार सम्भव हुने गरी अस्पतालको सेवा विस्तारलाई प्राथमिकतामा राखिएको बताए । उनले नमुना अस्पतालका रूपमा विकास गर्ने गरी प्रदेश सरकारले काम अघि बढाएको जानकारी दिए । प्रदेश सरकारले सेवा विस्तारलाई प्राथमिकता दिएको उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले सस्तो र सुलभ गुणस्तरीय स्वास्थ्य सेवा पाउने वातावरण बनेको बताए ।

एमआरआई मेसिन जडान भएपछि सेवाग्राहीले अब सस्तो र सुलभ ढंगले सेवा लिन पाउने उनले विश्वास व्यक्त गरे । १ हजार २०० शय्याको अस्पताल निर्माणको काम अघि बढेको उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले विगत २१ महिनाको अवधिमा ४० प्रतिशत भौतिक प्रगति भएको र ३ वर्षभित्र सबै सेवा नयाँ भवनबाट सञ्चालन गर्ने योजना रहेको बताए । स्वास्थ्यमन्त्री खेमबहादुर सारुले लुम्बिनी प्रादेशिक अस्पताल प्रदेशकै गौरव भएको उल्लेख गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउनेगरी काम भइरहेको बताए । कार्यक्रममा बुटवल उपमहानगरपालिकाकी उपप्रमुख सावित्रा अर्याल, स्वास्थ्य सचिव दुर्गालक्ष्मी श्रेष्ठ, अस्पताल विकास समितिका अध्यक्ष अजयमान श्रेष्ठ, अस्पतालका प्रमुख प्रशासक प्रेमराज गौतमलगायतले अस्पतालको सेवा प्रभावकारी बनाउन सबैको समन्वय र सहकार्य जरुरी रहेको बताइन् ।

सो अवसरमा अस्पतालका सुपरिटेन्डेन्ट डा.इन्द्र ढकालले अस्पतालको प्रगति र भावी योजनाबारे जानकारी दिएका थिए । सो अवसरमा अवकाशप्राप्त कर्मचारीलाई कदरपत्र प्रदान गरी सम्मान गरिएको थियो । साथै २५ वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई दीर्घसेवा पदक प्रदान गरिएको थियो ।

# कक्षाभरि झुसिल्किरा : शिक्षक र विद्यार्थी जिउ कन्याउँदै हैरान

■ सौर्य समाचार

गोरखा । बारपाक सुलिकोट गाउँपालिका-३ खारचोक भञ्ज्याङस्थित अकला आधारभूत विद्यालयका शिक्षक र विद्यार्थी झुसिल्किराका कारण हैरान भएका छन् । कक्षाभरि झुसिल्किरा भइँदिँदा पठनपाठन प्रभावित भएको छ । विद्यालयको वरिपरि उतिसको जंगल छ । सुक्खा मौसम लागेपछि बिगत १ महिनायता उतिसमा लागेको झुसिल्किरा कक्षाकोठामा आएर बस्न थालेका छन् । शिक्षिका पवित्रा तामाङ भन्छिन्, 'भन्दा सानो कुरा जस्तो लाग्छ, तर वरिपरिको उतिसको जंगलबाट आएको झुसिल्किराले कक्षाको भुइँ, डेक्स, बेञ्च, जस्ताको छानो, भित्ता कतै खाली छैन ।'

माघको अन्तिम सातादेखि झुसिल्किरा लागेर शिक्षक र विद्यार्थी जिउ कन्याउँदै हैरान भएका छन् । उनीहरूको जिउभरी डाबर उठेको छ । सबैले एलर्जीको औषधि खाँदै आएका छन् । 'रातभरि कन्याएर सुत्न सकिँदैन । विद्यार्थीको बिजोग छ,' शिक्षिका तामाङले भनिन् । झुसिल्किराको झुस बिझेर बालबालिकाले जिउभरी तेल घसेर आउने गरेका उनी बताउँछिन् ।।

कक्षा १ देखि ३ सम्म पढ्ने विद्यार्थीका लागि ओछ्याएको कार्पेट झुसिल्किराले ढाकेपछि कक्षाकोठाबाट हटाइएको शिक्षिका तामाङको भनाइ छ । विद्यार्थीलाई पुस्तकालयमा लगेर राखिएको उनले बताइन् । 'हावाहुरी चल्न थालेपछि झुस उड्रेर आँखामा पर्ने डर रहन्छ,' उनले भनिन्, 'समस्या समाधान गरिदिन शिक्षा शाखा र गाउँपालिकाका जनप्रतिनिधिलाई गुनासो गरेका थियौँ । विषादी प्रयोग गर्न हुँदैन भन्ने सुझाव पायौँ । अवस्था उस्तै छ ।'

विद्यालयको समस्याबारे गत फागुन २६ गते बसेको कार्यपालिका बैठकमा कुरा राखेको वडाध्यक्ष बलबहादुर गुरुङ बताउँछन् । 'हामीले वरिपरिको रुख ढालेर समस्या समाधान हुन्छ कि भन्ने सोचेर ३ वटा रुख ढाल्यौँ तर त्यसो गर्दा जंगलको झुसिल्किरा झन् विद्यालयमा आउँदो रहेछ,' उनले भने, 'समस्या घट्लाभन्दा झन् बढ्यो । गाउँपालिकाले विषादी प्रयोग गर्नुहुन्न भनेर प्रयोग गर्न दिएन ।' समस्या ज्यूँकात्यूँ रहेको वडाध्यक्ष गुरुङले बताए । केही दिनयता पानी परेकाले झुस उड्ने समस्या भने केही कम भएको शिक्षिका तामाङको भनाइ छ ।

# अपांगता भएकालाई घरमै नागरिकता

■ सौर्य समाचार

बाजुरा । अपांगता भएका नागरिकलाई जिल्ला प्रशासन कार्यालय बाजुराले घरमै पुगेर नागरिकता प्रमाण पत्र वितरण गरेको छ । जिल्लाको बुढीनन्दा नगरपालिका-६ कोटिलाका ३३ वर्षीया खगिन्द्र भाटलाई बाजुराका प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाले घरमै पुगेर नागरिकता प्रमाण पत्र वितरण गरेका हुन् । भारतको मुम्बईमा रोजगारी गर्दै आएका खगिन्द्र भाटलाई मुम्बईको बेलपुरामा सन् २०१८ मा रेल दुर्घटना हुँदा २ वटै खुट्टा गुमाउनुपरेको थियो । दुर्घटनाबाट बाँचेका भाटले आफूसँग भएका नेपाली नागरिकताको प्रमाणपत्रसहित अन्य आवश्यक कागजातसमेत हराए ।

दुर्घटनापछि रोजगारी गुमाएका कारण उनी स्वदेश फर्किए । सुदूरपश्चिम प्रदेशको राजधानी धनगढीसम्म बसमा आएका भाट दुर्गम तथा विकट आफ्नो गाउँमा हिँड्डुल गर्न नसक्ने भएपछि पुनः धनगढीमा कोठा भाडामा बस्दै आएका छन् । रेल दुर्घटनामा नागरिकता हराएपछि उनी राज्यबाट पाउने सुविधाबाटसमेत वञ्चित हुँदै आएका थिए । राज्यबाट प्राप्त हुने सेवा सुविधा लिनका उनका बुबाले वडाको सिफारिससहित जिल्ला प्रशासन कार्यालयमा पुगेर नागरिकता प्रमाणपत्रको अभावमा भोगिएको समस्या बारे प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलालाई जानकारी गराए ।



सो समस्या समाधानका लागि प्रजिअ निरौलाले भाटलाई घरमै पुगेर नागरिकताको प्रतिलिपि दिएको सहायक प्रमुख जिल्ला अधिकारी लक्ष्मण पुडासैनीले जानकारी दिए । उनका अनुसार नागरिकता प्रमाणपत्रबाट वञ्चित हुन नदिने गरी वडाको सिफारिस र भाटको बुबाको आग्रहपछि प्रजिअ निरौलाले घरमै पुगेर नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि हस्तान्तरण गरेका हुन् । जिल्ला प्रशासन कार्यालयले अशक्त, असहाय, वृद्धवृद्धा तथा अपांगता भएकालाई घरमै पुगेर सेवा दिने गरेको प्रजिअ निरौलाले बताए । उनका अनुसार अशक्त तथा सेवासम्म पहुँच नपुगेका नागरिकलाई लक्षित गर्दै घरदैलोमै पुगेर सेवा प्रदान गरिएको हो । राज्यको सेवा सबै नागरिकसम्म समान रूपमा पुग्नुपर्छ भन्ने मान्यताअनुसार हामीले धनगढीमै पुगेर नागरिकताको प्रतिलिपि दिएको उनले बताए । वडाको सिफारिस र हाम्रो आग्रहपछि स्थानीय प्रशासनले आवश्यक प्रक्रिया पूरा गरी सेवा प्रवाहलाई नागरिक मैत्री बनाउँदै घरमै पुगेर प्रतिलिपि वितरण गरिएको खगिन्द्रका बुबा मदनबहादुर भाटले जानकारी दिए ।

राज्यको यस्तो पहलले सेवाप्रवाहलाई प्रभावकारी र समावेशी बनाउने गरिएको बताउँदै प्रमुख जिल्ला अधिकारी निरौलाले भने, अशक्त र पहुँचबाट टाढा रहेका नागरिकसम्म पुग्ने यस्ता कामले राज्यप्रतिको भरोसा बढाएको छ । दुर्गम बाजुराबाट ३०० किलोमिटर टाढा धनगढीसम्म पुगेर सेवा दिन स्थानीय प्रशासनको सक्रियता र संवेदनशीलताको यो एउटा अनुपम उदाहरण हो । यसले सेवा लिन असमर्थ नागरिकका लागि राज्यको उपस्थिति अझ नजिकबाट अनुभूत गराएको छ नागरिक समाजका अगुवा दीर्घराज पाध्यायले बताए ।

# ग्रामीण क्षेत्रमा विद्युत् विस्तारले प्रविधिमैत्री शिक्षणमा सहज



■ सौर्य समाचार

भोजपुर । ग्रामीण क्षेत्रमा विद्युत् विस्तार भएसँगै भोजपुरका विद्यालयमा प्रविधिमैत्री शिक्षण प्रणाली सञ्चालन गर्न सहज भएएको छ । केही वर्षअघिसम्म विद्युत् अभावका कारण आधुनिक शिक्षण सामग्री प्रयोग गर्न नसकेका विद्यालय अहिले कम्प्युटर, प्रोजेक्टर तथा इन्टरनेटको प्रयोग गर्दै शिक्षण-सिकाइ प्रक्रिया सञ्चालन गर्न थालेका छन् । जिल्लाका दुर्गम बस्तीमा विद्युत् सेवा पुगेपछि विद्यालयले डिजिटल माध्यमबाट पठनपाठन गराउन थालेका हुन् । यसले शिक्षकलाई विषयवस्तु स्पष्ट ढंगले प्रस्तुत गर्न र विद्यार्थीलाई पनि बुझ्न सजिलो हुने यशोधरा माध्यमिक विद्यालयका प्रधानाध्यापक ध्रुवराज रेग्मीले बताए ।

ग्रामीण क्षेत्रमा विद्युत् विस्तारले शैक्षिक गतिविधि सञ्चालनमा सहयोग पुगेको उनको भनाइ छ । इन्टरनेट सुविधा पुगेपछि सिकाइलाई अझ सहज बनाएको उनले जानकारी दिए । 'ग्रामीण क्षेत्रमा विद्युत् सेवा विस्तारले शैक्षिक गतिविधि सञ्चालनमा सहज भएको छ,' उनले भने, ' विद्युतीय सामग्रीको प्रयोग गरेर शिक्षण-सिकाइलाई प्रभावकारी र प्रविधिमैत्री बनाउन सकिएको छ ।' विद्युत् विस्तारसँगै धेरै विद्यालयमा कम्प्युटर प्रयोग बढेको छ भने केही विद्यालयले प्रोजेक्टरमार्फत भिडियो तथा प्रस्तुतिका माध्यमबाट कक्षा सञ्चालन गर्न थालेका छन् । प्रविधिको प्रयोगले विद्यार्थीको सिकाइप्रति रुचि बढेको शिक्षकहरूको अनुभव छ ।

ग्रामीण क्षेत्रका विद्यालयमा पहिलेदेखि नै पाठ्यपुस्तकमा आधारित परम्परागत शिक्षण पद्धति बढी प्रयोग हुने गरेको थियो । तर अहिले विद्युत् सुविधा पुगेपछि डिजिटल सामग्री, शैक्षिक भिडियो, प्रस्तुतिकरण तथा अनलाइन स्रोतहरूको प्रयोग बढ्दै गएको छ । यसले शिक्षणलाई प्रभावकारी र विद्यार्थीकेन्द्रित बनाउन सहयोग पुगेको सरोकारवालाको भनाइ छ । विद्यार्थीले पनि प्रविधिको प्रयोगबाट पढाइलाई थप रोचक र बुझ्न सजिलो भएको बताएका छन् । पहिले पुस्तकमा मात्र सीमित जानकारी अहिले भिडियो, तस्बिर तथा प्रस्तुतिकरणमार्फत बुझ्न पाउँदा सिकाइ प्रक्रिया प्रभावकारी बनेको उनीहरूको भनाइ छ ।

यद्यपि जिल्लाका सबै विद्यालयमा अझै समान रूपमा प्रविधिमैत्री शिक्षण प्रणाली लागू हुनसकेको छैन । केही दुर्गम क्षेत्रका विद्यालयमा इन्टरनेट पहुँच र आवश्यक उपकरणको अभाव अझै चुनौतीका रूपमा रहेको शिक्षा क्षेत्रका सरोकारवाला बताउँछन् । स्थानीय तह तथा सरोकारवाला निकायले विद्यालयमा आवश्यक उपकरण उपलब्ध गराउने र शिक्षकलाई प्रविधि प्रयोगसम्बन्धी तालिम प्रदान गर्ने कामलाई प्राथमिकता दिएका छन् । विद्युत् विस्तारसँगै प्रविधिको पहुँच बढ्दै जाँदा ग्रामीण क्षेत्रका विद्यार्थीलाई पनि आधुनिक शिक्षण प्रणालीमार्फत गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर विस्तार हुँदै गएको देखिन्छ ।

# २० लाख हुन्डी रकमसहित १ जना पक्राउ

■ सौर्य समाचार

वीरगन्ज । सशस्त्र प्रहरी बल नेपाल पर्साले २० लाख रुपैयाँ हुन्डी रकमसहित १ जनालाई पर्साको वीरगन्जबाट पक्राउ गरेको छ । सशस्त्र प्रहरीले शुक्रबार वीरगन्ज महानगर-१६ स्थित भन्सार प्रवेशद्वारमा जाँचका क्रममा भारतबाट नेपालतर्फ आउँदै गरेको बिआर ०५ बिके ८६०३ नम्बरको मोटरसाइकलमा सवार विनय शंकर साह तुरहालाई सो परिमाणको रकमसहित पक्राउ गरेको हो ।

सशस्त्र प्रहरी बल नेपाल पर्साका सूचना अधिकारी मोहन निरौलाका अनुसार मोटरसाइकलमा सवार तुरहाले मोटरसाइकलको सिटकभरमा सो रकम लुकाएर राखेका थिए ।

बरामद भएको रकमसहित तुरहालाई थप अनुसन्धानका लागि वीरगन्ज भन्सार कार्यालयलाई बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ । ती व्यक्तिबाट वीरगन्ज भन्सार एजेन्ट संघ पर्सा लेखिएको परिचयपत्र समेत बरामद भएको छ ।

**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पातो, सप्तरी, कोशी प्रदेश, नेपाल**

**ठेक्का रद्दको सूचना**

**प्रकाशित मिती २०८२।१२।०७**

यस डाक्नेश्वरी नगरपालिकाद्वारा मिति २०८२।१२।०५ गते प्रकाशित गरिएको सूचनामा ठेक्का नं. DKMUN/SQ/W/2082-83-04 की योजना **योजना "वडा नं ८ प्रवाहा टोलको मुंगालाल पण्डित घर अगाडि सडक सुरक्षाको लागि रिटेनिंग वाल निर्माण कार्य"** मिति २०८२/१२/०५ गतेको पूर्वाधार विकास कार्यालय, सप्तरीको च.नं ४४२ को पत्रानुसार सोही पोखरीमा रिटेनिंग वाल र सडक ढलान कार्यको बोलपत्र व्यवस्थापन भइसकेकोले उक्त ठेक्काको योजना रद्द गरिएको व्यहोरा सबैमा जानकारी गराईन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**काठ लिलाम विक्री सम्बन्धी सुचना**

**प्रथम पटक प्रकाशित मिति :२०८२।१२।७**

यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगद्धी भएको गोलिया काठ लिलाम प्रक्रिया द्धारा लिलाम बढाबढ गर्नुपर्ने भएकोले घाटगद्धीमा मौज्दात रहेको जात साल गोलिया काठ गरी ३८थानको ४८२।६७ क्युफी काठ लाई शिलबन्दी बोलपत्रद्धारा लिलाम विक्री गर्नुपर्ने भएकोले सौर्य राष्ट्यि दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी सिलवन्दी बोलपत्र २२ औ दिनको ३ बजेभित्र यस सा.व.उ.स.को कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको सुचना यस सा.व.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिएको व्यहोरा समेत सुचित गरिन्छ ।

**अध्यक्ष**
**श्री ब्राहा सामुदायिक वन उपभोक्ता समुह**
**चुरे गा.पा. ०२ कैलाली**

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, सोलुखुम्बु

**मालपोत कार्यालय सोलुखुम्बुबाट प्रकाशित हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना**

यसमा नर बहादुर राईको नाती/नातीनी ध्वजमान राई भन्ने मदन कुमार राईको छोरा/छोरी कोशी प्रदेश सोलुखुम्बु जिल्ला साविक नेचावेतघारी गा.वि.स. वडा नं. १ भई परिवर्तित नेचासल्यान गाउँपालिका वडा नं. ४ बस्ने ना.प्र.नं. ११/०१/७३/००२६५ जारी मिति २०७३/०२/०६ जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु) को वर्ष २७ को अविनाश राई ...१ (ना.प्र.नं. ११/०१/७१/०१४६६ जारी मिति २०७१/०७/१६ सोलुखुम्बु) को वर्ष ३० को अनिसा राई ...१ समेत दुई जनाले हाम्रो बुबा मदन कुमार राईको मिति २०६७/०३/३० मा मृत्यु भएको । एकमात्र आमा कल्पना राई मिति २०६२ सालदेखी वेपत्ते भएको । बुबा आमाबाट सन्तान हामी एक छोरा एक छोरीको मात्र जन्म भएको । मृतक बुबाको सक्कलधनी पुर्जामा नाम ध्वजमान राई र नागरिकतामा बुबाको नाउँ मदन कुमार राई कायम भएकोले फरक नाम भएको फरक व्यक्ति नभई एकै व्यक्ति हाम्रै बुबा भएकोले मृतक बुबाको नाउँमा नाप नक्सा दर्ता भई हाम्रै हकभोग चलनमा रहेको कोही कसैलाई हक हस्तान्तरण नगरेको सोलुखुम्बु जिल्ला साविक नेचावेतघारी गा.वि.स.वडा नं. १ को कि.नं. ५४, ३०८ र ८३३ क्षेत्रफल क्रमशः १११०, ४३६५ र २४४० व.मि. जग्गाहरुको सक्कल धनी पुर्जामा बुबाको नाम संशोधन गरी हाम्रो सँयुक्त नाउँमा नामसारी गरी पाँउ भनी द.नं. १०९८ मिति २०८२/१०/१२ को निवेदनबाट माग दावी गरेकाले माग बमोजिम निवेदकहरुका नाममा नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा ध्वजमान राई र मदन कुमार राई फरक व्यक्ति भए वा कल्पना राई वेपत्ते नभएको भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको / टाँस भएको मितिले बाटाको म्यादबाहेक ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनु होला । अन्यथा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

# नयाँ सरकार सिंहदरबारमा, सरोकार घरघरमा



उपेन्द्र प्रेमी

> “ नेपालमा वि.सं. १९०३ देखि २००७ सम्म दुई धार, दुई सरकार र दुई दरबारको शासन यात्रा थियो। अहिले बालेन र रविको मान, शान र आसनलाई पनि कताकता त्यसै गरी मापन गरिन्छ। 'कम बोल्ने बालेन' र 'धेरै बोल्ने रवि' बीचको यो नयाँ राजनीतिक शक्ति कति सन्तुलित तवरले चल्ने हो ? प्रतीक्षा आगामी घडीकै छ।

हाम्रो केन्द्रीय सरकार भनेको सिंहदरबारको सरकार हो। श्री ३ का पालामा बनेको सिंहदरबार ७५ वर्ष यतादेखि नेपालको राजकाज, शासन र प्रशासनको मुख्यालय एवं आधार स्थल हो। यहाँका सयौँ चोटा, कोठा, हल, बरन्डा र कौसी-मझेरीको अवस्था अहिले के छ कुन्नि ! जे भए पनि नेपाल सरकारको प्रकारान्तर रूप सिंहदरबारको सरकार नै हो।

जो-जुन सरकार आए पनि, बने पनि, घोर वनको राजा मानिने सिंहको निसानी बोकेको सिंहदरबार हाम्रो शासन संयन्त्रको मूल धरोहर हो। अब सिंहदरबारको राजकाज भर्खरै सम्पन्न चुनावपछि राष्ट्रिय स्वतन्त्र पार्टीको विराट आकारयुक्त शक्तिको हातमा आइपुगेको छ।

विगतको पौने सय वर्षदेखि यो दरबारमा धेरैको सवारी भयो, धेरै थरी हातगोडा चले अनि धेरै प्रकारले फाइल, फैसला, तोक, आदेश, नीति, निर्णय एवं भाग्य भविष्यका नाना योजना र तानाबाना बुनिए। अब घण्टी चिह्नबाट चिनिएको र चुनिएको रास्वपा सरकारको शासन भारमा खडा भएको छ, सिंहदरबार।

अतीत इतिहासप्रति कति प्रजातन्त्रवादी र कति प्रगतिशील जनवादीहरूको अतिविधि आस्था छैन, अनि दहन, जलन, जीर्ण, विदीर्ण यसको आकारउपर धेरैको कहर भाव पनि नहुन सक्छ। तैपनि शान्ति स्वस्ति गरेर, आधुनिकताको साजसज्जामा सजाएर सिंहदरबार हाम्रो केन्द्रीय सरकारको प्रथम द्वार र आधारका रूपमा स्वीकार हुनेछ।

सिंहदरबार, सिंहाकृतिको एउटा भवन मात्र होइन, यसको क्षेत्र, पाटो र समग्र परिसरको अझ ठुलो महत्त्व छ। अधिकतर केन्द्रीय सचिवालयीय काम कारबाही र गतिविधि यही प्रमुख परिसरभित्र पर्दछन्। अब एउटा जब्बर आकारको सरकार सिंहदरबारको त्यही शासन सत्ताको सुरक्षामा छ, सुशासन प्रदान गर्न आतुर छ। अनि नेपालभरिका र बाहिरी देशमा रहेबसेका नेपाली जनताका घरआँगन र घरघरमा यो सरकारउपर अनेकथरी आशा, अपेक्षा, भर र भरोसाका धेरै प्रकारका सरोकारहरू पनि खडा भएर आइरहेका छन्।

## घरघरमा सिंहदरबार

'घरघरमा सिंहदरबार' यो सुन्दर सूक्ति विगत एक दशकयता चर्चित रह्यो। गाउँ-गाउँ, बस्ती-बस्ती, डाँडा-पाखा, फाँट र मैदान सबैतिर तल्ला-तल्ला र कोठै-कोठाका दरबार खडा हुने भए ? के अब झुप्रा-झुप्री, छाप्रो, कुटी, खर-पराल र पात-पतिंगरका मुडुलीहरू विस्थापित भएर सबै-सबै महलवासी हुने भए ? कुरा त्यो थिएन। कुरा थियो, सेवा र अधिकारको।

अब गाउँबेसी सबैतिरकाले अधिकार उपभोग गर्न, सेवा लिन र सहज शासन-प्रशासन पाउन सिंहदरबार एवं सदरमुकाम धाइरहनु नपर्ने भन्ने नै त्यो सूक्तिको सार थियो। हो, रूपरंग र आकृति-प्रकृति केही हेरफेर गरेर पालिका, वडा र प्रदेशहरू आए। प्रदेश र पालिकाभित्रका छानिएका प्रतिनिधि एवं खटाइएका राष्ट्रसेवकहरूबाट अब सारा सरोकारी वा दरबारी सेवा पाइने जस्तो झल्को पनि देखियो। तर हेर्दै-बुझ्दै जाँदा घरघरको त्यो दरबार, त्यो हेरफेरको कारोबार मूलतः केही हजार दरबारियाहरूलाई मात्र पो भएजस्तो देखियो।

सिंहदरबार र अन्य दलीय दरबारले पद र जिम्मेवारी तोक्ने, त्यहीँबाट 'हुकुम' पठाउने, अनि प्रदेश सरकार, पालिका सरकार एवं वडा सरकारले भागबन्डा गरी प्रायः आफैँ सुविधा भोग गर्ने, कताकति मात्रै धुलो-पिठो छर्ने काम मात्र भएजस्तो भयो। गाउँ-ठाउँ र प्रदेशका ती दरबार अन्ततः मूल दरबारकै अन्तःकक्ष जस्ता भएर गुज्रिए। दरबार पुग्यो, कारोबार र सुविधा भागबन्डा एवं भ्रष्टाचारको पनि फैलावट भयो। दरबारिया नयाँ प्रतिनिधि पात्रको शान-शौकत त बढ्यो, तर जनताको सेवा सुविधा सहजताचाहिँ उस्तैको उस्तै रह्यो।

'सिंहदरबार आउला, ग्रामीण स्रोत साधनको प्रयोग उपयोग बढ्ला, खेतीपाती राम्रो होला, उद्योगधन्दा, व्यापार, व्यवसाय र रोजगारी बढ्ला' भनेको त भएका घर पनि थोत्रिँदै भत्किँदै गए, बासिन्दा रित्तिँदै गए। दरबार साँच्चै गाउँतिर झर्‍यो भनेको त केही नेता उपनेताको भागशान्ति जय नेपाल र लालसलामको चक्करमा हाम्रा गाउँबस्तीको दुरावस्था पो दृश्यमा आयो। यही यस्तै पृष्ठभूमिमा अहिले मूल ऐतिहासिक दरबारमा नयाँ सरकार नयाँ कलेवरमा आउने सन्निकट तरखर छ। तर पुरानो पाराको प्रादेशिक तथा स्थानीय सरकार उसैगरी सिंहदरबारतर्फ आँखा लगाइरहेछ।

## पुरानैमा नयाँ सरकार

नयाँ सरकारको आगमन भन्नुको अर्थ यतिखेर छ नै, अनि छैन पनि। एउटै दलबाट आएका मानिएकाहरूको पूर्णतया एकमना, अझ दुईतिहाइ स्तरको यो सरकार स्वतः नयाँ सरकार हो। लामो इतिहासमा विरलैको यो सरकार नयाँ नै हो। तर पनि केही आकार प्रकारले नयाँ भए पनि उही उस्तै ढंगले चलिआएको राज्य व्यवस्था तथा संविधान कानुनका उनै परम्परागत प्रावधान बमोजिम उस्तै प्रमाण, शपथ, नियुक्ति, सिफारिस र मनोनयनबाट आएको नवाकृति साथै सिंहदरबार पस्न आउँदै गरेको यो सरकार वस्तुतः पुरानै पाराको हो।

भर्खरै अन्तिमतिर नेपाली नव पुस्ताको मुद्दामा आएको भनिए पनि कतिपय अर्थमा हेर्दा नेपालको विद्यमान आउँदो शासन प्रशासन त्यसै तवरले भन्दा बेग्लै फेरबदलका साथ आउनुपर्थ्यो। फागुन २१ को निर्वाचन र त्यसमा प्रकट जनताको मतलाई दृष्टिपात गर्दा अबको सरकार, भारी मतको सरकार ! २०४८ साल पछिको यो नै यस्तो सरकार हो जहाँ कुनै मिलिजुली, कुनै गठबन्धन, कुनै मलाइभ्यारी (स्वार्थको मेलमिलाप), कुनै देख-छन्द (बाहिरी ढोंग)को जरुरी छैन। एक घण्टी, एकमना स्वर, एक लहरभित्रको पंक्तिबद्ध यो अपूर्व सरकार !

नेपाली मतदाताहरूको तथापि अर्को सुकिलो स्वर, राय वा सुझाव छ - यसमा मतको मात नलागोस्, उन्माद नआओस्। यदाकदा त्यस्तो आकारमा अहंकार पैदा हुँदा मत भार बेकार बनेको र मताधिकारीको आशा-आग्रह टुटफुट भएको पनि इतिहास छ। मूल कुरा अबको सरकारले पाएको मतको भारी त राम्ररी जोगिएर बोक्नै पर्छ, साथसाथै मत दिनेहरूको मनलाई गहिरिएर बुझेर तदनुरूप कार्यभार पूरा गर्दै जानुपर्छ। व्यक्तिभन्दा समाज, समूह र दल माथिल्लो हो, अनि त्योभन्दा पनि ठुलो विषय विशेष आफ्नो देश हो। देशले खोजेको देशीय परिवेश हो।

## आफन्त होइन, पात्र र पारखको प्रश्न

सरकार चुनाव जित्नेको मात्र होइन, हार्नेको पनि हो। व्यक्ति, दल वा विचार-सिद्धान्त र आदर्श जसका जे-जे भए पनि जित देशको हुनुपर्छ, हित देशवासीको हुनुपर्छ। 'नेपालको जय होस्, नेपाली मात्रको भलो होस्' भन्ने नै सरकारको ध्येय हुनुपर्छ। यसका निम्ति आफन्त भाव, परिवारवाद, दलगत परिधिभित्रको स्वार्थ, मोह तथा लोभानी-पापानीको स्थितिबाट उठेर सरकारका काम कारबाही र सही कारोबार अघि बढ्नुपर्छ।

आफन्तभन्दा पात्रत्व विशिष्ट विषय हो। यथास्थानमा यथायोग्य पात्रको छनोट नगरी 'राम्रो' लाई भन्दा 'मेरो' लाई अंगाल्ने शैलीले नै हाम्रो राजनीति, राज्य व्यवस्था र देशको अवस्था बिग्रेको हो। त्यसैले असल व्यक्तिको चयन र सही पात्रको पारखउपर सरकारको चनाखो नजर रहनुपर्छ। घुमिफिरी उही र उस्तै वरिपरि चल्ने हो भने त्यसले नतिजा राम्रो निकाल्दैन।

## स्वत्वमै हाम्रो अस्तित्व

आफू जे हो, जस्तो हो र आफूसँग भएको आफ्नो जे-जे हो, त्यो नै त्यसको अस्तित्व हो। कसैको पनि प्रभुत्व भनेको उसभित्र निहित उसको त्यही प्राकृत विषयवस्तु, साधन र सीप नै हो। साम्राज्यवाद र सामन्तवाद अब छैन भनिए पनि प्रकारान्तरको प्रभुत्ववादको फणा अहिलेको विश्वमा उठेकै छ। त्यस्तो प्रभुतावादभित्र परेर लम्पसारवादमा उभिनु लज्जास्पद हुन्छ। हरेकले आफू र आफ्नोलाई प्रभु ठान्नु मात्र अन्ध राष्ट्रवाद होइन, त्यो



त अस्तित्ववादको जडीतत्त्व हो। त्यसैले स्वत्व परित्यक्त होइन, परिभाषित हुँदै जानुपर्छ। नयाँ सरकारसँग राष्ट्रिय सरोकारको यो सन्दर्भ पनि जनजनको मनभित्र मडारिएको छ।

## काग होइन, कान छाम्ने

कागले कान लग्यो भन्दैमा कागतिर दौडिने होइन, पहिले विचार गर्ने। आफैँसित भएको हातले कान छाम्यौँ भने त त्यो अफवाह थाहा भइहाल्छ। राजनीति र राजकाजी गतिविधिमा पनि कानको होस् नगरी कागतिर दौडिने-दौडाउने प्रवृत्ति व्याप्त छ। यसउपर अबको नेपाल सरकार सावधान रहनुपर्छ। गएको चुनावमा घण्टी चिह्न जसप्रकार चर्चित र गुञ्जित भयो, त्यसमा पनि कतिलाई यस्तै 'कागदौड' को अनुभूति भयो। रास्वपाका विजयी नव-सांसद कतिले त आफैँ उद्घोष भावमा भनेका छन् - 'यत्रो विधि तालले घण्टी घन्केला भन्ने कहाँ थियो र ?' निश्चय नै सञ्जाल, सञ्चार र जोदाहा लहरको तालले यति विघ्न उपलब्धि प्रस्तुत भएर आयो।

## भन्यो, सुन्यो, गयो, सिद्धियो

हाम्रो राजनीति भन्ने र सुन्नेमा ज्यादा केन्द्रित छ। भाषण छाँटेर भोट हासिल गर्ने अनि मिठा भाषणको पर्रा छोडेर संसदीय हल थर्काउने कुरामै हाम्रो राजनीति बढी उद्यत छ। लोकप्रिय भाका भट्याएर भोटको पोको भर्ने अनि माननीय बनेर दुनो सोझ्याउने हाम्रो राजनीतिको चलनचल्ती हो। लोकतन्त्रमा प्रत्येक ५ वर्षमा हुने चुनावी चक्करमा हुने नव-प्रवर्तन र परावर्तन प्रायः यही हो। भन्नेले भन्छ, सुन्नेले पनि 'हो क्यारे' भनी मोहर खसाल्छ, चुनिएर गयो, सबैथोक भयो, सिद्धियो।

यही रीतिको पुनरावृत्ति नै हाम्रो राजनीतिको नियति हो। त्यसैले घण्टी बजाएर मैदानमा भन्दै कराइएका कुरा कति पूरा हुने हुन्, सिंहदरबारको नयाँ सरकारसँग सधैँझैँ घरघरको सरोकार रहनु स्वाभाविकै हो।

## जोश र रोषभन्दा होस आवश्यक

राजनीतिमा जोश चाहिन्छ, ओज चाहिन्छ। तर अस्वाभाविक जोश निकालेर विपक्षीप्रति 'निषेधात्मक' तौरतरिका अंगाल्नुभन्दा सोच-समझका साथ होसपूर्वक अघि बढ्नाले नै राजनीतिले गति लिन्छ। 'घण्टी राजनीति' का विजयी हस्तीहरू अधिकतर जोसिला त छन् नै, साथसाथै पढेलेखेका, देश-परदेश देखेका डाक्टर, इन्जिनियर, वकील, पत्रकार, पूर्व प्रहरी-प्रशासक छन्। त्यसैले जोशका साथ जनआकांक्षा परिपूर्तिको काम गर्ने हो र होसका साथ अघि बढ्ने हो।

## कार्यभारको आधार आमसरोकार

नेपाल देशको शासनाधिकार अर्थात् कार्यभार घण्टीघरको रास्वपा दलका जिम्मेवारहरूलाई प्राप्त भएको छ। ५० वर्ष उमेर पार नगरेका उनीहरूको यो जाँगर र जोश लहरउपर घरघरको भर-भरोसा भरपूर पाइन्छ। कतिपयले निश्चित नीति-सिद्धान्त र कार्यकारी कौशल नभएका यी आलाकाँचाबाट मुलुक कता जाला ? भन्ने संशय पनि राख्दछन्। चुनाव हुनुअघि रास्वपाले १०० दिन, ६ महिना, १ देखि ५ वर्ष र १० वर्षसम्मको अवधि तोकेर कार्ययात्रा, घोषणा तथा प्रतिबद्धता पनि औँल्याएको छ। उसले 'करारनामा पत्र' नै भनेर ठिकठाकको ठोकुवा रूपरेखा पनि मतदातासमक्ष प्रस्तुत गरेको हो।

## भक्ति, ज्ञान र विवेक

आगतका प्रत्येक सरकारसँग नागरिकहरूको सदा भइरहने आग्रह मूलतः देशभक्ति नै हो। राजनीति कुनै पेसा-व्यवसाय होइन, यो 'सेवा क्षेत्र' हो। प्रधानमन्त्रीका रूपमा घोषित भएर केन्द्रीय राजनीतिमा उत्रिएका बालेन शाहले 'हामीलाई काम दिनुस्, हामी काम गर्न आएका हौँ' भनेर भन्नुभएको कुरा ठिकै हो। धेरै नबोल्ने र 'कामले नै देखाउन खोज्ने' बालेनको बानी अब कसरी व्यवहारमा उत्रिने हो, त्यो परीक्षा हुँदै जाने कुरा हो।

ज्ञान, विवेक र भक्तिका साथ कामको गति बढ्यो भने नै यो गहन जिम्मेवारी सार्थक हुने हो। धेरै ज्ञानी, गुणी र सुशिक्षित पात्र दिग्गज अभियन्ता नेता भएर सेवा क्षेत्रमा उत्रिएकाहरूले अब सुमति कर्म व्यवहारमै उतार्नुपर्छ। अन्यथा महाकवि देवकोटाले भनेझैँ, 'न भक्ति भो, न ज्ञान न भो विवेक, आखिर श्रीकृष्ण रहेछ एक' भन्ने उद्‌गार निस्कन सक्छ।

कामलाई पूजा मानौँ, सत्यको भक्ति गरौँ, राष्ट्र र राष्ट्रवासीको सेवालाई धर्म ठानेर ज्ञान-विवेक लगाएर उन्मुक्तिको मार्गतर्फ अग्रसर रहौँ। उत्पादन, उद्योगधन्दा, आत्मनिर्भरता, सुलभ शिक्षा, स्वास्थ्य र सुशासन - यिनै हुन् घरघरका सरोकारका कुरा। फजुल खर्च घटाएर आफ्नै श्रम, सीप र स्रोतबाट अघि बढ्ने आँट गरियो भने नहुने कुरा छैन। सहकारीका बचतकर्ताहरूले आफ्नो रकम फिर्ता पाऊन्, ठगी गर्नेहरू नउम्किऊन्। न्याय र प्रशासनिक सेवा झन्झटिलो नहोस्, यही हो घरघरको अपेक्षा।

सिंहदरबारको सिँढी चढ्दै गरेको सरकार 'बेकार' को होइन 'जिम्मेवार' बनोस्। धमिलो र कुटिल विश्वमा नेपाललाई बचाएर 'शान्ति क्षेत्र' भएर उन्नतितर्फ अघि बढोस्। पृथ्वीनारायण शाहले जोडेको र पुर्खाहरूले जोगाएको हाम्रो देश उज्यालो दिशातर्फ बढ्दै जाओस्।

## निष्कर्ष

नेपालमा वि.सं. १९०३ देखि २००७ सम्म दुई धार, दुई सरकार र दुई दरबारको शासन यात्रा थियो। अहिले बालेन र रविको मान-शान र आसनलाई पनि कताकता त्यसै गरी मापन गरिन्छ। 'कम बोल्ने बालेन' र 'धेरै बोल्ने रवि' बीचको यो नयाँ राजनीतिक शक्ति कति सन्तुलित तवरले चल्ने हो ? प्रतीक्षा आगामी घडीकै छ।

पार्टी सभापति रविले घण्टी चिह्नबाट चुनिएका सांसदहरूसँग बोल्दा नरम र गरम दुवै धारमा गहन निर्देशन दिएका छन्। संविधान, संसदीय परिपाटी र विधानप्रतिको मान्यता तथा जनअपेक्षा पूर्तिको आतुरता उनको सम्बोधनमा अभिव्यक्त भएको छ। हेरौँ - सिंहदरबार चढ्दै गरेको सरकार र घण्टीघरको राजनीतिले घरघरको सरोकारलाई कसरी साक्षात्कार गर्दै जाने हो !

# मोटोपनविरूद्धको उपचारमा सस्तो खोपले दिएको अवसर

■ एजेन्सी

मुम्बइ। भारतले ओजेम्पिकजस्ता तौल घटाउने खोपका सस्तो जेनेरिक संस्करण बजारमा ल्याउने तयारी तीव्र पारेसँगै मोटोपनाविरुद्धको उपचार अब सीमित वर्गको विलासिताबाट बाहिर निस्केर आम सर्वसाधारणसम्म पुग्ने चरणमा प्रवेश गरेको छ। प्रमुख पेटेन्टको म्याद समाप्त भएसँगै यी औषधिको मूल्य उल्लेखनीय रूपमा घट्ने अपेक्षा गरिएको छ, जसले विश्वव्यापी रूपमा उपचार पहुँचमा ठूलो परिवर्तन ल्याउन सक्छ।

मुम्बईका अस्पताल र क्लिनिकहरूमा यस परिवर्तनको प्रभाव देखिन थालिसकेको छ। एन्डोक्रिनोलोजिस्ट नदीम राइसका अनुसार हाल प्रत्येक हप्ता ५० भन्दा बढी व्यक्ति तौल घटाउने खोपका लागि परामर्श लिन आउँछन् र करिब ७०-८० जना बिरामी सक्रिय उपचारमा छन्। उनका अनुसार जेनेरिक औषधि सस्तो भएपछि यो संख्या सहजै २०० नाघ्न सक्छ। उनकी सहकर्मी सुनेरा घई पनि माग अत्यन्त उच्च रहेको तर उच्च मूल्यका कारण धेरैले उपचार सुरु गर्न नसकेको बताउँछिन्।

ओजेम्पिक र वेगोवीजस्ता औषधिमा प्रयोग हुने सेमाग्लुटाइड नामक सक्रिय तत्वको पेटेन्ट भारतमा शुक्रबार समाप्त भएसँगै यो परिवर्तन सम्भव भएको हो। विश्वकै सबैभन्दा ठूलो जेनेरिक औषधि उत्पादक देशका रूपमा भारतले यस अवसरलाई तीव्र रूपमा उपयोग गर्ने तयारी गरेको छ। अनुसन्धानअनुसार सन् २०२६ को अन्त्यसम्म सेमाग्लुटाइडसम्बन्धी मुख्य पेटेन्टहरू विश्वका १० देशमा समाप्त हुनेछन्, जसले विश्वव्यापी मोटोपनाको झन्डै ४८ प्रतिशत बोझ समेट्छन्। यस सूचीमा ब्राजिल, चीन, दक्षिण अफ्रिका, टर्की र क्यानाडा जस्ता देशहरू समावेश छन्।

भारतीय औषधि उद्योगका लागि यो नयाँ प्रतिस्पर्धात्मक दौडको सुरुआत मानिएको छ। कम्तीमा चार प्रमुख कम्पनीले जेनेरिक सेमाग्लुटाइड उत्पादनका लागि तयारी पूरा गरिसकेका छन् भने जाइडस लाइफसाइन्सेजले 'डे-वन' लन्चको घोषणा गर्दै यसै सप्ताहान्तदेखि बजारमा औषधि उपलब्ध गराउने संकेत दिएको छ। अनुसन्धान संस्था फार्माऱ्याकका अनुसार चाँडै नै भारतीय बजारमा ५० भन्दा बढी ब्रान्ड र ४० भन्दा बढी कम्पनी सक्रिय हुनेछन्।

यो विकास भारतको बदलिँदो स्वास्थ्य अवस्थासँग पनि मेल खान्छ। विश्व स्वास्थ्य संगठनका अनुसार कुपोषण अझै पनि ठूलो समस्या भए पनि सहरीकरण र जीवनशैली परिवर्तनसँगै मोटोपना तीव्र रूपमा बढिरहेको छ। सरकारी तथ्यांकले भारतमा २४ प्रतिशत महिला र २३ प्रतिशत पुरुष अधिक तौल वा मोटोपनाको समस्यामा रहेको देखाएको छ। बेरियाट्रिक सर्जन सञ्जय बोरुडेका अनुसार आय वृद्धि भए पनि शारीरिक सक्रियता घट्ने प्रवृत्तिले समस्या झन् बढाएको छ।

अहिलेसम्म एली लिली र नोभो नोर्डिस्कजस्ता बहुराष्ट्रिय कम्पनीहरूले महँगा औषधिमार्फत बजारमा प्रभुत्व जमाएका थिए। भारतमा तौल घटाउने औषधिको बिक्री पाँच वर्षमै दस गुणा बढेर सन् २०२६ सम्म १५ करोड ३० लाख डलर पुगेको छ र सन् २०३० सम्ममा आधा अर्ब डलर नाघ्ने अनुमान गरिएको छ। तर प्रति महिना १५ हजारदेखि २२ हजार रुपैयाँ (भारतीय मुद्रा) सम्म पर्ने खर्चले धेरै बिरामीलाई उपचारबाट टाढा राखेको छ।

मुम्बईस्थित चिकित्सक स्वाति प्रधानका अनुसार जेनेरिक औषधिको मूल्य घटेर करिब पाँच हजार रुपैयाँ प्रतिमहिना पुग्न सक्छ। यसले बिरामीहरूको पहुँच उल्लेखनीय रूपमा विस्तार गर्नेछ। यद्यपि, यस्ता औषधिहरूले वाकवाकी लाग्ने तथा पाचनसम्बन्धी समस्या जस्ता प्रतिकूल असर पनि निम्त्याउन सक्ने भएकाले चिकित्सकीय निगरानी आवश्यक हुने उनको भनाइ छ।

यसको प्रभाव भारतमै सीमित रहने छैन। अफ्रिकासहित धेरै विकासशील देशहरूमा भारत प्रमुख जेनेरिक औषधि आपूर्तिकर्ता भएकाले सस्तो सेमाग्लुटाइड ती देशहरूका लागि जीवनरक्षक विकल्प बन्न सक्छ। विश्व मोटोपना महासंघका अध्यक्ष साइमन बार्केराले कम लागतका औषधिले विशेषगरी मध्यम आय भएका देशहरूमा उपचार पहुँच विस्तार गर्ने उल्लेख गरे।

भारतीय कम्पनीहरू अन्तर्राष्ट्रिय बजारमा पनि अघि बढिरहेका छन्। डा. रेड्डीज ल्याबोरेटरीले सन् २०२६ मेसम्म क्यानाडामा आफ्नो संस्करण सार्वजनिक गर्ने लक्ष्य राखेको छ। बिरामी सुकान्त मङ्गलजस्ता व्यक्तिहरूका लागि भने यो परिवर्तन झन् महत्वपूर्ण छ। उनले आठ महिनामा करिब ३० पाउन्ड तौल घटाए पनि प्रति महिना २० हजार रुपैयाँ खर्च धान्न नसक्दा उपचार रोक्नुपरेको अनुभव सुनाए। उनका अनुसार औषधि सस्तो भएको भए उपचार निरन्तरता दिन धेरै सहज हुने थियो। यसरी भारतबाट सुरु भएको सस्तो जेनेरिक औषधिको लहरले मोटोपनाविरुद्धको विश्वव्यापी लडाइँमा नयाँ दिशा दिने संकेत देखिएको छ।



## तपाईको यो साता ( चैत ७- १३ २०८२)






**मेष राशि-(चु,चे,चो,ला,लि,लु,ले,लो,अ):-** २०८२ चैत्र दोस्रो साता मेष राशीका ब्यक्तिका लागी स्वास्थ्य राम्रो, शारीरिक सुख, यश आराम प्राप्त हुनेछ। शुभ कार्यमा मन लागी कार्य सरलता पूर्वक सम्पन्न हुनेछ। बोलीमा प्रभावकारीता बढने छ।



**वृष राशि (ई,उ,ए,ओ,वा,वि,वु,वे,वो):-** २०८२ चैत्र दोस्रो साता बृष राशीका ब्यक्तिका नयाँ किसिमको ब्यापार पेशा तथा रोजगार प्राप्त हुनेछ। घर गृहस्थी सुख प्राप्त हुनेछ।



**मिथुन राशि (क,कि,कु,घ,ङ,छ,के,को,ह):-** मिथुन राशी (क,कि,कु,घ,ङ,छ,के,को,ह)राशी :-२०८२ चैत्र दोस्रो साता मीथुन राशीका ब्यक्तिका लागी कार्यमा बिध्न बाधा आउने छ। टाढाको यात्रा भयता पनि यात्रा कठिन रहनेछ। मान हानी धन खर्च बढने छ। आफन्त सित मन मुटाब बढने छ। धार्मिक बिरोधी कार्यमा मन लाग्नेछ।



**कर्कट राशि (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** :- २०८२ चैत्र दोस्रो साता कर्कट राशीका ब्यक्तिका लागी आर्थिक पक्ष्य मजबुत हुदैं जानेछ। ब्यापार ब्यवसायबाट लाभ हुनेछ। आटेका सोचेको सम्पूर्ण कार्य सरलता पूर्वक सम्पन्न हुनेछ। सामाजिक मान पद प्रतिष्ठा प्राप्त हुनेछ।



**सिंह राशि (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** :- २०८२ चैत्र दोस्रो साता सिह राशीका ब्यक्तिका लागी शारीरिक दुःखकष्ट पिडा हुनेछ। प्रेम तथा दामपत्य जीवनमा खटपट बढने छ। सरकारी काम कारोबारबाट नोक्सान ब्यहोर्न पर्नेछ। ब्यापार तथा यात्रामा हानी नोक्सान बढने छ।




**कन्या राशि (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** :- २०८२ चैत्र दोस्रो साता कन्या राशीका ब्यक्तिका लागी धन तथा उत्तम रत्न प्राप्त हुनेछ। मनोरञ्जन कार्यमा समय बित्नेछ। मान सम्मान प्राप्त रहनेछ। शारीरिक तथा मानसिक सुख प्राप्त हुनेछ।




**तुला राशि (र,री,रु,रे,रो,ता,ति,तु,त)** :- २०८२ चैत्र दोस्रो साता तुला राशीका ब्यक्तिका लागी मानसिक पिडा हुनेछ। आटेका कार्यहरु अधुरा रहनेछन्। परिवारमा झै झगडा बढने छ। आर्थिक हानी नोक्सानी हुनेछ। सम्पूर्ण कार्यमा असफलता प्राप्त हुनेछ।



**वृश्चिक राशि (तो,न,नी,नू,ने,नो,या,यि,यू)** : २०८२ चैत्र दोस्रो साता बृश्चिक राशीका ब्यक्तिका लागी आर्थिक पक्ष्य मजबुत हुदैं जानेछ। घर गृहस्थी सुख प्राप्त हुनेछ। सञ्चित धन बृद्धि हुनेछ। मित्रजन सित भेटघाट बढने छ।



**धनु राशि (य,यो,भा,भि,भू,ध,फा,ढ,भ)** :- २०८२ चैत्र दोस्रो साता धनु राशीका ब्यक्तिका लागी आट हिम्मतमा कमी रहनेछ। मनमा डर उत्पन्न हुनेछ। झै झगडा कलहमा फस्न सकिनेछ। अनेक डरका बिच पनि कार्यमा सफलता प्राप्त हुनेछ।



**मकर राशि (भो,जा,जी,खी,खू,खे,खो,गा र गी)** :- २०८२ चैत्र दोस्रो साता मकर राशीका ब्यक्तिका लागी घर गृहस्थी सुखका साथैं नविन आभूषण प्राप्त हुनेछ। कला संगित क्षेत्रमा रुची बढने छ। अध्ययनमा सफलता प्राप्त हुनेछ। खाद्य सम्बन्धी कामबाट आर्थिक उन्नती बढने छ।



**कुम्भ राशि (गु,गे,गो,स,सी,सू,से,सो, द):-** २०८२ चैत्र दोस्रो साता कुम्भ राशीका ब्यक्तिका लागी धन नोक्सान हानी हुनेछ। बाद बिवादमा फस्न सकिनेछ। बोल्दा सावधानी अपनाउनु पर्नेछ। सम्पूर्ण कार्यमा अबरोध हुनेछ। ईज्जत प्रतिष्ठामा आच आउने छ।



**मीन राशि (दी,दू,थ,झ,ञ,दे,दो,च,ची)** :- २०८२ चैत्र दोस्रो साता मीन राशीका ब्यक्तिका लागी आर्थिकपक्ष्य कमजोर हुदैं जानेछ। कडा परिश्रम गर्नु पर्नेछ। सानो सानो कुरामा बाद बिवादमा फस्न सकिनेछ। सम्पूर्ण कार्यमा रोकावट हुनेछ। पराजयको सामना गर्नु पर्ने देखन्छ।



**ज्यो. दुर्गाप्रसाद उपाध्याय**
फो नं. ९८४१३७१८९७,
कोटेश्वर, काठमाडौं
ईम्ल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya

**चिना टिप्पणी बनाउन, हस्तरेखा हेर्न, ग्रहदशा हेर्न, घरको वास्तु हेर्न, ग्रहशान्ति, मांगलिक कार्य, पूजा पाठ गर्न परेमा सम्पर्क गर्नुहोला।**

# रेजिनले फेर्दै छ नेपाली कला र इन्जिनियरिङको स्वरूप

माटोको सुगन्ध र ढुंगाको कठोरताबाट सुरु भएको नेपाली कलाको सुदूर यात्रा आज रेजिन र थ्रिडी प्रिन्टिङजस्ता अत्याधुनिक वैज्ञानिक उपलब्धिहरूसम्म आइपुगेको छ । यो समयको परिवर्तन र मानिसको अजेय सिर्जनशीलताको एउटा बलियो प्रमाण पनि हो ।



डा.भोला थापा
प्राध्यापक



डा. कुशल श्रेष्ठ
अनुसन्धानकर्ता
मेकानिकल इन्जिनियरिङ विभाग
काठमाडौं विश्वविद्यालय

कला सिर्जना गर्नु भनेको कलाकारको मस्तिष्कमा उब्जेको अदृश्य विचारलाई भौतिक रूप दिनु हो । वास्तवमा, कुनै पनि कलाकृतिमा प्रयोग हुने सामग्री केवल माध्यम मात्र नभएर कलाकारको अभिव्यक्ति हो । चित्रकलामा क्यानभास र रङको छनोटले भावनाको कोमलता झल्काउँछ भने मूर्तिकलामा ढुंगा, काठ वा धातुको प्रयोगले शक्ति र स्थायित्व दिन्छ । एउटा कलाकारले जब माटो समात्छ, उसले आफ्नो भावनालाई तुरुन्तै आकार दिने स्वतन्त्रता त पाउँछ, तर माटो जति लचिलो हुन्छ, यसको आयु त्यति नै सीमित हुन सक्छ । यसको ठिक उल्टो, ढुंगामा कुँदिएका कलाकृतिले स्थायित्व त दिन्छन्, तर यसका लागि कलाकारले ठुलो धैर्य र कठोर शारीरिक श्रम खर्चनुपर्छ । कलाकारहरूलाई कार्य सहजता र कृतिको लामो आयुको दौडमा नयाँ सामग्री पछ्याउन परेको छ ।

## स्थानीय जग र ऐतिहासिक विरासत

नेपाली कलाको जग यहाँको स्थानीय प्रकृति र स्रोतमा बलियो गरी अडिएको छ । काठमाडौं उपत्यकाको नेवार कला होस्, तराईको मिथिला वा थारू कला, यी सबैमा प्रकृतिसँगको एउटा गहिरो सम्बन्ध देखिन्छ । अरनिको र उनको टोली तिब्बत र चीन जाँदा उनीहरूले नेपाली माटो, काठ र धातुलाई जीवन्त बनाउने मौलिक सीप बोकेर गएका थिए । हाम्रा मन्दिरका माटो,



ढुंगा र काठ, मूर्तिमा तामाको मिश्रण र चित्रकलामा खनिज रङहरूको प्रयोग हुन्थ्यो । नेपाली कलाकारहरूले विभिन्न उद्देश्यका लागि तेल, मैन र लाहा जस्ता प्राकृतिक सामग्रीहरू पनि प्रशस्तै प्रयोग गर्थे । नेपालको पौराणिक सभ्यताको उत्खननमा माटाका भाँडकुँडाका प्रमाणहरू लुम्बिनीको तिलौराकोट र काठमाडौंको चाँगुनारायण वरपर प्रशस्तै भेटिएका छन् ।

हामीले महाभारतमा लाक्षागृहको कथा सुनेका छौं, जुन युद्ध रणनीतिको रूपमा लाहाबाट बनेको थियो । यी प्राकृतिक सामग्रीहरूमा ताप प्रतिरोधी क्षमता कम हुन्छ, त्यसैले सजिलै जलाउन र क्षति पुऱ्याउन सकिन्छ । सायद यसैकारण होला यस्ता प्राकृतिक सामग्रीबाट बनेका पौराणिक कलाकृति भेट्टाउन गाह्रो छ ।

## आधुनिकतातिर रूपान्तरण

समयको गतिसँगै परम्परागत सामग्रीका केही व्यावहारिक सीमाहरू पनि देखिन थाले । धातुका मूर्तिहरू महँगा र भारी हुने, उता काठ र माटोमा मौसमको प्रभाव छिटो पर्थ्यो । लैनसिंह बाङ्देल युरोपबाट फर्केर नेपाली क्यानभासमा प्राकृतिक रङको विकल्पमा आयल पेन्टिङ र आधुनिक अमूर्त कलाको नयाँ





लहर भित्र्याए । आजका कलाकारहरू, जस्तै अस्मिना रञ्जित वा सुनिता महर्जन, इन्स्टालेसन आर्टका लागि पुराना कपडा, तार र फलामका टुक्राजस्ता वैकल्पिक सामग्रीहरू प्रयोग गरेर समाजका जटिल विषयहरू बुनिरहेका छन् । सिसाजस्तो पारदर्शी तर फलामजस्तो बलियो सामग्रीका खोजीमा अहिलेका कलाकारहरू 'रेजिन' वा 'फाइबरग्लास' रोज्न थालेका छन् । यसरी परम्परागत माटोदेखि आधुनिक रेजिनसम्मको यात्राले नेपाली कलालाई नयाँ उचाइ दिएको छ, जहाँ सामग्रीले नै जीवनको कथा सुनाउँछ ।

समयसँगै नेपाली कलाको रूप फेरिएको छ र यसलाई आधुनिक बनाउन मुख्यतया ३ वटा सामग्रीले ठुलो भूमिका खेलेका छन् । पहिलो हो - एक्रिलिक, नफुट्ने सिसाजस्तै, तर धेरै हलुका र बलियो ! त्यस्तै, मूर्तिकलाको दुनियाँमा फाइबरग्लास र रेजिनको जोडीले एउटा ठुलो क्रान्ति ल्याएको छ । काँचलाई पगालेर बनाइएका फाइबरग्लास अत्यन्तै मसिना र बलिया रेसाहरू हुन्, जसलाई कपडा जस्तै बुन्न सकिन्छ । जब यो फाइबरग्लासको जालोलाई रेजिनको चोपमा डुबाइन्छ, यसले सुकेपछि ढुंगाकोजस्तै शक्ति प्राप्त गर्छ । यसमा फलाममा जस्तो खिया लाग्ने डर पनि हुँदैन । यही कारणले गर्दा नै आजका कलाकारहरूले आफ्ना ठुला र अजंगका सिर्जनाहरूलाई वजन र सुरक्षाको चिन्ता नगरी संसारको जुनसुकै कुनामा सजिलै पठाउन सकेका छन् ।

'नेपाल भ्रमण वर्ष २०२०' अभियानका लागि स्थापित २२ वटा फाइबरग्लास यतिका मूर्तिहरू विवादमा आएको थिए । नयाँ सामग्रीको प्रयोगभन्दा पनि पर्यटक मस्कटको रूपमा डिजाइन गरिएका मूर्तिहरू पौराणिक यतिको सट्टा जापानी सुमो पहलवानहरू जस्तो देखिएकाले आलोचना भएको थियो ।

## रेजिनको रसायन : प्रकृतिबाट साभार, प्रयोगशालामा निखार

रेजिनको यो आधुनिक यात्रा वास्तवमा २०औं शताब्दीको सुरुआततिर अमेरिका र युरोपबाट सुरू भएको हो । सन् १९०७ मा बेल्जियमका रसायनशास्त्री लिओ बेकेल्यान्डले पहिलोपटक प्रयोगशालामा बनेको 'बेकलाइट' तयार पारेपछि आधुनिक रेजिनको जग बस्यो । त्यसपछि सन् १९३० को दशकतिर जर्मनी र अमेरिकाका वैज्ञानिकहरूले इपोक्सी रेजिनको विकास गरे । दोस्रो विश्वयुद्धको समयमा विमानका पुर्जाहरू बलियो बनाउन प्रयोग गरिएको यो पदार्थ सन् १९५० को दशकदेखि कलाकारहरूको कार्यशालामा प्रवेश गरी सिर्जनाको नयाँ माध्यम बन्यो ।

रेजिनको यो आधुनिक शक्ति वास्तवमा हाम्रा पहाडमा पाइने सल्लो जस्ता रूखहरूले आफैँलाई बचाउन निकाल्ने प्राकृतिक चोपको रहस्यलाई प्रयोगशालामा परिष्कृत गरेर तयार पारिएको हो । आदिम कालमा रूखको बोक्रा काटिँदा निस्कने चोपले घाउ पुर्ने र किराहरूबाट बचाउने काम गर्थ्यो । तर, मानिसले जब प्रकृतिको यो 'सुरक्षा कवच'लाई प्रयोगशालामा लगे, तब जन्म भयो सिन्थेटिक रेजिन । यो केवल एउटा तरल पदार्थ मात्र होइन, यो स-साना अणुहरूको एउटा लामो र बलियो साङ्लो हो, जसलाई विज्ञानको भाषामा 'पोलिमराइजेसन' भनिन्छ ।

यसको जादु तब सुरू हुन्छ, जब तरल रेजिनमा 'हार्डनर' भनिने अर्को रसायन मिसाइन्छ । यी दुई तरल पदार्थबीचको मिलनले एउटा रासायनिक प्रतिक्रिया सुरु गर्छ, जसले तरललाई ठोस बनाउँदै लैजान्छ । यो प्रक्रियामा अणुहरू एक-अर्कासँग यति कसिलो गरी जोडिन्छन् कि यसले एउटा अटूट जालो बनाउँछ । यही 'जालो'का कारण रेजिन सुकेपछि ढुंगाजस्तै कडा हुन्छ, तर सिसा जस्तै पारदर्शी देखिन्छ ।

रेजिनको सबैभन्दा ठुलो विशेषता यसको अद्भुत आयु हो । यो सजिलै कुहिँदैन, खिया लाग्दैन र धेरैजसो रसायनहरूले यसलाई असर गर्दैन । इन्जिनियरिङको दृष्टिकोणबाट हेर्दा यसको 'शक्ति-तौल अनुपात' निकै उच्च हुन्छ । रेजिनभित्र जैविक वस्तुलाई थुनेर शताब्दीयौंसम्मका लागि सुरक्षित राख्न सकिन्छ ।

आजको कला र निर्माण क्षेत्रमा रेजिनका विभिन्न स्वरूपहरू प्रयोग हुन्छन् । सबैभन्दा बढी रूचाइएको इपोक्सी रेजिन हो, जुन दुई रसायनहरू (रेजिन र हार्डनर) मिलाएपछि अत्यन्तै कडा र पारदर्शी बन्दछ । त्यस्तै, युभी रेजिन पराबैजनी किरणको सम्पर्कमा आउनासाथ तुरून्तै कडा हुन्छ, जुन साना गहना र क्राफ्टिङका लागि उपयोगी छ । परम्परागत रूपमा प्रयोग हुने सल्लाखोटोजस्ता प्राकृतिक रेजिनदेखि औद्योगिक क्षेत्रमा प्रयोग हुने पोलिएस्टर र पोलियुरेथिनजस्ता सिन्थेटिक रेजिनसम्म यसका अनेकौं रूप छन् ।

नेपालका ४० भन्दा बढी जिल्लाहरूबाट वार्षिक हजारौं मेट्रिक टन खोटो संकलन हुने र निकासी हुने गर्दछ, तथापि रेजिन प्रशोधनको विविधिकरण र त्यसको बहुआयामिक उपयोगबारे हामीलाई न्यून ज्ञान छ । तर यो आफ्नै देशमा उपलब्ध सम्भावनायुक्त सामग्री हो । यस्तै नवीन सामग्रीहरूको विकास र उपयोग गर्ने उद्देश्यले काठमाडौं विश्वविद्यालयमा केमिकल इन्जिनियरिङ विषयको पठनपाठन नेपालमा पहिलोपटक सुरू गरिएको छ ।

रेजिनको प्रयोग औद्योगिक कोटिङ, टाँस्ने पदार्थ र बलियो भुइँ बनाउनसमेत प्रयोग गरिन्छ । रेजिन क्युरिङको समयमा हुने रासायनिक प्रतिक्रियाले ग्यास र ताप पैदा गर्छ । सही मात्रा र सुरक्षा सतर्कता अपनाउँदै, रेजिन कलालाई शताब्दीयौंसम्म सुरक्षित राख्न सकिन्छ । यो रसायनले घर्षण र रासायनिक असरलाई पनि पचाउन सक्छ, जसले गर्दा यसबाट बनेका मूर्ति वा गहनाहरूको आयु दीर्घकालसम्म सुरक्षित रहन्छ । कलाकारले यसलाई जुनसुकै साँचोमा ढाल्न, रंगीन पिग्मेन्ट मिसाउन वा प्राकृतिक फूलहरूलाई भित्रै थुनेर आकर्षक वस्तुहरू सजिलै बनाउनका लागी सिसाको विकल्प भएको छ ।

सिलिकन, हेर्दा रेजिनजस्तै लाग्ने लचिलो र ताप प्रतिरोधी इलास्टोमर (रबर जस्तो) हो, जुन मोल्ड गर्न सकिन्छ, तर त्यसमा मसिना बुट्टा बनाउन सकिँदैन । सिलिकन र रेजिनमा मानिसहरू प्रायः झुक्किन्छन् । यी दुबै सामग्रीहरू शिल्पमा प्रयोग गर्न सकिन्छ, तर तिनीहरूले विपरीत कार्यहरू गर्छन् । सिलिकन-अक्सिजन ब्याकबोन भएको पोलिमर हो, जबकि रेजिनले सामान्यतया जैविक तरल यौगिकहरू (जस्तै इपोक्सी) लाई जनाउँछ जुन ठोस थर्मोसेटमा कडा हुन्छ । सिलिकनको नरमपनाले गर्दा, खेलौना निर्माणमा, विशेष गरेर यौन खेलौना निर्माणमा प्रख्यात छ ।

## कला र इन्जिनियरिङ पार्टपुर्जा

कलाबाहेक रेजिनको उपयोगिता ठुला कलकारखाना र जलविद्युत्का मेसिनहरूमा समेत छ । पानीको तीव्र वेगमा घुम्ने हाइड्रो टर्बाइनको भित्री भाग, टर्बाइनभित्र पानीको बहाब र त्यसको प्रभाव हेर्न अब फलामको पर्खाल बाधक बन्दैन ।



गाइड भेन र ड्राफ्ट ट्यूब कोन जस्ता जटिल मेसिनका भागहरूलाई रेजिनको मद्दतले पूर्ण रूपमा पारदर्शी बनाउन सम्भव भएको छ । यसले इन्जिनियरहरूलाई फ्लो भिजुअलाइजेसनको सुविधा दिन्छ, जसको अर्थ हो मेसिन चलिरहेकै बेला मेसिनभित्र आँखाले प्रत्यक्ष देख्न सकिन्छ ।

यो प्रविधि केवल परीक्षणका लागि मात्र होइन, मेसिनका वास्तविक पुर्जाहरू बनाउनसमेत उत्तिकै प्रभावकारी छ । रेजिन र फाइबरग्लासको मिश्रणबाट बन्ने पम्प इम्पेल्लर वा साना टर्बाइनका रोटरहरू तौलमा निकै हलुका तर धातुजस्तै बलिया हुन्छन् । तथ्यांकका अनुसार, धातुको तुलनामा रेजिनबाट बनेका परीक्षण मोडेलहरू झण्डै ६० देखि ७० प्रतिशतसम्म सस्तो र बनाउन छिटो हुन्छन् । यसरी एउटा कलाकारको हातमा सुन्दरता भर्ने रेजिन, इन्जिनियरको हातमा पुगेर जलविद्युत् र मेसिनरी क्षेत्रको भविष्य कोर्ने एउटा आधुनिक र वैज्ञानिक आधार बनेको छ ।

यही कारणले काठमाडौं विश्वविद्यालयको टर्बाइन टेस्टिङ ल्याब र डिजाइन ल्याबका इन्जिनियर र अनुसन्धानकर्ताहरूले धातुमात्र होइन, रेजिनसँग पनि मित्रता गाँसेका छन् ।

रेजिनको सबैभन्दा लोभलाग्दो प्रयोग अहिले हाम्रा बैठक कोठा र सजावटका सामग्रीमा देखिन थालेको छ । पारदर्शी वा रंगीन रेजिनबाट बनेका बुद्ध मूर्तिहरूले शान्तिको आभास दिन्छन्, जसमा स-साना विवरण भर्न सजिलो हुनुका साथै खस्दा पनि नफुट्ने मजबुती हुन्छ ।

फर्निचरको दुनियाँमा रिभर टेबलले एउटा छुट्टै तहल्का पिटेको छ । लाखौं वर्ष लागेर बनेको सुन्दर ओपलाइज्ड काठको प्रतीरूप पुराना काठका टुक्राहरूको बीचमा रंगीन पिगमेन्ट सहितका रेजिन भरेर काठका आकर्षक बस्तु बनाइन्छ । प्राकृतिक चिरा भएका काठका फ्ल्याकमा घाँसपातसहित निलो रंगको रेजिन भरेर बनाइने टेबल ठ्याक्कै जंगलको बीचबाट नदी बगेको जस्तै देखिन्छ । काठ र रेजिनका घडीलगायत थुप्रै आकर्षक सजावटी सामान भेटिन्छ । अहिलेका युवापुस्ता माझ प्रिजर्भ्ड फ्लावर ज्वेलरी निकै लोकप्रिय छ, जहाँ प्राकृतिक फूललाई रेजिनभित्र सधैंका लागि ताजा राख्न सकिन्छ ।

रेजिनको अद्भुत गुण, परदर्शी विशेषतालाई उपयोग गर्दै अहिले रेजिनका शिवलिंगहरू निकै लोकप्रिय बन्न थालेका छन् । परम्परागत ढुंगाका शिवलिंगभन्दा फरक, रेजिनबाट बनेका यी सिसा जस्तै कञ्चन र सफा देखिन्छन्, जसकोभित्र एलइडी लाइट जडान गरिन्छ । यसले पूरा शिवलिंग भित्रैदेखि जगमगाउँछ । यस्तो लाग्छ कि भगवान् शिवको ज्योति साक्षात् प्रकट भइरहेको छ ।

रेजिनबाट सिसा वा मार्बल जस्तै देखिने हलुका र मौसम प्रतिरोधी आकर्षक कलाकृतिहरू बनाउन सकिने हुँदा यसबाट ठुला सार्वजनिक स्मारक निर्माण भइरहेको छ । टोरन्टो, क्यानाडाकोमा ८.५ मिटर अग्लो मूर्ति स्पेनिस कलाकार जुमे प्लेन्साले पोलिएस्टर रेजिन र मार्बलको धुलो मिसाएर निर्माण गरेका छन् ।

## चिकित्सा र दन्त सेवामा रेजिनको कमाल

रेजिनको यात्रा केवल घर सजावटका सामानमा मात्र सीमित छैन, यो अनुहार शृंगारसम्म पुगेको छ । दाँतमा प्रयोग गरिने सेतो र बलियो पदार्थ 'डेन्टल कम्पोजिट रेजिन' हो । दाँत भर्न प्रयोग गरिने धातुको विकल्प रेजिनले दाँतको प्राकृतिक रङसँग दुरुस्तै मिल्ने गरी उपचार गर्न सम्भव भएको छ । आधुनिक दन्त चिकित्सामा झन्डै ९० प्रतिशत 'फिलिङ' रेजिनकै माध्यमबाट गरिन्छ, किनकि यो दाँतसँग यति बलियो गरी टाँसिन्छ कि चपाउँदाको ठुलो दबाब पनि यसले सजिलै झेल्न सक्छ ।

चिकित्सा विज्ञानको अर्को चमत्कार भनेको प्रोस्थेटिक्स अर्थात् कृत्रिम अंगहरूमा रेजिनको प्रयोग हो । हात वा खुट्टा गुमाएका व्यक्तिहरूका लागि बनाइने कृत्रिम अंगहरूमा रेजिन र फाइबरग्लासको मिश्रण प्रयोग गरिन्छ । यसले गर्दा ती अंगहरू निकै हलुका तर स्टिल जत्तिकै बलिया हुन्छन् ।

इन्जिनियरिङ र मेडिकल साइन्सको यो फ्युजनले गर्दा अब थ्री-डी प्रिन्टिङमार्फत व्यक्तिको शरीरको आकार अनुसार ठ्याक्कै मिल्ने हड्डीका मोडेल वा दाँतको सेट मिनेटभरमै तयार पार्न सकिन्छ । रेजिनको 'बायो-कम्प्याटिबल' गुणले गर्दा यसले मानव शरीरसँग कुनै नकारात्मक प्रतिक्रिया गर्दैन, जसले गर्दा यो सुरक्षित र भरपर्दो सावित भएको छ । यसरी एउटा कलाकारको क्यानभासबाट सुरू भएको रेजिनको कथा आज अस्पतालका शय्यासम्म पुगेर मानव सेवाको एउटा बलियो आधार बनेको छ ।



## रेजिन थ्रिडी प्रिन्टिङ

रेजिनको कथामा सबैभन्दा आधुनिक र उत्साहजनक अध्याय हो थ्रिडी प्रिन्टिङ । परम्परागत रूपमा कुनै पनि वस्तु हातले बनाउने वा मोल्डमा ढाल्ने गर्नुपर्थ्यो, तर थ्रिडी प्रिन्टिङले कम्प्युटरको डिजाइनलाई सिधै भौतिक वस्तुमा बदलिदिएको छ । यस प्रविधिमा विशेष प्रकारको युभी रेजिन प्रयोग गरिन्छ, जुन प्रकाशको सम्पर्कमा आउनासाथ तुरुन्तै ठोस बन्दछ ।

'फोटो-पोलिमराइजेसन' भनिने यो पक्रियामा पत्र-पत्र थपिँदै जान्छ । एउटा तह जम्नका लागि मात्र २ देखि १० सेकेन्ड जति समय लाग्छ । यसरी पत्र-पत्र थपिँदै जाँदा केही घण्टाभित्रै जटिल र मसिनो बुट्टा भएको बस्तुहरू जस्तै मूर्ति, मेसिनको पुर्जा, दन्त चिकित्साका मोडेल, गहनाका नमुना र इन्जिनियरिङका प्रोटोइप वा पुर्जाहरू तयार हुन्छ ।

नेपालमा पनि यसको प्रयोग तीव्र रूपमा बढिरहेको छ । जहाँ हातले बनाउँदा कैयौं दिन लाग्ने काम थ्रिडी प्रिन्टरले ९२ प्रतिशतसम्मको शुद्धता र कपाल जत्तिकै मसिना विवरणका साथ तुरुन्तै तयार पारिदिन्छ । यसरी प्रविधिको यो फड्कोले अब एउटा कलाकार वा इन्जिनियरले आफ्नो सपनालाई कम्प्युटरमा कोरेर केही घण्टामै रेजिनमार्फत एक ठोस र जीवन्त स्वरूपमा उतार्न सफल भएको छ ।

## फोहोरबाट मोहोर : रिसाइकल र रेजिनको पर्यावरणीय नाता

रेजिनको कथा केवल नयाँ सामग्री बनाउनुमा मात्र सीमित छैन, यसले कवाड र फाल्न लागिएका फोहोरलाई समेत नयाँ जीवन दिने क्षमता राख्छ । अहिलेको 'सस्टेनेबल' संसारमा रेजिनलाई प्लास्टिक र सिसाको पुनः प्रयोगका लागि एउटा बलियो 'बाइन्डिङ एजेन्ट'का रूपमा प्रयोग गर्न थालिएको छ । फालिएका प्लास्टिक वा फुटेका सिसाका साना-साना दानामा बदलेर रेजिनसँग मिसाइन्छ । यो मिश्रणबाट बन्ने सामग्री ढुंगा जत्तिकै बलियो हुन्छ, जसलाई हामी 'सिन्थेटिक मार्बल' वा 'रेजिन-ग्लास टायल' भन्न सक्छौं ।

निर्माण क्षेत्रमा प्रयोग हुने परम्परागत कंक्रिटको तुलनामा रेजिन र रिसाइकल गरिएका सामग्रीबाट बनेका इँटा वा टायलहरू झण्डै ३० प्रतिशत हलुका र बढी लचिला हुन्छन्, जसले भूकम्पीय जोखिमसमेत कम गर्न मद्दत गर्छ । अहिलेका सचेत कलाकारहरूले त फुटेका सिसाका टुक्राहरूलाई पारदर्शी रेजिनभित्र सजाएर 'क्रिस्टल' जस्तै चम्किलो कलाकृति बनाउँदै छन् । यसले एकातिर वातावरण सफा राख्न मद्दत गर्छ भने अर्कोतिर फोहोरलाई बहुमूल्य वस्तुमा बदल्छ । यसरी रसायनशास्त्रको यो जादुले एकातिर नयाँ संरचना निर्माण गर्छ भने अर्कोतिर हाम्रो धर्तीलाई प्रदूषणमुक्त बनाउने एउटा 'ग्रिन इन्जिनियरिङ'को बलियो आधार खडा गरिदिन्छ ।

## परम्परा र प्रविधिको एउटा सुखद् संगम

माटोको सुगन्ध र ढुंगाको कठोरताबाट सुरू भएको नेपाली कलाको यो सुदूर यात्रा आज रेजिन र थ्रिडी प्रिन्टिङजस्ता अत्याधुनिक वैज्ञानिक उपलब्धिहरूसम्म आइपुगेको छ । हामीले देख्यौं कि सामग्री केवल एउटा माध्यम मात्र होइन, यो समयको परिवर्तन र मानिसको अजेय सिर्जनशीलताको एउटा बलियो प्रमाण पनि हो । हिजो हाम्रा पुर्खाहरूले परम्परागत सीपमा आफ्नो आस्था कुँदेका थिए भने, आजको पुस्ताले इन्जिनियरिङ र रसायनशास्त्रको मद्दतले कलालाई अझ पारदर्शी, हलुका र टिकाउ बनाउँदै छ ।

चाहे त्यो पूजा कोठामा जगमगाउने शिवलिंग होस्, जलविद्युत्का जटिल टर्बाइनका पारदर्शी भाग, वा फोहोर प्लास्टिकलाई मोहोरमा बदल्ने 'ग्रिन इन्जिनियरिङ', रेजिनले हरेक क्षेत्रमा एउटा आधुनिक क्रान्ति ल्याएको छ । यसले नेपाली कलाकार र इन्जिनियरहरूलाई विश्वव्यापी मञ्चमा प्रतिस्पर्धा गर्न सक्ने नयाँ हतियार र पखेटा दुवै दिएको छ । कला र विज्ञानको यो जादुमयी मेलले नै हाम्रो मौलिकतालाई आधुनिक युगको मागसँग जोडेको छ, जहाँ निर्जीव पदार्थले पनि मानव स्पर्श र प्रविधिको साथ पाएपछि भविष्यको एउटा नयाँ र सुनौलो कथा सुनाउन थाल्छ ।

## इन्जिनियरको मोक्ष यात्रा

काठमाडौं विश्वविद्यालयको कबाडीकलाको अभियानमा फलामको प्रयोग त उल्लेख्य मात्रामा भइरहेको छ । निर्माणधीन स्टिल स्तम्भको टुप्पोमा पारदर्शी स्फटिकको प्रतिनिधित्व गर्दै इपोक्सी रेजिनको २५ से.मी. गोलो र ७५ से.मी. अग्लो शिबलिंग निर्माण सकिनै लागेको छ । यो विशेष मूर्तिकलाले आधुनिक इन्जिनियरिङ र आध्यात्मिक आस्थाको एउटा अनुपम संगम प्रस्तुत गरेको छ । १:३ को अनुपातमा रेजिन र हार्डनरको मिश्रण प्रयोग गरी बनाइएको यो सिर्जनाले वस्तुहरूलाई शताब्दीयौंसम्म सुरक्षित राख्ने प्रिजर्भेसन प्रविधिको सफल प्रदर्शन गरेको छ । यस कलाकृतिको माथिल्लो भागमा भगवान् शिवको जटा जस्तो स्वरूप, रुद्राक्षको माला र शिवका आँखाजस्ता प्रतीकात्मक बुट्टाहरूले यसलाई एउटा छुट्टै आकर्षण दिएका छन् ।

यसको अर्को महत्त्वपूर्ण पक्ष भनेको यसभित्र सुरक्षित राखिएका धेरै प्रकारका सामग्रीहरू हुन् । तीमध्ये विशेष धातुको टुक्रा पनि छ, जुन ई-वेस्ट अर्थात् पुराना विद्युतीय फोहोरलाई गलाएर र ढालिएर बनाइएको हो । यहाँ त्यस्ता धेरै वस्तुहरूलाई स्थान दिइएको छ जुन अन्यथा फालिन सक्थे तर तिनीहरू काठमाडौं विश्वविद्यालयको जीवित इतिहास हुन् । यस्ता सामग्रीहरूको उचित व्यवस्थापन र संरक्षणले भविष्यमा विश्वविद्यालय भ्रमण गर्ने सरोकारवालाले उनीहरूको इतिहासको लुकेको खजानाको रूपमा गर्व गर्न सकून् । यस मूर्तिको सुन्दरताका लागि यसको भित्री भागमा विशेष लाइटिङ जडान हुँदै छ, जसका कारण मूर्तिले एउटा दिव्य रूप लिनेछ । विश्वविद्यालयमा भइरहेको यो प्रयोगले एकातिर हाम्रा महत्त्वपूर्ण सांस्कृतिक सामग्री र फोहोर मानिने वस्तुहरूलाई सधैंका लागि 'टाइम क्याप्सुल'मा झैं सुरक्षित राख्न सकिन्छ भन्ने पुष्टि गर्छ भने, अर्कोतिर अनुसन्धान र सिर्जनशीलतालाई जोडेर भविष्यका लागि नयाँ सम्भावनाको ढोका खोलेको छ ।

यो कलात्मक, रचनात्मक र नवीनताका साथ भविष्यको लागि सुन्दर सम्पदा सिर्जना गर्न निर्जीव प्राविधिक र इन्जिनियरहरूको कामको उदाहरण हो । हामी आशा गरौं भविष्यमा प्रत्येक इन्जिनियरहरूले आफ्नो प्रत्येक डिजाइनमा परम्परागत वा अतिआधुनिक सामग्री प्रयोग गर्दै कलात्मक उत्कृष्ट कृतिहरू समावेश गर्नेछन् । त्यो मोक्ष र निर्वाणको मार्ग हुनसक्छ ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

## कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८२/१२/०७ गतेको सौर्य राष्ट्रिय दैनिक**

**बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/१२/२७ गते कार्यालय समय भित्र**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीहरुले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे सम्बन्धित शाखा कार्यालयमा खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **१. ऋणी: अमरनाथ यादव**<br>बाबुको नाम : रघुवीर राय<br>बाजेको नाम : अनुप राय<br>ठेगाना : मुसैली-०७, सर्लाही<br>हाल: मलंगवा-०७, सर्लाही<br>ना.प्र.नं. : ६९७९१३८४, जारी मिति : २०५९/०३/०४<br>जारी गर्ने कार्यालय : जि.प्र.का., सर्लाही<br>**कर्जा लिएको शाखा : वयलवास, महोत्तरी**<br><br>**जमानतकर्ताको विवरण**<br>**क) नाम: प्रमिला कुमारी देवी**<br>बाबुको नाम : राजेश्वर राम यादव<br>पतिको नाम: अमरनाथ यादव<br>ससुराको नाम : रघुविर राय<br>ठेगाना : मुसैली-०७, सर्लाही<br>हाल: मलंगवा-०७, सर्लाही<br>ना.प्र.नं. : १९३०३२/३७०, जारी मिति : २०६३/१०/१०<br>जारी गर्ने कार्यालय : जि.प्र.का., सर्लाही | **ख) नाम: गौतम प्र. यादव**<br>बाबुको नाम : अमर नाथ यादव<br>बाजेको नाम : रघुविर राय<br>ठेगाना : मलंगवा-०७, सर्लाही<br>ना.प्र.नं. : १९-०१-७८-१४८२९<br>जारी गर्ने कार्यालय : जि.प्र.का., सर्लाही<br>जारी मिति : २०७८/१०/२३<br>**ग) नाम : दर्वी देवी**<br>बाबुको नाम: जनक राय<br>पतिको नाम: रघुवीर राय<br>ससुराको नाम: अनुप राय<br>ठेगाना : मुसैली-०८, सर्लाही<br>हाल: मलंगवा-०८, सर्लाही<br>ना.प्र.नं.: ३३७, जारी मिति : २०६३/१०/१०<br>जारी गर्ने कार्यालय : जि.प्र.का., सर्लाही |

**सुरक्षणमा रहेको धितोको विवरण:** श्री भूमिसुधार तथा मालपोत कार्यालय मलंगवा, सर्लाहीमा दर्वी देवीको नाममा दर्ता कायम रहेको सर्लाही जिल्ला, मुसैली -०८, स्थित कि.नं. ५९२ को क्षेत्रफल ३९७.८८ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **२. ऋणी: सन्तोष चौधरी**<br>बाबुको नाम : लटु चौधरी थारु<br>बाजेको नाम : लेलाई चौधरी<br>ठेगाना : फुलकाहा कट्टी-०६, सिरहा<br>हाल : धनगढी माई-०४, सिराहा<br>ना.प्र.नं. : १५-०३-४९/६९<br>जारी गर्ने कार्यालय : जि.प्र.का., सिरहा<br>जारी मिति : २०७०/०१/२६<br>**कर्जा लिएको शाखा: लहान, सिरहा** | **क) नाम: बसन्ती देवी चौधरी**<br>पतिको नाम : सन्तोष चौधरी<br>ससुराको नाम : लटु चौधरी थारु<br>ठेगाना : धनगढी माई-०४, सिराहा<br>ना.प्र.नं. : १५-०१-७३-०४८५८, जारी मिति : २०७३/०५/२१<br>जारी गर्ने कार्यालय : जि.प्र.का., सिरहा<br>**ख) नाम: श्री प्रसाद चौधरी**<br>बाबुको नाम :लटु चौधरी थारु<br>बाजेको नाम : लेलाई चौधरी<br>ठेगाना : धनगढी माई-०४, सिरहा<br>ना.प्र.नं. : १५-०१-७३-०७२०१, जारी मिति : २०७३/०८/२०<br>जारी गर्ने कार्यालय : जि.प्र.का., सिरहा |

**सुरक्षणमा रहेको धितोको विवरण:**
१) श्री मालपोत कार्यालय लहान सिरहामा सन्तोष चौधरीको नाममा दर्ता कायमा रहेको जिल्ला सिरहा फुलकाहाकट्टी-०६/६क, स्थित कित्ता नं. १३१७ को क्षेत्रफल ३३८६.४० ब.मी. रहेको घर/जग्गा तथा सोले चर्चेको सम्पुर्ण लिगलगापात समेत।
२) श्री मालपोत कार्यालय लहान सिरहामा श्री प्रसाद चौधरी र सन्तोष चौधरीको संयुक्त नाममा दर्ता कायमा रहेको जिल्ला सिरहा फुलकाहाकट्टी-०६/६क, स्थित कित्ता नं. १२२ को क्षेत्रफल ५०७.९६ ब.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| ऋणी/संचालक/जमानतकर्ताको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **३. ऋणी: चन्द्र रेखा इन्टरप्राइजेज प्रा.लि.**<br>दर्ता गर्ने कार्यालय : उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिस्टारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौं<br>फर्मको ठेगाना : बेलडाडी-२, कञ्चनपुर<br>दर्ता नं. : २०१७३२/०७५/०७६<br>दर्ता मिति : २०७५/०७/१४<br>पान नं. : ६०६५५६९९८<br>**संचालक/जमानतकर्ता (एकल सेयरधनी)को नाम : चन्द्र सिंह थापा**<br>बावुको नाम : भवान सिंह थापा<br>बाजेको नाम : कासी सिंह थापा<br>ठेगाना : दशरथचन्द-०८, बैतडी<br>हाल : बेलडाडी-०१, कञ्चनपुर<br>ना.प्र.नं. : २९१५, जारी मिति : २०४१/०१/०६<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बैतडी<br>**कर्जा लिएको शाखा : महेन्द्रनगर शाखा** | **क) नाम : रिचेन्द्र थापा**<br>बाबुको नाम : चन्द्र सिंह थापा<br>बाजेको नाम : भवान सिंह थापा<br>ठेगाना : भीमदत्त-०४, कञ्चनपुर<br>हाल : बेलडाडी-०१, कञ्चनपुर<br>ना.प्र.नं.: ७५-०१-७६-०७५३०<br>जारी मिति : २०७६/०७/१४<br>जारी गर्ने कार्यालय : जि.प्र.का., कञ्चनपुर<br>**ख) नाम : रिची थापा**<br>बाबुको नाम : चन्द्र सिंह थापा<br>बाजेको नाम : भवान सिंह थापा<br>ठेगाना : भीमदत्त-०४, कंन्चनपुर<br>हाल : बेलडाडी-०१, कञ्चनपुर<br>ना.प्र.नं.: ७५-०१-७५-०१०६९<br>जारी मिति : २०७५/०१/२८<br>जारी गर्ने कार्यालय : जि.प्र.का., कंन्चनपुर<br>**ग) नाम : रेखा थापा**<br>बाबुको नाम : कर्न बहादुर बिष्ट<br>पतिको नाम : चन्द्र सिंह थापा<br>ससुराको नाम : भवान सिंह थापा<br>ठेगाना : बेल्डाडी-०९, कञ्चनपुर<br>हाल : बेलडाडी-०१, कञ्चनपुर<br>ना.प्र.नं.: २०२२, जारी मिति : २०५९/०९/०२<br>जारी गर्ने कार्यालय : जि.प्र.का., कञ्चनपुर |

**सुरक्षणमा रहेको धिताको विवरण:** श्री मालपोत कार्यालय बेलौरी, कञ्चनपुरमा श्री चन्द्र सिंह थापाको नाममा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला बेल्डांडी ०९, स्थित कित्ता नम्बर १८७४ र १८७६ को क्षेत्रफल क्रमश : ३८२०.२२ र ३१४२.९७ वर्ग मिटर रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**शर्तहरु :**

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

# ट्रम्प संकटमा, चीन बलियो



■ एजेन्सी

बेइजिङ। मध्यपूर्व युद्धले अमेरिकी कूटनीतिक समीकरण हल्लाइरहेका बेला प्रस्तावित अमेरिका-चीन शिखर सम्मेलनमा शक्ति सन्तुलन बेइजिङतर्फ झुक्ने संकेत देखिएको छ। विश्लेषकहरूका अनुसार इरान-इजरायल द्वन्द्वमा फसेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प कमजोर स्थितिमा पुगेका छन्। यसले चिनियाँ राष्ट्रपति सी जिनपिङलाई वार्तामा थप लाभ लिन सक्ने अवस्था बनाएको छ।

यसै महिनाको अन्त्यतिर बेइजिङ भ्रमण गर्ने तय भए पनि मध्यपूर्वको बिग्रँदो परिस्थितिका कारण ट्रम्पले आफ्नो यात्रा केही हप्ताका लागि स्थगित गरेका छन्। इजरायलसँग मिलेर इरानमाथि आक्रमण गर्ने निर्णयपछि क्षेत्रीय हिंसा चर्किएको, ऊर्जा मूल्य उच्च विन्दुमा पुगेको र इरानले स्ट्रेट अफ होर्मुज प्रभावकारी रूपमा बन्द गरेपछि विश्वव्यापी आपूर्ति अवरोधको जोखिम बढेको पृष्ठभूमिमा उनको कूटनीतिक विकल्प सीमित बन्दै गएको विश्लेषण गरिएको छ।

युद्धको अन्त्य कसरी गर्ने भन्ने स्पष्ट रणनीति तय गर्न कठिनाइ भइरहेका बेला परम्परागत सहयोगीहरूबाट पनि अपेक्षित समर्थन नपाउँदा ट्रम्प चीनसँग कूटनीतिक उपलब्धि खोज्न बाध्य हुनसक्ने आकलन गरिएको छ। अन्तर्राष्ट्रिय क्राइसिस ग्रुपका वरिष्ठ सल्लाहकार अली विनले अमेरिकी शक्ति प्रदर्शन उल्टै असर पार्दै 'अमेरिकी सर्वशक्तिको भ्रम कमजोर बनाएको' टिप्पणी गरे। उनका अनुसार होर्मुज जलडमरूमध्य पुनः खोल्न एक्लै असमर्थ अमेरिकालाई अहिले आफ्नै प्रतिद्वन्द्वी चीनको सहयोग आवश्यक परेको छ।

मंगलबार ट्रम्पले आफू '५ वा ६ हप्ताभित्र' चीन जाने अपेक्षा गरेको बताएका थिए। सम्भावित शिखर सम्मेलनको मुख्य उद्देश्य अघिल्लो अक्टोबरमा दक्षिण कोरियामा भएको भेटमा सहमति भएको भन्सार शुल्क युद्धविरामलाई औपचारिक रूप दिने मानिएको छ। तर वर्तमान कमजोर अवस्थाले अमेरिकालाई गहिरो कर कटौती वा महत्त्वपूर्ण खनिज पहुँचजस्ता विषयमा कडा अडान लिन कठिन हुने देखिएको छ।

गत सप्ताहन्त पेरिसमा भएको अमेरिका-चीन व्यापार वार्तालाई 'रचनात्मक' भनिए पनि ठोस उपलब्धि नदेखिएको विश्लेषण गरिएको छ। युरेशिया समूहका डान वाङका अनुसार व्यापार, प्रविधि र अधिकारसम्बन्धी दीर्घकालीन विवादका कारण द्विपक्षीय विश्वास कमजोर बनेको छ, जसले ठुलो सहमतिको सम्भावना सीमित बनाएको छ। त्यसमाथि, चीनसहित ६० अर्थतन्त्रमा अतिरिक्त औद्योगिक क्षमतासम्बन्धी अमेरिकी अनुसन्धानले बेइजिङलाई असन्तुष्ट बनाएको छ।

यसबीच चीनले आफ्नो रणनीतिक लाभ जोगाइरहेको देखिन्छ। बेइजिङले होर्मुज जलडमरूमध्य पुनः सञ्चालनमा ल्याउन अमेरिकाको आग्रहलाई हालसम्म बेवास्ता गरेको छ भने दुर्लभ पृथ्वी खनिज (रेयर अर्थ) निर्यातमा कडाइ पनि यथावत राखेको छ। यी खनिजहरू अमेरिकी रक्षा उद्योगका लागि अत्यावश्यक मानिन्छन्। सिंगापुरको नेसनल युनिभर्सिटीका जेसन बेडफोर्डका अनुसार केही 'भारी' दुर्लभ पृथ्वी तत्त्वहरू ड्रोन, जेट, मिसाइल प्रणाली र राडारमा प्रयोग हुने भएकाले तिनको आपूर्ति नियन्त्रणले अमेरिकी सैन्य उत्पादनमै असर पार्न सक्छ।

अमेरिकाको आन्तरिक राजनीतिमा पनि यस संकटको प्रभाव देखिन सक्ने संकेत गरिएको छ। चीनले कृषि उत्पादन खरिदजस्ता विषयलाई वार्तामा दबाबका रूपमा प्रयोग गर्न सक्ने बताउँदै विश्लेषकहरूले रिपब्लिकन दलका लागि महत्त्वपूर्ण मध्यावधि निर्वाचनमा यसको असर पर्न सक्ने बताएका छन्। फुदान विश्वविद्यालयका वु सिन्बोले चीनसँग सम्बन्ध स्थिर राख्न नसक्दा अमेरिकाले थप चुनौती सामना गर्नुपर्ने चेतावनी दिए।

यद्यपि, सम्भावित शिखर सम्मेलनले दुवै देशका दीर्घकालीन भू-रणनीतिक लक्ष्यमा ठुलो परिवर्तन ल्याउने सम्भावना कम देखिएको छ। ट्रम्प प्रशासनले बढ्दो ऊर्जा मूल्य नियन्त्रण गर्न इरानी तेलमाथिका केही प्रतिबन्ध खुकुलो पार्ने विचार गरिरहेको बताइएको छ, जसले चीनलाई लाभ पुग्न सक्ने विश्लेषण गरिएको छ। चीनलाई प्रतिबन्धित इरानी तेलको मुख्य खरिदकर्ता मानिने भएकाले यसले तेहरानको अर्थतन्त्रलाई सहारा दिने भूमिका खेलिरहेको छ।

यता, ताइवानलाई अमेरिकी हतियार आपूर्ति जारी रहुन्जेल चीनले इरानसँगको रक्षा सहकार्य सीमित गर्ने कुनै प्रेरणा नपाउने विश्लेषकहरूले बताएका छन्। यसले व्यापक शक्ति प्रतिस्पर्धा अझ जटिल बनाएको छ।

बेइजिङका सर्वसाधारणबीच पनि ट्रम्पको सम्भावित भ्रमणप्रति मिश्रित प्रतिक्रिया देखिएको छ। एक स्थानीय आइटी कर्मचारीले उनलाई 'अस्थिर निर्णय गर्ने नेता' का रूपमा चित्रण गर्दै सम्झौतापछि पनि धारणा परिवर्तन हुन सक्ने बताएका छन्। अर्का एक वित्त क्षेत्रका कर्मचारीले भने अमेरिकी पक्षबाट अझै पनि सकारात्मक सम्बन्धको संकेत आएको रूपमा यस भ्रमणलाई हेरेका छन्।

# संयुक्त राष्ट्रसंघद्वारा मध्यपूर्वमा तनाव कम गर्न आह्वान

■ एजेन्सी

बेल्जियम। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले अमेरिका र इजरायललाई कडा चेतावनी दिँदै मध्यपूर्वमा व्याप्त द्वन्द्वको तुरुन्तै अन्त्य गर्न आग्रह गरेका छन्।

सामाजिक सञ्जाल एक्समा गुटेरेसले सन्देश प्रवाह गर्दै संयुक्त राज्य अमेरिका र इजरायललाई यो युद्ध अन्त्य गर्ने उत्तम समय भएको बताएका छन्, जुन नियन्त्रणबाट बाहिर निस्कने जोखिम उठाउँदै छ। युद्धले विश्वव्यापी अर्थतन्त्रमा नकरात्मक प्रभाव पार्दै कम विकसित देशहरूका लागि दुःखद् परिणाम निम्त्याइरहेको उनले बताएका छन्।

यसै गरी इरानलाई आफ्ना छिमेकीहरूमाथिको आक्रमण गर्न बन्द गर्न आह्वान गर्दै, तिनीहरू कहिल्यै द्वन्द्वमा सहभागी नभएको उनले उल्लेख गरेका छन्। सुरक्षा परिषद्ले यी आक्रमणहरूको निन्दा गर्दै तत्काल रोक्न आदेश दिएको छ। होर्मुजको जलमार्ग लामो समयसम्म बन्द हुँदा संसारभरका मानिसहरूका लागि ठुलो पीडा हुने बताउँदै परिषद्ले यसको द्वन्द्वसँग कुनै सम्बन्ध नरहेको जनाउदै स्ट्रेट अफ होर्मुज खोल्ने आदेश दिएको छ। परिषदले कानुनले बलमाथि प्रभुत्व जमाउने समय भएको जनाउदै यसले यो युद्धमाथि कूटनीतिको विजय हुने समय भएको जनाएको छ।

गुटेरेसको टिप्पणी हालै क्षेत्रीय पूर्वाधारलाई लक्षित गरी इरानी आक्रमणको प्रतिक्रियामा आएको छ। जसले मध्य पूर्वमा तनाव बढाउनुका साथै विश्वव्यापी ऊर्जा आपूर्तिमा चिन्ता बढाएको छ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले पनि तत्काल द्वन्द्व समाधानको आवश्यकतामा जोड दिदै सामाजिक सञ्जाल एक्समा मध्यपूर्वमा स्थिरता पुनर्स्थापना गर्न ठोस शान्ति योजना ल्याउनु पर्ने बताएका छन्।

यसैबीच बेलायती प्रधानमन्त्री कीर स्टारमरले कतारी ग्यास पूर्वाधारमा भएको इरानी आक्रमणको निन्दा गरेका छन्।

विश्वव्यापी रूपमा नेताहरूले द्वन्द्वलाई अझ बढ्नबाट रोक्न र व्यापक मानवीय र आर्थिक संकटहरू सिर्जना नगर्न र संयम भई स्वतन्त्रताको पुनर्स्थापना र तत्काल कूटनीतिक तथा ठोस शान्ति प्रक्रिको आह्वानको लागि अनुरोध गरेका छन्।

## के हुनुपर्छ...

बालेन सरकारले आन्दोलनको म्यान्डेट बोक्छ कि बोक्दैन भन्ने प्रतीक्षाको विषय बनेको छ। तर, ५ बर्से स्थिर सरकार बन्ने अवस्था भएकाले सरकारले कुन क्षेत्रमा कसरी हात हाल्छ र परिणाम निकालेर जनतालाई आश्वस्त पार्न सक्छ भन्ने चासो सर्वाधिक छ। रास्वपाले चुनावअघि सार्वजनिक गरेको नागरिक करार र बाचापत्र अनुसार नै काम गर्ने बताइरहेको छ। सरोकारवालाहरूले पनि सरकारको पहिलो प्राथमिकतामा पर्नुपर्ने विषय सुझाइरहेका छन्।

## चरम गुटबन्दी..

तत्कालीन समयमा नेकपाको आन्तरिक द्वन्द्वका कारण विघटित भएको प्रतिनिधिसभा जोगाउन कांग्रेसले अग्रसरता लिनु त्यसबेलाको राजनीतिको आवश्यकता र बाध्यता भए पनि संसद् र संविधान रक्षाका लागि बनेको गठबन्धन चुनाव जित्नका लागि पनि प्रयोग भएपछि त्यसले पार्टी पंक्तिमा गम्भीर असन्तुष्टि ल्याएको शर्माले भनेका छन्। यसले नागरिक पंक्तिमा गठबन्धन शब्द नै अलोकप्रिय बनाएको र नागरिकमा रोष र आक्रोशको आकार बढाउन बल पुऱ्याएको उनको निष्कर्ष छ।

त्यस्तै, शर्माले एमालेसँगको गठबन्धन कांग्रेसका लागि सबैभन्दा घातक भएको पनि बताएका छन्। गठबन्धनमा कुनै सल्लाह र सहमतिबेगर सामाजिक सञ्जालसम्बन्धी विधेयक राष्ट्रियसभामा दर्ता भएको र गर्नुपर्ने काम नगर्ने, नगर्नुपर्ने काममा हात हाल्ने गतिविधिले जेनजी विद्रोह भएको र त्यही गतिविधि कांग्रेसको पराजयका लागि वातावरण बनेको प्रतिवेदनमा उल्लेख छ। 'प्रतिपक्ष कमजोर हुँदा अन्ततः संसद्बाहिरको स्वर सामाजिक सञ्जालमार्फत् थप बलियो बन्न सुरु भयो। त्यो स्वरले जेनजी विद्रोहमा प्रमुख भूमिका निभायो, अनि त्यही स्वर फागुन २१ गते हामीविरुद्धको मतमा रूपान्तरण हुन पुग्यो,' शर्माले भनेका छन्। यसका साथै गठबन्धन हुँदै गर्दा पनि पार्टीभित्र कुनै पनि छलफल नभएको शर्माले आफ्नो प्रतिवेदनमा उल्लेख गरेका छन्। 'पार्टीको महामन्त्री तहमा समेत संवाद नगरी अपारदर्शी ढंगले रातारात सम्झौता भएको थियो,' शर्माको प्रतिवेदनमा छ।

## बालेनसहित झापाबाट..

तत्कालीन कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा महाअभियोगको विपक्षमा प्रष्ट उभिएपछि सो कदमबाट तत्कालीन सरकार पछि हटेको थियो। इन्दिरा यस पटक पनि सभामुख वा उपसभामुख बन्ने निश्चित भएको रास्वपा झापाका नेताले बताए।

यस्तै, दोस्रो पटक सांसद भएकी निशा डाँगीसँग पनि खासै राजनीतिक अनुभव छैन। साविक पृथ्वीनगर हाल भद्रपुर नगरपालिका-१ की स्थायी बासिन्दा डाँगीको परिवार काठमाडौँमा व्यवसाय (किराना पसल) गरेर बस्दै आएको रास्वपा झापाका ती नेताले बताए। निवेदन हालेरै डाँगी रास्वपामा आबद्ध भएकी हुन्। सदस्य बनेको केही समयपछि नै उनलाई रास्वपाले २०७९ मा समानुपातिक सांसद बनाएको हो। त्यसबेला सबैभन्दाकान्छी सांसदको रेकर्ड उनको नाममा थियो।डाँगीलाई रास्वपाले संसदीय दलको सचेतकको जिम्मेवारी दिए पनि उनी ओझेलमै परिन्। उनले संसद्मा खास धेरै पटक नबोलेको विगत छ। निशालाई सांसद बनाउन भने रास्वपा झापाका कार्यकर्ताले आन्तरिक रूपमा ठुलै संघर्ष गरेका छन्। त्यसबेला निशालाई समानुपातिक सांसद बनाउन डेलिगेसन नै जानुपरेको ती नेताले सुनाए। उनले भने, 'विगतमा संसद्मा सचेतकको भूमिका निर्वाह गरिसकेकाले संसद्मा यस पटक निशाको भूमिका थप प्रभावकारी हुने विश्वास छ।'

रास्वपाका सांसदद्वय प्रकाश पाठक र शम्भु ढकाल (सुस्केरा)को पृष्ठभूमि पनि राजनीति होइन। पाठक पत्रकारिता क्षेत्रबाट आएका हुन् भने ढकाल प्रहरीबाट सेवानिवृत्त हुन्। झापा र काठमाडौँबाट पत्रकारिता गरेका पाठक र ढकालको सञ्चार कर्म गरेको समान अनुभव छ। पाठक रास्वपा झापा उपाध्यक्ष र ढकाल सचिव हुन्। यसबाहेक उपल्लो तहमा राजनीतिक जिम्मेवारी सम्हालेको अनुभव उनीहरूसँग छैन।

रास्वपाबाट समानुपातिक सांसद बनेका रमेश प्रसाईंको राजनीतिक पृष्ठभूमि पनि लामो छैन। स्थापना भएको छोटो समयमै पार्टीले राजनीतिक उथलपुथल गरिसकेकाले अनुभवको कुराले खासै महत्व नराख्ने रास्वपा नेताहरू बताउँछन्। गीत संगीत, मोटिभेसन र प्रभावशाली वक्ताको छवि बनाएका प्रसाईं पार्टीको माथिल्लो जिम्मेवारीमा रहेका नेता हुन्। दृष्टिविहीन उनी धाराप्रवाह बोल्न सक्छन्। उनी पार्टीको सहप्रवक्ताको जिम्मेवारीमा पनि छन्।

रास्वपाकी अर्की समानुपातिक सांसद टीका संग्रौला (ज्वाला) को पनि उल्लेखनीय राजनीतिक विगत र योगदान छैन। सामाजिक सञ्जालमा निकै चर्चा बटुलेकी ज्वाला महिला हिंसाकी कट्टर विरोधी हुन्। अन्यायविरुद्ध आगो ओकल्ने ज्वाला रास्वपाकी केन्द्रीय सदस्य हुन्। सामाजिक अभियन्ताको छवि भएकी उनी प्रखर युवा हुन्। उनमा पनि राजनीतिको गहिरो अनुभव भने छैन। प्रसाईं र संग्रौला रास्वपामा सक्रिय भए पनि राष्ट्रिय छवि बनाएका राजनीतिककर्मी नभएको उनीहरूलाई नजिकबाट चिन्नेहरू बताउँछन्।

श्रम संस्कृति पार्टीबाट समानुपातिक सांसद बनेकी अम्बिकादेवी संग्रौला सो पार्टीको कुन तहमा छिन्, स्पष्ट छैन। झापा-५ की बासिन्दा उनी सुनसरीको धरानतिरै बसेर श्रमदाताको भूमिकामा रहेको सो पार्टीका झापा अध्यक्ष केशव भण्डारीले बताए। उनले संग्रौला पार्टीको टिममा रहेर काम गरेको जनाए पनि पार्टी जिम्मेवारीका विषयमा थप बताएनन्। अध्यक्ष भण्डारीले भने, 'पार्टी खुलेको अढाई महिनामै राजनीतिक अनुभव र भूमिकाभन्दा पनि उपस्थिति ठुलो कुरा हो। पार्टीले प्राप्त गरेको मतले त्यो प्रष्ट गरिसकेको छ।' अब केन्द्रीय टिम र पार्टीका अरू तहबीच छलफल र भेटघाट तीव्र हुने उनले बताए।

प्रत्यक्षतर्फ लज्जास्पद हार बेहोरेका दलहरू कांग्रेसबाट सुशीला ढकाल आचार्य र मनमाया विश्वकर्मा (मनु), एमालेबाट नीता घतानी, राप्रपाबाट खुश्बु ओली समानुपातिक कोटामा सांसद बनेका छन्। घतानी र ओली सो पार्टीका केन्द्रीय सदस्य भए पनि ढकाल र विक उपल्लो राजनीतिक जिम्मेवारीमा छैनन्। घतानी एमाले केन्द्रीय सदस्य हुन् भने ओली केन्द्रीय सदस्यसँगै पार्टीको प्रशिक्षण विभाग उपप्रमुख हुन्। राजनीतिमा निरन्तर सक्रिय ढकाल पार्टीको निवर्तमान केन्द्रीय सदस्य र साहित्यक पृष्ठभूमिकी विकको दलित मुक्ति आन्दोलनमा भूमिका बढी छ।

झापा नेपाली राजनीतिमा छुट्टै प्रभाव राख्नेमध्येको अग्रणी जिल्ला हो। पुराना दलमा त झापाको मुख्य र सशक्त नेतृत्व नै छ। तर, यस पटक नराम्रो पराजयसँगै झ्याप्पै खुम्चिएका छन्। प्रत्यक्षमा चुनाव हारेपछि ती पार्टीबाट कम राजनीतिक अनुभव भएका व्यक्ति समानुपातिक सांसद बनेका छन्। रास्वपाका वरिष्ठ नेता बालेन प्रधानमन्त्री बने पनि अन्य सांसदको भूमिका दमदार हुने सम्भावना कम छ। यसले विगतमा जस्तो संसद्मा झापाको प्रभावकारी उपस्थिति नहुने प्रष्ट भएको छ।

## काठ लिलाम विक्री सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति :२०८२।१२।७**

यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगद्धी भएको गोलिया काठ लिलाम प्रक्रिया द्धारा लिलाम बढाबढ गर्नुपर्ने भएकोले घाटगद्धीमा मौज्दात रहेको जात साल गोलिया काठ गरी ८७ थानको ८४७।७१ क्युफी काठ लाई शिलबन्दी बोलपत्रद्धारा लिलाम विक्री गर्नुपर्ने भएकोले सौर्य राष्ट्यि दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी सिलवन्दी बोलपत्र २२ औ दिनको ३ बजेभित्र यस सा.व.उ.स.को कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ। बिस्तृत जानकारीको सुचना यस सा.व.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिएको व्यहोरा समेत सुचित गरिन्छ।

**अध्यक्ष**
**श्री जनता सामुदायिक वन उपभोक्ता समुह**
**चुरे गा.पा. ०२ कैलाली**

**नेपाल सरकार**
**उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको विशेष दर्ता खारेजीको सूचना**

यस कार्यालयमा मिति २०७७/०९/२१ मा दर्ता भएको प्रा.लि.नं. २५२१७३ को राधेकृष्णा डेरी उद्योग प्रा. लि. नामक कम्पनीले दफा १३६(क) अनुसार विशेष दर्ता खारेज गरिपाउँ भनि कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसै सँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

## कम्पनीको नाम परिवर्तन भएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०७ गते**

यस ग्लोबल एडभाइजर्स प्रा. लि को मिति २०८२/१०/०५ मा बसेको विषेश साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम स्कलर पोर्ट प्रा.लि. ले सकार्ने ब्यहोर्ने गरी कम्पनी रजिस्ट्रारको कार्यालय त्रिपुरेश्वरबाट मिति : २०८२/११/११ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**स्कलर पोर्ट प्रा.लि.**
**काठमाडौं महानगरपालिका-३०, काठमाडौं,**

## कम्पनीको नाम परिवर्तन भएको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/१२/०७**

यस अल्टरनेटिभ इन्टरनेशनल एजुकेशन प्रा.ली. को मिति २०८२/०९/१३ मा बसेको बिशेष साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु ब्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम स्टार एजुकेशन प्रा.लि. ले सकार्ने व्यहोर्ने गरि कम्पनी रजिस्ट्रारको कार्यालय त्रिपुरेश्वरबाट मिति: २०८२/०९/१८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

स्टार एजुकेशन प्रा.ली.
काठमाडौँ महानगरपालिका- २८, काठमाडौँ

**नेपाल सरकार**
**उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको कम्पनी खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८१/१०/३० मा दर्ता भएको प्रा. लि. नं. ३६११६३ को **ओम्नी एआई भर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# अर्थमन्त्री खनाल बिदामा



सौर्य समाचार

काठमाडौँ । जेनजी आन्दोलनपछि गठन भएको चुनावी सरकारका अर्थमन्त्री रामेश्वर खनाल मन्त्रालयका काममा सहभागी नहुने गरी बिदामा बसेका छन् । निर्वाचन परिणामको प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पेस भएसँगै चुनावी सरकारका अर्थमन्त्री खनालले मन्त्रालयको दैनिक काममा सहभागी नहुने भन्दै बिदामा बसेका हुन् । सामाजिक सञ्जालमार्फत उनले अब आफ्नो कुलिङ पिरियड सुरु भएको बताएका छन् ।

उनले भनेका छन्, 'कुलिङ पिरियड बिगेन्स फ्रम टुडे, नो मोर नेम-ट्याग्ड ट्रायल ब्यालन, प्लिज, शुक्रबारदेखि कुलिङ पिरियड सुरु भयो । अब नाम जोडेर परीक्षणात्मक हल्ला नफैलाउनुहोस् ।' अर्थमन्त्री खनाल कुलिङ पिरियडमा बसेपछि अब नयाँ अर्थमन्त्री नआउँदासम्म मन्त्रालयका नीतिगत निर्णय रोकिने छन्, भने दैनिक प्रशासनिक निर्णयहरू भने निरन्तर रहने बताइएको छ ।

### ६ महिने कार्यकालमा के के गरे खनालले ?

जेनजी आन्दोलन पछिको कठिन घडिमा सरकारमा पुगेका अर्थमन्त्री खनालले चुनौतीपूर्ण आर्थिक अवस्थाबीच केही सुधार गरेका छन् । जेनजी आन्दोलन, कमजोर सार्वजनिक खर्च, घट्दो राजस्व र खस्किएको निजी क्षेत्रको मनोबलबीच उनले मन्त्रालय सम्हालेका थिए । चुनावका लागि स्रोत जुटाउने काम नै उनको मुख्य उपलब्धि हो । उनले विदेशी सहयोग नलिई आन्तरिक स्रोतबाटै चुनाव गराउने अडान लिएर सफल पारे ।

खनालले ६ महिनाको कार्यकाल पूरा गर्दै आफ्नो कार्यसम्पादन प्रतिवेदन सार्वजनिक गरेका छन् । खनालले अर्थ मन्त्रालयसँगै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समेत जिम्मेवारी बहन गरेका थिए । बिदा हुँदै उनले सार्वजनिक गरेको प्रतिवेदनले आगामी मन्त्रीका लागि काम गर्न आवश्यक मार्गदर्शन दिने विश्वास व्यक्त गरेका छन् ।

आफ्नो कार्यकालमा उनले आर्थिक प्रशासन सुधारका केही महत्त्वपूर्ण पहल अघि बढाएका छन् । प्रतिवेदनमा उनले प्रारम्भिक चुनौतीका रूपमा प्रतिनिधिसभा निर्वाचनका लागि सीमित स्रोतभित्र बजेट व्यवस्थापन, आन्दोलनका कारण भएको क्षति पुनर्निर्माण, सेवा अवरुद्ध भएका कार्यालयको पुनर्सञ्चालन तथा निजी क्षेत्रको मनोबल उकास्ने विषयलाई उल्लेख गरेका छन् ।

निर्वाचनका लागि १९ अर्ब ६० करोड रुपैयाँ सुनिश्चित गरिएको थियो, भने खर्च हुन नसकेका आयोजनाको १ खर्ब १९ अर्ब रुपैयाँ रोक्का गरिएकोमा ५२ अर्ब ९० करोड रुपैयाँ फुकुवा गरिएको छ ।

खनालले कार्यभार सम्हाल्दा राजस्व संकलन लक्ष्यको ७२.६५ प्रतिशतमा सीमित थियो भने वृद्धिदर ऋणात्मक अवस्थामा थियो । पुँजीगत खर्च पनि १.५६ प्रतिशत मात्रै थियो । तर हाल राजस्व वृद्धिदर ३.७७ प्रतिशत पुगेको र लक्ष्यको ८२.०२ प्रतिशत संकलन भएको उनले दाबी गरेका छन् । पुँजीगत खर्च १९.६३ प्रतिशत पुगेको छ, भने आर्थिक वृद्धिदर पहिलो त्रैमासमै ३.०२ प्रतिशत पुगेको उल्लेख गरिएको छ ।

६ महिने कार्यकालमा खनालले ८२८ निर्णय गरेकोमा अधिकांश डिजिटल प्रणालीमार्फत गरेका छन् । प्रतिवेदनअनुसार दैनिक औसत ६.६८ निर्णय गर्दै उनले प्रशासनिक सुधारमा उनले जोड दिएका थिए । एकीकृत कार्यालय व्यवस्थापन प्रणाली कार्यान्वयन, अनलाइन करचुक्ता प्रमाणपत्र, करदाता सेवा कार्यालय खारेज, राजस्व प्रणालीमा अन्तर्राष्ट्रिय भुक्तानी समावेशजस्ता सुधारका काम अघि बढाइएको प्रतिवेदनमा उल्लेख छ ।

कार्य प्रारम्भ गरेको एक साताभित्रै बजेटमा रहेका अनुपयोगी खर्च र तयारी नपुगेका तथा आर्थिक प्रतिफल नदिने आयोजनाहरूमा गरिएको विनियोजन पहिचान गरी त्यस्ता खर्च रोक्ने र आयोजना स्थगनको निर्णय गरिएकाले दुईवटा परिणाम हासिल गर्न सकिएको उनले बताएका छन् ।

खनालले आफ्नो कार्यकालमा स्वकीय सचिव र सल्लाहकार नियुक्त नगरी मन्त्रालयकै कर्मचारीसँग काम गरेका थिए । उनले सरकारी कर्मचारीको कार्यक्षमताको प्रशंसा गर्दै निजामती सेवाले परिणाममुखी काम गर्न सक्ने प्रमाणित भएको उल्लेख गरेका छन् । २०८२ भदौ मसान्तसम्मको तुलनामा उपलब्ध पछिल्लो तथ्यांकअनुसार २०८२ माघ मसान्तमा मुद्रास्फीतिको सूचक केही बढेको छ । शोधनान्तर स्थिति, चालु खाताको अवस्था र विदेशी मुद्रा सञ्चिति थप मजबुत बनेका छन् । २०८२ असोजको प्रारम्भमै निजी क्षेत्रको मनोबल बढाउन र संकटमा परेका व्यवसाय पुनरुत्थानका लागि घोषणा गरिएको व्यावसायिक पुनरुत्थान योजना कार्यान्वयन गरिएकाले भदौ महिनाको अन्तिम सातामा पुगेको आर्थिक क्षतिको प्रभाव र त्यसपछिको संक्रमण लम्बिन नपाएको उनले बताएका छन् ।

पछिल्लो समय मध्यपूर्व तथा खाडी मुलुकहरूमा चर्कँदै गएको युद्धले हामीलाई अनपेक्षित आर्थिक समस्या हुन सक्नेतर्फ उनले सचेत गराएका छन् । खनालले प्रतिवेदनमार्फत भनेका छन्, 'युद्धको तत्काल असर पेट्रोलियम पदार्थको आपूर्तिमा देखिएको छ । यसले नेपाली बजारमा आपूर्ति परिमाण र मूल्य दुवैमा प्रभाव पार्ने छ । आर्थिक वृद्धिमा नकारात्मक असर पनि पर्ने छ । खाडी मुलुकहरूमा २० लाख जति नेपालीहरूले रोजगारी तथा पेसा गरेका छन् । यदि युद्ध लम्बियो, रोजगारी र व्यावसायिक अवसर गुम्दै गयो भने, संकटमा परेका नेपालीलाई सरकारले उद्धार गर्नुपर्ने अवस्था आउन सक्छ । यसले सार्वजनिक वित्तमा चाप पर्ने छ । त्योभन्दा बढी असर आर्थिक वृद्धिदरमा पर्ने छ ।'

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले तोकेको अवधिभित्रै राष्ट्रिय योजना आयोगबाट स्रोत समितिको प्रतिवेदन प्राप्त गरी स्रोत समितिले सिफारिस गरेको १८ खर्ब ९० अर्ब रुपैयाँ बराबरको सीमामा रहेर मन्त्रालय तथा निकायहरूलाई क्षेत्रगत बजेट सिलिङ पठाउने काम सम्पन्न भएको खनालले उल्लेख गरेका छन् ।

आगामी आवको बजेट

# साढे १ खर्बको वित्तीय समानीकरण अनुदान सिफारिस




सौर्य समाचार

काठमाडौँ । आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रदेश र स्थानीय सरकारलाई वित्तीय समानीकरण अनुदानका लागि साढे १ खर्ब रकम सिफारिस गरिएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आवका लागि प्रदेश र स्थानीय सरकारलाई वित्तीय समानीकरण अनुदान बापत कुल १ खर्ब ५१ अर्ब ७० करोड ७८ लाख रूपैयाँ उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरेको हो । आयोगको सिफारिस अनुसार ७ प्रदेश सरकारले ६१ अर्ब ५० लाख ३२ हजार ७५३ रुपैयाँ र ७५३ वटा स्थानीय तहले ९० अर्ब २० करोड ४६ लाख रुपैयाँ पाउने छन् ।

चालु आर्थिक वर्ष २०८२/०८३ मा यो अनुदान कुल १ खर्ब ४९ अर्ब ६२ करोड ८० लाख रुपैयाँ रहेकोमा आगामी वर्षका लागि सामान्य वृद्धि भएको छ । चालु आवमा प्रदेशलाई ६० अर्ब ६६ करोड र स्थानीय तहलाई ८८ अर्ब ९६ करोड ८० लाख विनियोजन भएको थियो ।

वित्तीय समानीकरण अनुदान निःसर्त प्रकृतिको भएकाले प्रदेश र स्थानीय सरकारले प्राप्त रकम आफ्नो प्राथमिकता र बजेट योजनाअनुसार स्वतन्त्र रूपमा खर्च गर्न पाउनेछन् । यस अनुदानको मूल उद्देश्य तल्ला सरकारको खर्च आवश्यकता र राजस्व उठाउने क्षमताबीचको खाडल कम गरी वित्तीय सन्तुलन कायम गर्नु हो ।

# कर छली विरुद्धको अन्तर्राष्ट्रिय लडाइँमा नेपाल पनि

सौर्य समाचार

काठमाडौँ । नेपाल कर छली विरुद्धको अन्तर्राष्ट्रिय लडाइँमा सहभागी भएको छ । पारदर्शिता र कर प्रयोजनका लागि सूचना आदानप्रदानसम्बन्धी काम गर्ने संस्था ग्लोबल फोरम अन ट्रान्सपरेन्सी एन्ड एक्सचेन्ज अफ इन्फरमेसन फर ट्याक्स पर्पजेस (ओईसीडी) को सदस्य बनेको हो । नेपाल ओइसिडी ग्लोबल फोरमको १७३औँ सदस्य र २४औँ एसियाली सदस्यका रूपमा आवद्ध भएको हो ।

ग्लोबल फोरमका सदस्यहरूमा सबै जी-२० देशहरू, सबै ओइसिडी सदस्यहरू, सबै अन्तर्राष्ट्रिय वित्तीय केन्द्रहरू र ठुलो संख्यामा विकासशील देशहरू समावेश छन् । अन्य सदस्यहरू जस्तै नेपालले पनि समान हैसियतमा सहभागिता जनाउनेछ ।

ग्लोबल फोरम कर पारदर्शितासम्बन्धी अन्तराष्ट्रिय मापदण्डहरू विश्वभर कार्यान्वयन भएको सुनिश्चित गर्ने विश्वको अग्रणी निकाय हो । नेपालमा बहुराष्ट्रिय कम्पनी र विदेशी लगानीको करप्रणालीबारे विवाद भएपछि अर्थमन्त्री रामेश्वर खनालले ग्लोबल फोरमको सदस्यताका लागि प्रक्रिया अगाडि बढाएका थिए । २०८२ फागुन १२ मा बसेको मन्त्रिपरिषद् बैठकले सदस्यता लिनका लागि स्वीकृति प्रदान गरेको थियो । सदस्यता प्राप्तिसँगै नेपालको कर प्रणालीलाई विश्व मञ्चमा लैजान बाटो खुलेको छ ।

नयाँ सदस्यका रूपमा नेपालले अब अनुरोधमा सूचना



आदानप्रदान र साझा रिपोर्टिङ मापदण्डअन्तर्गत सूचनाको स्वचालित आदानप्रदानसम्बन्धी मापदण्डहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न पियर रिभ्यू प्रक्रियामा भाग लिने छ ।

ग्लोबल फोरमका अध्यक्ष गेल पेराउडले नेपाललाई ग्लोबल फोरमको सबैभन्दा नयाँ सदस्यको रूपमा स्वागत गर्न पाउँदा खुसी लागेको बताए । उनले भने, 'नेपालको यो निर्णयले कर छलीविरुद्ध मिलेर काम गर्ने विश्वव्यापी क्षेत्राधिकारहरूको बढ्दो दृढ संकल्पलाई झल्काउँछ । यसको सदस्यताले हाम्रो विश्वव्यापी समुदायलाई अझ सुदृढ बनाउँछ र कर मामिलाहरूमा अन्तर्राष्ट्रिय सहयोगलाई अगाडि बढाउने हाम्रो सामूहिक प्रयासलाई बलियो बनाउँछ ।'

ग्लोबल फोरममा आवद्ध हुन पाउँदा खुसी व्यक्त गर्दै अर्थमन्त्री रामेश्वर खनालले भने, 'सदस्यता हाम्रो कर प्रशासनलाई सुदृढ पार्ने, सुशासन प्रवर्द्धन गर्ने र आन्तरिक स्रोत परिचालन गर्ने हाम्रा प्रयासहरूलाई सहयोग पुऱ्याउन एउटा महत्त्वपूर्ण कदम हो ।' खनालले ग्लोबल फोरमको विशेषज्ञता र क्षमता अभिवृद्धि पहलहरूबाट लाभ उठाउन तत्पर रहेको बताए । कर छली नियन्त्रण गर्न र विश्वव्यापी कर समुदायमा अझ प्रभावकारी रूपमा समाहित हुन यो कदमले सहयोग पुग्ने खनालको भनाइ छ ।

सदस्यता प्राप्तिसँगै नेपाल करप्रणालीसम्बन्धी सूचना आदानप्रदानका विश्वव्यापी मापदण्डहरू कार्यान्वयन गर्ने प्रमुख अन्तर्राष्ट्रिय निकायसँग जोडिएको आन्तरिक राजस्व विभागका महानिर्देशक मदन दाहालले जानकारी दिए । उनकाअनुसार ग्लोबल फोरमसँगको अवद्धताले वैदेशिक कर छलीको निगरानीका साथै सम्भावित सम्पति शुद्धीकरणका प्रयासहरूलगायत अवैध वित्तीय प्रवाह विरुद्धको विश्वव्यापिस सहयोगलाई सुदृढ गर्ने छ ।

ग्लोबल फोरमसँगको आवद्धतापछि नेपालले वित्तीय पारदर्शिताका अन्तराष्ट्रिय मापदण्डहरू पालना गर्दछ भन्ने सन्देश विदेशी लगानीकर्ताहरूलाई प्रवाह गर्ने दाहालले बताए ।

दाहालले भने, 'यो सदस्यता हाम्रो कर प्रशासनलाई सुदृढी बनाउन, सुशासन प्रवर्धन गर्न र आन्तरिक स्रोत परिचालन गर्ने हाम्रा प्रयासहरूलाई सहयोग पुऱ्याउन एक महत्त्वपूर्ण कदम हो । हामीले ग्लोबल फोरमको विशेषज्ञता र क्षमता अभिवृद्धिसम्बन्धी पहलहरूबाट लाभान्वित हुने अपेक्षा गरेका छौँ ।'

# बाग्मतीको राजस्व संकलन लक्ष्यको ३६ प्रतिशत मात्रै

सौर्य समाचार

काठमाडौँ । बाग्मती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/०८३ को पहिलो ८ महिनामा वार्षिक लक्ष्यको ३६.२९ प्रतिशत अर्थात् २४ अर्ब ४९ करोड २ लाख ८७ हजार राजस्व संकलन गरेको छ । घरजग्गा रजिस्ट्रेसन (मालपोत) र सवारीसाधन कर प्रदेश सरकारको राजस्व संकलनको मुख्य आयस्रोत मानिन्छ । आर्थिक वर्ष २०८२/०८३ को साउनदेखि फागुनसम्ममा ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार राजस्व संकलन गर्ने तोकिएको लक्ष्यको तुलनामा ४५.१३ प्रतिशत अर्थात् १३ अर्ब ९३ करोड ९७ लाख १५ हजार राजस्व संकलन भएको बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा योजना विकास मन्त्रालयका अधिकृत सुरज पौडेलले जानकारी दिए । उनका अनुसार आव २०८२/०८३ मा घरजग्गा रजिस्ट्रेसन शीर्षकबाट ७ अर्ब ७० करोड रुपैयाँ संकलन गर्ने लक्ष्य रहेकामा चालु आर्थिक वर्षको पहिलो ८ महिनाको अवधिमा २ अर्ब ५६ करोड २ लाख ४ हजार राजस्व संकलन भएको छ । यसैगरी, प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट पर्मिट, सवारीचालक अनुमतिपत्र वितरण तथा नवीकरणअन्तर्गत सवारी कर शीर्षकबाट आव २०८२/०८३ मा ८ अर्ब २५ करोड रुपैयाँ लक्ष्य तोकिएकोमा ४ अर्ब ४४ करोड ९३ लाख ४० हजार रुपैयाँ राजस्व मात्र संकलन गरेको छ ।

प्रदेश सरकारले बाँडफाँडबाट प्राप्त हुने मूल्य अभिवृद्धि करबापत ८ अर्ब ७९ करोड ८६ लाख ६७ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएकामा सो अवधिसम्ममा ५ अर्ब ४ करोड ६५ लाख १७ हजार संकलन भएको छ भने अन्तःशुल्क करबापत ४ अर्ब ३ करोड ७९ लाख ९ हजार प्राप्त हुने अनुमान गरिएकामा १ अर्ब ७५ करोड ३ लाख ३६ हजार रुपैयाँ प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी, संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत १४ अर्ब ८१ करोड ९३ लाख प्राप्त हुने अनुमान गरिएकामा ८ महिनाको अवधिमा त्यसको ५३.६० प्रतिशत अर्थात् ७ अर्ब ९४ करोड २७ लाख ५६ हजार रुपैयाँ प्राप्त भएको अधिकृत पौडेलले बताए । यस्तै, चालु आव २०८२/०८३ मा प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजस्वबाट ४ अर्ब ७७ करोड ७४ लाख २५ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएकामा ८ महिनाको अवधिमा लक्ष्यको ५२.३५ प्रतिशत अर्थात् २ अर्ब ५० करोड १२ लाख १८ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ । आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिद-बिक्री कारोबारमा आएको कमी, गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा प्रदेश सरकारको संकलन गर्ने विभिन्न निकायमा पुगेको क्षति लगायतका कारणले अपेक्षाकृत संकलन हुन नसकेको उनको भनाइ छ ।

# सरकारसँग हाल १ लाख ३७ हजार मेट्रिक टन मल मौज्दात



सौर्य समाचार

काठमाडौँ । देशभरका सरकारी गोदामहरूमा हाल १ लाख ३७ हजार ६६३.७ मेट्रिक टन मल मौज्दात रहेको छ । मध्यपूर्वमा जारी युद्धको कारण मल अभाव हुने चिन्ता भइरहँदा कृषि तथा पशुपक्षी विकास मन्त्रालयले चालु आर्थिक वर्ष २०८२/०८३ को पछिल्लो ८ महिनामा अनुदानित रासायनिक मलको आपूर्ति, बिक्री तथा मौज्दातसम्बन्धी अद्यावधिक विवरण सार्वजनिक गरेको हो । मन्त्रालयका अनुसार गोदाममा हाल करिब १ लाख ३७ हजार ६६३.७ मेट्रिक टन मल मौज्दात रहेको छ। यसमध्ये युरिया, डिएपी र पोटास क्रमशः विभिन्न परिमाणमा कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेसनका गोदाममा सुरक्षित रहेको जनाइएको छ। मौज्दात मलमा युरियाको हिस्सा सबैभन्दा बढी रहेको छ ।

मौज्दात रहेको मलमध्ये सबैभन्दा बढी हिस्सा युरियाको रहेको छ । तथ्यांकअनुसार देशभर ८५ हजार ७८२ मेट्रिक टन युरिया मौज्दात छ । त्यसैगरी, ३५ हजार ५६५ मेट्रिक टन डिएपी र १६ हजार २३५ मेट्रिक टन पोटास गोदामहरूमा सुरक्षित छ ।

मन्त्रालयका अनुसार १ साउनदेखि ३० फागुनसम्म देशभर कुल ४ लाख ९५ हजार ९०७ मेट्रिक टन रासायनिक मल आपूर्ति भएको छ । सरकारले चालू आर्थिक वर्षका लागि कुल ६ लाख मेट्रिक टन मल आपूर्ति गर्ने लक्ष्य राखेकोमा फागुन मसान्तसम्म लक्ष्यको करिब ८२ प्रतिशत आपूर्ति सुनिश्चित भइसकेको देखिन्छ । सरकारले यस वर्ष रासायनिक मल अनुदानका लागि २८ अर्ब ८२ करोड १४ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

मन्त्रालयको तथ्यांकअनुसार आपूर्ति भएको कुल मलमध्ये युरियाको हिस्सा सबैभन्दा बढी छ । ८ महिनाको अवधिमा २ लाख ९९ हजार ४८ मेट्रिक टन युरिया आपूर्ति भएको छ । त्यसैगरी, १ लाख ७५ हजार ३३४ मेट्रिक टन डिएपी र २१ हजार ५२३ मेट्रिक टन पोटास आपूर्ति भएको छ । कृषि सामग्री कम्पनी लिमिटेडमार्फत कुल ३ लाख ६७ हजार ४७९ मेट्रिक टन मल आपूर्ति भएको छ । साल्ट ट्रेडिङ कर्पोरेसनले १ लाख २८ हजार ४२७ मेट्रिक टन मल आपूर्ति गरेको छ ।

मन्त्रालयका अनुसार कुल १६ हजार ३८२ मेट्रिक टन रासायनिक मल मार्गस्थ अवस्थामा रहेको छ । यो परिमाणको मल हाल ढुवानीको क्रममा रहेको र छिट्टै सरकारी गोदामहरूमा आइपुग्ने मन्त्रालयले जनाएको छ । मार्गस्थ अवस्थामा रहेको मलमध्ये सबैभन्दा ठुलो हिस्सा युरियाको रहेको छ । युरिया ९ हजार ५२१ मेट्रिक टन, डिएपी ३ हजार १५९ मेट्रिक टन, पोटासः ३ हजार ७०१ मेट्रिक टन बाटोमै रहेको मन्त्रालयले जनाएको छ । बाटोमा रहेको सबै मल कृषि सामग्री कम्पनी लिमिटेडको मात्र रहेको छ ।

नेपालले ब्रुनाई, चीन, इन्डोनेसिया, कतार, रुस, भारतलगायतका मुलुकबाट रासायनिक मल आयात गर्दै आएको छ । सामान्य अवस्थामा समेत किसानले मल नपाउने अवस्था रहेकोमा मध्यपूर्व युद्धले झन् प्रभावित हुने विज्ञहरू बताउँछन् ।

# खेर गइरहेका पातपतिंगरबाट जैविक मल

सौर्य समाचार

नवलपरासी । नवलपुरको मध्यविन्दु साझेदारी वन उपभोक्ता समूहले जैविक मल उत्पादन सुरु गरेको छ । वन क्षेत्रमा उपयोगविहीन रूपमा खेर गइरहेका झाडी तथा पातपतिंगरलाई व्यवस्थापन गर्दै त्यसबाट जैविक मल उत्पादन थालिएको हो । गण्डकी प्रदेशकै एक मात्र साझेदारी वनका रूपमा परिचित उक्त वन कावासोती नगरपालिका-१४ मा अवस्थित रहेको छ ।

वनमा रहेका झाडी, पातपतिंगर तथा अन्य जैविक पदार्थ संकलन गरी त्यसको प्रयोगबाट मल उत्पादन गरिएको मध्यविन्दु साझेदारी वन उपभोक्ता समूहका अध्यक्ष भगवान खनालले जानकारी दिए । उनका अनुसार यस अभियानले वन व्यवस्थापनलाई व्यवस्थित बनाउने मात्र नभई डढेलो नियन्त्रणमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । विशेषगरी गर्मीयाममा हुने डढेलो न्यूनीकरणमा यस्तो कार्यक्रम प्रभावकारी हुने विश्वास गरिएको छ ।

अध्यक्ष खनालले भने, 'वनमा खेरगइरहेका झाडीको सदुपयोग हुने, डढेलोको जोखिम घट्ने र कृषिमा रासायनिक मलको प्रयोगलाई प्रतिस्थापन गर्दै उत्पादन वृद्धि गर्न सहयोग पुग्ने विश्वासका साथ यो योजना सुरु गरिएको हो ।' अध्यक्ष खनालका अनुसार यसले वातावरण संरक्षणसँगै दिगो कृषिमा समेत टेवा पुऱ्याउने । साथै, स्थानीय किसानलाई सस्तो तथा गुणस्तरीय मल उपलब्ध गराउने लक्ष्य पनि राखिएको छ । रासायनिक मलको बढ्दो प्रयोगले माटोको गुणस्तर ह्रास हुँदै गएको अवस्थामा वनले उत्पादन गरेको जैविक मलले दिगो रूपमा कृषि उत्पादन वृद्धिका लागि सहयोग पुग्ने विश्वास रहेको अध्यक्ष खनालले बताए ।

वनबाट संकलन गरिएका झाडीलाई मसिनो गरी काटी त्यसमा गाईभैँसीको गोबर, खरानी, रातो माटोलगायत



आवश्यक तत्त्व मिसाएर प्राविधिकको निगरानीमा मल तयार पारिने गरिएको छ । मध्यविन्दु जैविक मल उत्पादन कार्यक्रमका संयोजक धनेश्वर कुँवरले मल उत्पादन प्रक्रिया वैज्ञानिक ढंगले अगाडि बढाइएको बताए । उनका अनुसार मलको गुणस्तर कायम राख्न नियमित परीक्षण र अनुगमनसमेत गरिनेछ ।

साझेदारी वनको स्वरोजगार कार्यक्रमअन्तर्गत आवश्यक जनशक्ति वन उपभोक्ताबाटै व्यवस्थापन गरिएको छ । यस कार्यक्रममार्फत झाडी संकलनदेखि मल प्रशोधन र तयारीसम्मको सम्पूर्ण प्रक्रियामा स्थानीय उपभोक्तालाई रोजगारी उपलब्ध गराइएको संयोजक कुँवरले बताए । यसले ग्रामीण क्षेत्रमा आयआर्जनको अवसर बढाउने अपेक्षा गरिएको छ । हाल पहिलो चरणमा मल उत्पादन प्रक्रिया जारी रहेको छ । करिब १०० दिनमा मल तयार हुने र त्यसपछि लागत विश्लेषण गरी उचित मूल्य निर्धारण गरेर बिक्रीवितरण गरिने योजना रहेको संयोजक कुँवरले बताए । आगामी दिनमा उत्पादन विस्तार गरी अन्य स्थानमा पनि आपूर्ति गर्ने तयारी गरिएको छ ।

यस पहलले वन संरक्षण, वातावरणीय सन्तुलन, रोजगारी सृजना तथा कृषि उत्पादन वृद्धिमा बहुआयामिक लाभ पुऱ्याउने विश्वास गरिएको मध्यविन्दु साझेदारी वनका अध्यक्ष खनालले बताए । सरकारी तह तथा सरोकारवाला निकायले समेत यस्ता कार्यक्रमलाई प्रोत्साहन गरेमा दिगो विकासमा महत्त्वपूर्ण योगदान पुग्ने अध्यक्ष खनालले बताए ।

# कुखुराका चल्लाको लागत मूल्य उठ्दा उद्योगी खुसी

सौर्य समाचार

चितवन । ह्याचरी किसान २ वर्षपछि ह्याचरीबाट उत्पादित कुखुराका चल्लाको लागत मूल्य पाएका छन् । नेपाल ह्याचरी उद्योग संघका केन्द्रीय अध्या राजेन्द्र लामिछानेका अनुसार हाल ब्रोइलर चल्ला प्रतिवटा ९० र लेयर्सको १६० रुपेयाँमा बिक्री हुन थालेका हुन् । ब्रोइलरको लागत मूल्य ६५ र लेयर्सको १२० रुपैयाँ पर्न आउँछ । यसले २ वर्षभन्दा बढी समय लागत मूल्यभन्दा कममा चल्ला बेच्नुपर्दा समस्यामा परेका ह्याचरी उद्योगलाई राहत पुगेको उनले जानकारी दिए । ।

पुस महिनायता क्रमशः मूल्य बढ्दै गएको हो । त्यसअघि २५ रुपैयाँसम्ममा बोइलर चल्ला बेच्नुपर्ने बाध्यता रहेको थियो । मूल्य घटेपछि उद्योगले २ सातासम्म चल्ला उत्पादन नै रोकेका थिए । चितवनमा २५० भन्दा बढी ब्रोइलर चल्ला र ४ वटा लेयर्स चल्ला उत्पादन गर्ने ह्याचरी उद्योग बन्द भएका अध्यक्ष लामिछानेले बताए ।

उनले भने, 'मूल्य नपाएका कारण धेरै उद्योग बन्द भएका छन् । हाल १०० वटा ब्रोइलरका र १० वटा लेयर्सका ह्याचरी सञ्चालनमा छन् । १ हप्तामा ती उद्योगबाट लेयर्सका १ लाख र ब्रोइलरका ३० लाख हाराहारी चल्ला उत्पादन हुने गरेका छन् । बढी चल्ला उत्पादन हुँदा सातामा ब्रोइलरका ४२ लाखभन्दा बढी र लेयर्सका ३ लाख ५० हजार चल्ला उत्पादन हुने गरेका थिए ।' हाल उत्पादनमा कमी भएको र भारतीय नाकाबाट चल्ला आउन रोकिएपछि यहाँको उत्पादनले बजार पाएको लामिछाने बताए । उनका अनुसार भारतमा चल्लाको मूल्य बढी छ भने सीमानाकामा कडाइ गरिएको छ ।

यसअघि कुखुरापालन गर्ने धेरै साना किसान विस्थापित भइसकेका छन् । लेयर्स कुखुरा ठूलो संख्यामा पालिँदै आएकामा पछिल्लो समय एकै किसानले सात लाखसम्म ब्रोइलर कुखुरा पाल्न थालेपछि बजारको माग धान्न सहज भएको अध्यक्ष लामिछानेको भनाइ छ । उनले भने, 'सरकारले सीमा क्षेत्रबाट अवैध पोल्ट्रीजन्य पदार्थ रोकेमा यहाँका किसानले राहत पाउँछन् । यसमा हामीले लामो समयदेखि दबाब दिँदै आएका छौँ ।'

### टंकु मल्लको अधुरो फुटबल कथा

# गौरवपूर्ण इतिहास, गुमनाम वर्तमान





■ विशाल बस्नेत

बर्दिवास । महोत्तरीको बदि{वासमा बस्ने टंकु मल्ललाई पहिलोपटक देख्दा उनी सामान्य फुटबल समर्थक जस्ता मात्र देखिन्छन् । होचो कद, साधारण वेषभूषा र प्रायः प्रसिद्ध क्लब चेल्सीको जर्सी लगाउने उनको शैलीले उनलाई कुनै समयका खेलाडी हुन् भन्ने अनुमान लगाउन गाह्रो हुन्छ । तर उनको जीवनकथा सामान्य होइन । उनी त्यस्ता खेलाडी हुन्, जसलाई देशले एक समय चिन्यो, तर आफ्नै ठाउँले बिस्तारै बिर्सँदै गयो । टंकुको कोठा कुनै संग्रहालयभन्दा कम छैन । पर्खालभरि टाँसिएका प्रमाणपत्र, पुराना कागजात र धमिला तस्बिरहरूले उनको विगतको गौरवपूर्ण खेलजीवनको साक्षी दिन्छन् । ती कागजहरूले देखाउने इतिहास केवल उपलब्धिको सूची मात्र होइन, संघर्ष, समर्पण र अधुरा सपनाको कथा पनि हो । ती सम्झनाहरूमा मैदानको हुटिङ, दर्शकको उत्साह, जितको गर्व र हारको पीडा सबै मिसिएका छन् ।

एक समय थियो, जब टंकु नाम जनकपुर अञ्चलभरि चर्चित थियो । विशेषगरी अन्डर-१६ राष्ट्रिय प्रतियोगितामा जनकपुरबाट प्रतिनिधित्व गर्दै उनले उत्कृष्ट प्रदर्शन गरेका थिए । करिब ४५ वर्षअघि उनी अन्डर-१६ टोलीमा छनोट भएपछि काठमाडौंमा १ महिना तालिम लिएका थिए । त्यतिबेला प्रशिक्षक दीपक शाहीको मार्गदर्शनमा उनले आफ्नो भविष्य उज्ज्वल हुने आशा गरेका थिए ।

टंकु भन्छन्, 'जीवनलाई खेलबाटै सुन्दर बनाउने ठुलो चाहना थियो, तर त्यो पूरा हुन सकेन । तर मैले आफ्नो लागि मात्र होइन, आफ्नो ठाउँको नामका लागि खेलेँ ।' उनका अनुसार, उनले जनकपुर अञ्चलको प्रतिष्ठा जोगाउन महत्त्वपूर्ण भूमिका खेलेका थिए ।

उनको कप्तानीमा जनकपुर अञ्चलको सिनियर टोलीले धेरै प्रतियोगितामा सफलता हासिल गरेको थियो । त्यस समय उनको खेल कौशल, नेतृत्व क्षमता र निरन्तरताले उनलाई देशभर परिचित बनाएको थियो । तर विडम्बना, त्यस्तो इतिहासको संरक्षण र सम्मान गर्ने कुनै औपचारिक संरचना भने बनेन ।

टंकुको खेलजीवनको अर्को विशेष पक्ष हो -उनको अनुभव । आफ्नो खेल जीवनमा २ हजारभन्दा बढी प्रतियोगितामा सहभागी भएको उनी बताउँछन् । तीमध्ये अधिकांशमा उनले टोलीको नेतृत्व गरेका थिए । बर्दिवासको यति क्लब त्यसबेला निकै चर्चित थियो र टंकु त्यस टोलीका प्रमुख खेलाडी तथा नेतृत्वकर्ता थिए । 'हाम्रो टोलीले करिब ८० प्रतिशत प्रतियोगितामा उत्कृष्ट नतिजा ल्याएको थियो,' उनी सम्झन्छन्, 'हामीले भारतका जयनगर, मुजफ्फरपुर, इनरुवाजस्ता ठाउँहरूमा पनि खेलेका थियौँ । भारत जाँदा नेपाली भएर खेल्यौँ, नेपालका विभिन्न ठाउँमा जाँदा जनकपुर टाइगरको रूपमा चिनिन्थ्यौँ ।' यो समय आफ्नो प्रदर्शनमा कहिल्यै कमी आउन नदिएको टंकु बताउँछन् ।

तर त्यो समय सजिलो थिएन । आर्थिक अभाव ठुलो चुनौती थियो । खेल सामग्री किन्न पनि संघर्ष गर्नुपर्थ्यो । 'बुट र जर्सी किन्नसमेत पैसा हुँदैनथ्यो,' टंकु भन्छन्, 'तर त्यस्तो अवस्थामा पनि हामीले खेललाई निरन्तरता दियौँ, अञ्चलको नाम राख्यौँ ।' यति क्लबको विकासमा दीपक हमालको ठुलो योगदान रहेको टंकु बताउँछन् । स्थानीय रूपमा प्रभावशाली व्यक्तिहरूको सहयोगले टोलीले विभिन्न प्रतियोगितामा भाग लिन सक्थ्यो । विशेषगरी चिरञ्जीवी हमालले आर्थिक सहयोग गरेर खेललाई अगाडि बढाउन मद्दत गरेको उनी सम्झन्छन् । ' उहाँले हाम्रो मर्म बुझ्नुभयो, त्यसैले हामीले धेरै अवसर पायौँ,' उनी भन्छन् ।

तर समयसँगै टोली बिस्तारै छिन्नभिन्न हुन थाल्यो । धेरै खेलाडी विदेशिए, केहीले पेसा परिवर्तन गरे । आर्थिक स्थायित्वको अभाव र खेलबाट जीविकोपार्जन गर्न नसक्ने अवस्थाले टोलीको सक्रियता घट्दै गयो । टंकुअनुसार, झन्डै ३० वर्षअघि नै उनीहरूको सक्रिय खेलजीवन समाप्त भएको थियो । भरत हमाल, कमल हमाल, विनोद हमाल, लालबहादुर भुजेल, रुद्र भुजेललगायत उनका सहयात्रीहरू - आज पनि बर्दिवासमै छन्, तर खेलजीवनबाट टाढा भइसकेका छन् । उनीहरू एकै टोलमा बस्छन् र कहिलेकाहीँ भेट हुँदा पुराना दिनहरू सम्झन्छन् । ती भेटघाटहरूमा खेलका कथा फेरि जीवित हुन्छ - जित, हार, प्रतिस्पर्धा र अधुरा सपना ।

त्यो समय नेपाली फुटबलका लागि पनि महत्त्वपूर्ण थियो । राष्ट्रिय टोलीमा स्थान बनाउनु ठुलो उपलब्धि मानिन्थ्यो । टंकु र उनका साथीहरूले पनि राष्ट्रिय टोलीमा पुग्न प्रयास गरेका थिए । हरि खडका राष्ट्रिय टोलीमा छनोट हुँदा टंकु, भरत हमाललगायत खेलाडीले कडा प्रतिस्पर्धा गरेका थिए । उनीहरूको प्रदर्शन कमजोर नभए पनि सानो अन्तरले अवसर गुमेको थियो । टंकु भन्छन्, 'खेलमा क्षमता मात्र होइन, निरन्तरता र सही समयमा लिइने निर्णय पनि महत्त्वपूर्ण हुन्छ । केही साना कमजोरीले हामीलाई ठुलो अवसरबाट वञ्चित बनायो ।'

व्यक्तिगत जीवनमा पनि टंकुले खेललाई नै प्राथमिकता दिए । उनले विवाह गरेनन् । 'जवानी खेल्दै बित्यो, पछि विवाह गर्ने समय नै भएन,' उनी भन्छन् । अहिले पनि उनी खेलप्रतिको आफ्नो लगाव कायम राखेका छन् । यदि अवसर पाए नयाँ पुस्तालाई आफ्नो अनुभव बाँड्न चाहने उनको इच्छा छ । आज टंकुको जीवन एउटा प्रश्नजस्तै बनेको छ - के समाजले यस्ता खेलाडीहरूको योगदानलाई केवल सम्झनामा सीमित राख्ने हो ? कुनै समय देशभर चिनिएका खेलाडी आज आफ्नै ठाउँमा गुमनाम हुनु नेपाली खेलकुद व्यवस्थापनको कमजोर पक्षको उदाहरण भएको सरोकारवालाहरूको भनाइ छ ।

बर्दिवास पनि समयसँगै बदलिएको छ । एक समय खेलकुदको ऊर्जा र सामूहिकता झल्किने ठाउँ अहिले अव्यवस्थित विस्तार र बदलिँदो जीवनशैलीका कारण अपरिचितजस्तो भएको छ । त्यही परिवर्तनसँगै टंकुजस्ता खेलाडीहरूको पहिचान पनि बिस्तारै ओझेलमा परेको स्थानीयको भनाइ छ । उनका माया गर्नेहरूको भनाइ सापटी लिने हो भने - टंकु केवल एक खेलाडी होइनन्, उनी एक युगका प्रतिनिधि हुन् । उनका कथा हारका होइनन्, संघर्ष र समर्पणका हुन् । उनका उपलब्धिहरू कागजमा सीमित भए पनि सम्झनामा अझै जीवित छन् । आज पनि बिहान-बेलुका साथीहरूसँग भेट हुँदा उनीहरू सोच्ने गर्छन्, 'यदि त्यो बेला अझै अलि सक्रिय भएको भए के हुन्थ्यो होला ?' सायद उनीहरूले राष्ट्रिय जर्सी लगाउने अवसर पाउँथे । तर त्यो सपना अधुरै रह्यो ।

तर अधुरा सपनाहरूले पनि इतिहास बनाउँछन् । टंकुको कथा त्यही इतिहासको हिस्सा हो - जुन इतिहासले भन्छ, प्रतिभा थियो, अवसर थियो, तर समय र व्यवस्थाले साथ दिएन । आममानिसको प्रश्न छ - के यस्तो कथा भविष्यमा पनि दोहोरिनेछ, वा समाजले यस्ता पात्रलाई सम्मानित स्थान दिनेछ ?

# सरकारप्रति असन्तुष्टि देखाएको आरोपमा फुटबलरमाथि कारबाही

■ सौर्य समाचार




काठमाडौं । इरानका चर्चित फुटबलर सरदार अजमौनलाई 'अविश्वास' को आरोपमा राष्ट्रिय टोलीबाट निकालिएको खबर सार्वजनिक भएको छ । इरानी सञ्चारमाध्यमहरूका अनुसार सरकारप्रति असन्तुष्टि देखाएको भन्दै उनलाई टोलीबाट हटाइएको हो, जसका कारण आगामी फिफा विश्वकपमा उनको सहभागिता अनिश्चित बनेको छ । इरानको राष्ट्रिय टोली (टिम मेल्ली) अहिले अन्तर्राष्ट्रिय परिस्थितिका कारणसमेत दबाबमा छ । अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गर्न लागेको जुन ११ देखि जुलाई १९ सम्मको विश्वकपअघि इरानको सहभागितामाथि नै प्रश्न उठिरहेको छ । यस्तो अवस्थामा टोलीका प्रमुख स्ट्राइकर अजमौनको अनुपस्थिति टोलीका लागि ठुलो धक्का हुन सक्छ । उनले २०१४ मा डेब्यू गरेदेखि हालसम्म ९१ अन्तर ष्ट्रिय खेलमा ५७ गोल गरेका छन् ।

हाल संयुक्त अरब इमिरेट्स (युएई) को दुबईस्थित क्लब शबाब अल-अह्लीबाट खेलिरहेका अजमौनले केही दिनअघि दुबईका शासक मोहम्मद बिन राशिद अल मक्तुमसँगको भेटको तस्बिर आफ्नो इन्स्टाग्राममा पोस्ट गरेका थिए । यही घटनाले इरानी अधिकारीहरूलाई असन्तुष्ट बनाएको बताइएको छ । इरानले हालै अमेरिका र इजरायलको हवाई आक्रमणपछि युएईमाथि रकेट र ड्रोन आक्रमण गरेको सन्दर्भमा उक्त पोस्टलाई संवेदनशील मानिएको हो । फार्स समाचार एजेन्सीले 'राष्ट्रिय टोलीभित्रको एक स्रोत'लाई उद्धृत गर्दै अजमौनलाई टोलीबाट निकालिएको जनाएको छ । पछि उनले उक्त तस्बिर हटाए पनि सरकारी टेलिभिजनमा उनको कडा आलोचना गरिएको थियो । फुटबल विश्लेषक मोहम्मद मिसाघीले उनको व्यवहारलाई ' अविश्वासपूर्ण' भन्दै आलोचना गरेका छन् ।

उनले भनेका छन्, 'यस्तो समयमा कस्तो व्यवहार उपयुक्त हुन्छ भन्ने सामान्य बुझाइ पनि नहुनु दुःखद् हो । यस्ता व्यक्तिहरू राष्ट्रिय टोलीको जर्सी लगाउन योग्य हुँदैनन्,' उनले थपे, 'हामीलाई यस्तो अपरिपक्व र बालिश व्यवहार सह्य छैन । राष्ट्रिय टोलीका खेलाडीहरूले राष्ट्रगान गर्वका साथ गाउन सक्नुपर्छ र देशको प्रतिनिधित्व गर्न योग्य हुनुपर्छ ।' यस विषयमा इरानको फुटबल महासंघले तत्काल कुनै प्रतिक्रिया दिएको छैन । ३१ वर्षीय अजमौन इरानका सबैभन्दा चर्चित फुटबलरमध्ये एक मानिन्छन् । उनले आफ्नो क्लब करियर प्रायः विदेशमै बिताएका छन्, जसमा रुसको जेनिट सेन्ट पिटर्सबर्ग, जर्मनीको बायर लेभरकुजन र इटालीको रोमाजस्ता क्लब समावेश छन् । उनले सन् २०१८ र २०२२ को विश्वकपमा पनि इरानको प्रतिनिधित्व गरेका थिए ।

यसैबीच, नोवाद न्युज च्यानलको एक अपुष्ट रिपोर्टले अजमौनसहित युएईमै रहेका अर्का राष्ट्रिय खेलाडी मेहदी घायदी र पूर्वअन्तर्राष्ट्रिय खेलाडी सोरोउश रफिएईको सम्पत्ति जफत गर्ने आदेश जारी गरिएको दाबी गरेको छ । यता, इरानी महिला राष्ट्रिय टोली पनि विवादमा तानिएको छ । अस्ट्रेलियाबाट फर्किंदा टोलीका केही सदस्यहरूले शरण मागेका थिए, किनकि उनीहरूलाई राष्ट्रगान नगाएको भन्दै 'युद्धकालीन देशद्रोही' भनिएको थियो । यद्यपि, तीमध्ये केही खेलाडी पछि इरान फर्किएका छन् । इरानको पुरुष टोलीले विश्वकप तयारीका लागि मार्च २७ मा नाइजेरिया र त्यसको ४ दिनपछि कोस्टारिकासँग टर्कीको अन्ताल्यामा मैत्रीपूर्ण खेल खेल्ने तालिका रहेको छ ।

### प्यालेस्टाइनको उजुरीपछि इजरायल फुटबल संघलाई जरिमाना

प्यालेस्टाइन फुटबल संघ (पिएफए)को उजुरीपछि विश्व फुटबल महासंघ (फिफा)ले इजरायल फुटबल संघमाथि कारवाही गरेको छ । फिफाले इजरायली फुटबल संघलाई १ लाख ४१ हजार ७०० पाउन्ड जरिमाना तिराउने निर्णय गरेको हो । पिएफएले सन् २०२४ मे महिनामा भएको फिफाको ७४औँ साधारणसभामा इजरायलविरुद्ध भेदभाव र जातीय दुर्व्यवहार गरेको आरोप लगाउँदै उजुरी दर्ता गराएको थियो ।

सोही उजुरीमाथि गरिएको छानबिनपछि इजरायली फुटबल संघले फिफा अनुशासन संहिताको धारा १३ र १५ उल्लंघन गरेको पुष्टि भएको फिफाले जनाएको छ । फिफाले जरिमानासँगै इजरायली फुटबल संघलाई भविष्यमा यस्ता गतिविधि दोहोरिन नदिन कडा चेतावनी दिएको छ । साथै, आगामी तीन घरेलु खेलमा 'फुटबलले विश्वलाई एकताबद्ध गर्छ, भेदभावलाई निषेध गर्छ' भन्ने सन्देशसहितका ब्यानर प्रदर्शन गर्न निर्देशन दिएको छ । यसका अतिरिक्त, भेदभाव नियन्त्रण गर्न विशेष कार्यक्रम सञ्चालन गर्न पनि इजरायली फुटबल संघलाई भनिएको छ ।

## उसु टोली चीन जाँदै

■ सौर्य समाचार

काठमाडौं । १०औं विश्व जुनियर उसु च्याम्पियनसिपमा सहभागी हुन ६ खेलाडीसहित १० सदस्यीय नेपाली टोली आज जाँदै छ । ९ देखि १७ चैतसम्म हुने प्रतियोगितामा रश्मि तामाङ, गिरिस पौडेल, ल्हाक्पा डोल्मा लामा, सारा तामाङ, सम्राट थापा र छिरिङ शेर्पाले नेपालको चुनौती प्रस्तुत गर्नेछन् । प्रतियोगिता सेनेगलमा हुने डकार युथ ओलम्पिकको छनोटका रूपमा समेत रहेको छ ।

प्रशिक्षकमा लानम लामा र जंगबहादुर तामाङ तथा निर्णायकमा मन्जुर महर्जन र गोविन्दबहादुर शाही रहेका छन् ।

टोलीलाई सफलताको शुभकामना दिँदै राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव रामचरित्र मेहता र राखेप कार्यकारी समितिका सदस्य कमलबहादुर भट्टराईले बिहीबार एक कार्यक्रमबीच बिदाइ गरे ।

## लुम्बिनी अन्तर्राष्ट्रिय 'पिस म्याराथन' चौथो संस्करण हुँदै



■ सौर्य समाचार

काठमाडौं । नेपाल ओलम्पिक कमिटी (एनओसी)को आयोजनामा चौथो लुम्बिनी अन्तर्राष्ट्रिय 'पिस म्याराथन' हुने भएको छ । खेलकुदमार्फत शान्ति, एकता र दिगो विकास प्रवर्द्धन गर्ने उद्देश्यले विश्वसम्पदा सूचीमा सूचीकृत लुम्बिनीमा आजदेखि उक्त कार्यक्रम गर्न लागिएको एनओसीका उपाध्यक्ष तथा लुम्बिनी अन्तर्राष्ट्रिय पिस म्याराथनका संयोजक अशोकरत्न बज्राचार्यले जानकारी दिए । प्रत्येक वर्ष अप्रिल ६ मा विश्वभर मनाइने विकास र शान्तिका लागि अन्तर्राष्ट्रिय खेलकुद दिवसबाट लुम्बिनी पिस म्याराथन प्रेरित रहेको उनले बताए ।

एनओसीले सन् २०२२ देखि म्याराथन गर्दै आएको हो । म्याराथनले उत्कृष्ट खेलाडी, धावक, युवा, आध्यात्मिक व्यक्तित्व तथा विश्वभरका शान्ति अभियन्तालाई एकैठाउँमा ल्याई खेल पर्यटनलाई प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ । यसपालि पुरुष म्याराथन, महिला हाफ म्याराथन, खुल्ला ५ किमी दौड (पुरुष/महिला) र ५ किमी स्कुल ब्वाइज/गर्ल्स तथा सोही दुरीमा भेट्रान पुरुष गरी ५ विधामा प्रतिस्पर्धा हुनेछ । यसैगरी ३ किमी खुल्ला पिस वाकाथनको आयोजना पनि गरिनेछ । यी सबैमा गरी १ हजार २०० जनाले सहभागिता जनाउने संयोजक बज्राचार्यले जानकारी दिए ।

चौथो संस्करणको कुल पुरस्कार राशि १७ लाख ६९ हजार रुपैयाँ रहेको छ । पुरुष म्याराथनका विजेताले ३ लाख ५० हजार, दोस्रो हुनेले २ लाख ५० हजार र तेस्रो हुनेले १ लाख ५० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । यसैगरी म्याराथनमा शीर्ष १० स्थानमा रहने धावकलाई क्रमशः १ लाख, ८० हजार, ६० हजार, ४० हजार, २० हजार, १० हजार र ५ हजार रुपैयाँ प्रदान गरिनेछ ।

महिला हाफ म्याराथनमा विजेताले १ लाख ५० हजार, उपवजेताले १ लाख, तेस्रो हुनेले ८० हजार, चौथो हुनेले ५० हजार र पाँचौँ स्थान प्राप्त गर्नेले ३० हजार रुपैयाँ पुरस्कार पाउनेछन् । अन्य विधामा पनि नगद पुरस्कारको व्यवस्था गरिएको छ । गत संस्करणमा पुरुष म्याराथनमा अनिश थापामगर र महिला हाफ म्याराथनमा सन्तोषी श्रेष्ठ विजेता बनेका थिए ।

## भुवनलाई सूर्य नेपाल वेस्टर्न ओपनको उपाधि

■ सौर्य समाचार




पोखरा । सूर्य नेपाल वेस्टर्न ओपनको २६औँ संस्करणको उपाधि नेपाली गल्फर भुवन नगरकोटीले जितेका छन् । नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसनद्वारा आयोजित प्रतियोगितामा उनले समग्र ३-अन्डर २०४ स्कोर गर्दै सञ्जय लामालाई एक स्ट्रोकले पछि पार्दै लगातार तेस्रोपटक उपाधि जिते । शुक्रबार अन्तिम दिन इभन-पार ६९ खेलेका नगरकोटीको यो करियरको १४औँ उपाधि हो । जितसँगै उनले १ लाख ७० हजार रुपैयाँ पुरस्कार प्राप्त गरे । यसअघि पनि उनले यही सिजनमा सूर्य नेपाल एनपिजिए टुर च्याम्पियनसिप र काठमाडौँ ओपन जितिसकेका छन् ।

सञ्जय लामाले उत्कृष्ट प्रदर्शन गर्दै अन्तिम दिन ४-अन्डर ६५ खेले पनि समग्र २-अन्डर २०५ स्कोरसहित दोस्रो स्थानमै सीमित भए । उनले १ लाख २५ हजार रुपैयाँ प्राप्त गरे । एमेच्योरतर्फ राहुल विश्वकर्माले १-अन्डर २०६ स्कोरसहित तेस्रो स्थान हासिल गर्दै एमेच्योर उपाधि जिते । धरानका शुक्रबहादुर राई २-ओभर २०९ स्कोरसहित चौथो भए भने प्रोतर्फ तेस्रो स्थान प्राप्त गर्दै १ लाख रुपैयाँ जिते । जयराम श्रेष्ठ ७-ओभर २१४ सहित पाँचौँ स्थानमा रहे ।

प्रतियोगिताको अन्तिम चरण निकै प्रतिस्पर्धात्मक बनेको थियो । नगरकोटीले फ्रन्ट नाइन इभन-पारमा सकाएपछि ब्याक नाइनमा पनि स्थिर प्रदर्शन गर्दै अग्रता जोगाए । सञ्जय लामाले पछिल्ला होलहरूमा चुनौती दिए पनि १८औँ होलको बोगीले उनलाई उपाधिबाट टाढा राख्यो । प्रतियोगितामा २६ प्रोफेसनल र १६ एमेच्योर खेलाडी सहभागी थिए । कुल १० लाख ५० हजार रुपैयाँ पुरस्कार राशि रहेको यस प्रतियोगितामा शीर्ष १८ प्रोफेसनल खेलाडीले नगद पुरस्कार प्राप्त गरेका छन् । विजेताहरूलाई सूर्य नेपाल प्रालिका प्रतिनिधि तथा नेपाल गल्फ संघका पदाधिकारीहरूले पुरस्कार वितरण गरेका थिए ।

## म्याग्दीको रायखोर र कोटगाउँमा खेलमैदान निर्माण

■ सौर्य समाचार

म्याग्दी । रघुगंगा गाउँपालिका-६ रायखोर र कोटगाउँमा बास्केटबल 'कोर्ट' निर्माण भएको छ । रघुगंगा गाउँपालिकामा निर्माण भएको राहुघाट-मंगले-चिमखोला र अपर राहुघाट जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी तुँदी पावर कम्पनीको करिब ४० लाख रुपैयाँ सहयोगमा कोर्ट निर्माण भएको हो ।

आयोजनाले प्रभावित क्षेत्रको सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत उपलब्ध गराएको २५ लाख रुपैयाँबाट रायखोरमा पक्की कोर्ट निर्माण र कोटगाउँको खेलमैदान पुनर्निर्माण गरिएको रघुगंगा गाउँपालिका-६ का वडाध्यक्ष मनकुमार शेरपुञ्जाले जानकारी दिए । रायखोरको खेलमैदान ढलान गरेर पक्की बनाउन २५ लाख र कोटगाउँको खेलमैदान पुनर्निर्माणका लागि १४ लाख ३९ हजार रुपैयाँ सहयोग गरिएको थियो ।




सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी